लेखापरीक्षण प्रतिवेदन

त्रियुगा नगरपालिका, उदयपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

त्रियुगा नगरपालिका, उदयपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/94

श्रीमान् नगरप्रमुख ज्यू,

त्रियुगा नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, उदयपुर।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/94

मिति : २०८३-१-२९

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान नगर प्रमुखज्यू ,

त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

उदयपुर।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले तहाँ पालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष, लगायतकाकारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्ययतर्फ रु.२ अर्व ९७ करोड १८ लाख ४५ हजारको लेखापरीक्षणबाट रु. ६ करोड ६० लाख ४६ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. १ करोड ४४ लाख ४८ हजार फर्स्यौट भई थप रु.१लाख २८ हजार सहित असुल गर्नुपर्ने रु. १५ लाख १५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ७४ लाख ८५ हजार नियमित गर्नुपर्ने रु.३ करोड २५ लाख ३१ हजार र पेश्की बाँकी रु. १ लाख ९४ हजार गरी जम्मा रु. ५ करोड १७ लाख २६ हजार बाँकी रहेको छ।गत वर्षसम्म कायम बेरुजू रु.६३ करोड ९१ लाख ११ हजार मध्ये रु.१० करोड ६९ लाख ८३ हजार फर्स्यौट भई रु.९२ लाख ९३ हजार सम्परीक्षणबाट बेरुजु थप भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु. ५९ करोड ३१ लाख ४८ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त

व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
९५	१५३	६,६०,४६,५८९	०	७०	१,४४,४८,२२९	१,२८,४००	९५	८३	५,१७,२६,७६०	१५,१५,४१६	३,२५,३१,३३०	१,७४,८५,१०६	०	०	५,००,१६,४३६	१,९४,९०८

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
उदयपुर	६३,९१,११,६०९	०	१०६९८३७५३.४३	५३२१२७८५५.५७	९२९३६६६	५,१७,२६,७६०	५९३१४८२८१.५७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिकवर्ष	बेरुजुकोदफा	बेरुजुकोव्यहोरा	सम्परीक्षण भएकोरकम
प्रारम्भिकप्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण भएको				
१	२०८१/८२	७८	विपदव्यवस्थापनः	१०३७५९४
२	२०८१/८२	१०१	वितरणकोप्रमाण कागज -	४४२४९४
३	२०८१/८२	१०९.१	लक्ष्मीपुरमावि भवन निर्माण-	७०,६७६
४	२०८१/८२	९०	रोयल्टीरकम बढी भुक्तानी-	४९,३७९
५	२०८१/८२	१०३	मालसामानखरिद तथा उपयोग -	४९४३७७
६	२०८१/८२	८५	मर्मतसंम्भार कोष कट्टी-	३२३५०५
७	२०८१/८२	५९	भ्रमणखर्च -	५१,२५०

८	२०८१/८२	६७	बैठकसंख्या र भत्ता रकम -	२५,५००
९	२०८१/८२	५५	बढीतलबभत्ता –	२८०८००
१०	२०८१/८२	१०२	फरकदररेटबाट खरिद -	३०,३९६
११	२०८१/८२	४८	पेश्कीबाँकी -	६४९३२५
१२	२०८१/८२	४६	पेश्कीकायम नगरी खर्च -	१९९४४५
१३	२०८१/८२	१११	नगरक्षेत्रभित्रको सडक कालोपत्रे (प्याकेज-१)-	१०३४४९०२
१४	२०८१/८२	५६	दोहोरोसुविधा –	४,५००
१५	२०८१/८२	५२	दोहोरोसुविधा -	१८२६३६
१६	२०८१/८२	६५	जरिवानारकम असुल –	२,६५८
१७	२०८१/८२	१०५.३	गाइघाटबोक्से हुँदै रौता पोखरी सडक-	११६९९९
१८	२०८१/८२	८३	खर्चकोपुष्टि -	२७,०००
१९	२०८१/८२	१२०	कार्यपत्रकोरकम भुक्तानी -	११,५६०
२०	२०८१/८२	१२४	कर्मचारीलाईयातायात खर्च -	१८,०००
२१	२०८१/८२	९४	उपभोक्तासमितिको लागत सहभागिता-	४७,८३३
२२	२०८१/८२	८६	अनुगमनभत्ता-	३७,४००
			जम्मा	**१४४४८२२९**
विगतवर्षको सम्परीक्षण भएको				
२३	२०८०/८१	७३	सर्फेसड्रेसिङ्गको कार्य	१६४८४६
२४	२०८०/८१	७७	शीर्षकफरक पारी खर्च	२५९३०१०
२५	२०८०/८१	३४	वडाकार्यालयबाट खरिद	६२८४९३४
२६	२०८०/८१	१०७	मुल्यअभिवृद्धि कर	२१२३८१५
२७	२०८०/८१	१११	भुक्तानीदिन बाँकीको विवरण	१२००००
२८	२०८०/८१	४२	बोलपत्रदातासँगखरिद नगरेको	१६९९४७
२९	२०८०/८१	७४	बढीदर बिश्लेषण	६७५१६६
३०	२०८०/८१	५७	फरकखर्च शिर्षक	६३,०००
३१	२०८०/८१	२४	प्रोत्साहनभत्ता	१३२२१७७
३२	२०८०/८१	७०	पार्टीभुक्तानी	५२७३९४
३३	२०८०/८१	६१.७	टोलविकास संस्था गठन तथा संचालन	६३३६४९
३४	२०८०/८१	१०३	टुक्रापारी खरिद	१४१५५१३
३५	२०८०/८१	१३	ज्यालादारीकर्मचारी	९९४९८२४
३६	२०८०/८१	१०१	जग्गालिज	१०००००
३७	२०८०/८१	२५	कानूनिसल्लाहकार/प्रेस संयोजक	९४५९९३
३८	२०८०/८१	५९	करारकर्मचारी चाडपर्व खर्च	४३,६८९

३९	२०७९/८०	१४१	सफ्टवेयरखरिद	२८९१६६०
४०	२०७९/८०	७१.३	शाहीखोला प्रि स्ट्रेस पुल निर्माण	३५०००००
४१	२०७९/८०	३५	व्यक्तिगत/संस्थागतपेश्की	१४७८५४१३
४२	२०७९/८०	८०.३	विद्युतियशासन प्रणाली	४४३३१४
४३	२०७९/८०	१३४.१	मनोसामाजिकपरामर्शमा साझेदारी	२०९३५३२
४४	२०७९/८०	५८	फरकयोजनालाई भुक्तानी	१५००७२४
४५	२०७९/८०	५४	नाफामूलकसंस्थालाई अनुदान	१७३३९९०
४६	२०७९/८०	५६	तारजालीखरिद	३०१९०८
४७	२०७९/८०	५१.२	डि.पि.आरतयारी	५४,१६४
४८	२०७९/८०	५५	जस्ताखरिद	१२२५५९
४९	२०७९/८०	३०.१	कर्मचारीकल्याण कोष	१२०७२४०
५०	२०७८/७९	५६	सोफैखरिद	३२०५२३२
५१	२०७८/७९	३५	महँगीभत्ता	१६८०००
५२	२०७८/७९	६०	फोहोरमैला व्यवस्थापन	१७७९७५०
५३	२०७८/७९	१८	प्रस्तावितअंक भन्दा घटिका ठेक्का	१००००००
५४	२०७८/७९	१६	पेश्की	६०७५००
५५	२०७८/७९	४४	नमुनाविद्यालय	३००००००
५६	२०७८/७९	४८	कार्यसम्पन्नप्रतिवेदन	२५२००००
५७	२०७८/७९	१५	अनुदान	२५६१४७४
५८	२०७७/७८	५५	बोयरबोका खरिद	७६८९३७
५९	२०७७/७८	८१	ईन्धनकोलगबुक	६२४७३६
			जम्मा	६८८५३०९०
म्यानुअल पेश भई सम्परीक्षण भएको				
६०	२०७४/०७५	१३	पदाधिकारी सुविधा	१०७६०८
६१	२०७४/०७५	१३	बैठक भत्ता	१३२१७५
६२	२०७४/०७५	३१	दोहोरो लेखिएको	१६६००००
६३	२०७४/०७५	१६	कर्मचारी सुविधा	३५८२५५३.४३
६४	२०७४/०७५	२२.३		१५२८७७५३
६५	२०७४/०७५	३०	फरक शिर्षकको खर्च	१५०४८८४१
६६	२०७४/०७५	५०		१०००००
६७	२०७४/०७५	६१.१		१५००००
६८	२०७४/०७५	३७	गैरसरकारी संस्थाबाट काम	५७८४२
६९	०७५/०७६	१०	करकट्टी	१८८२५

७०	०७५/०७६	३४	बैठक भत्ता	६२९००
७१	०७५/०७६	३५	समिति बैठक भत्ता	२५५०
७२	०७५/०७६	७६	प्रमाण पेश	२०००००
७३	०७६/०७७	२८	भुक्तानी कर	८८८०
७४	०७६/०७७	३०	पदाधिकारी बैठक	१४४५०
७५	०७६/०७७	३३	पदाधिकारी सुविधा	४८०००
७६	०७६/०७७	३४	पदाधिकारी थप अनुगमन सुविधा	१९५५०
७७	०७६/०७७			१२७५०
७८	०७६/०७७	४४	कार्यसम्पन्न प्रतिवेदन पेश	१६७८३०
७९	०७६/०७७	४७	प्रमाण पेश	११५००००
८०	०७६/०७७	५२	शिक्षकको तलव भत्ता निकासा	१४८२३४
८१	०७६/०७७	५३	पाठ्यपुस्तक अनुदान रकम	१४९९२२
			जम्मा	**३८१३०६६३.४३**
			जम्मा	**१२१४३१९८२.४**

त्रियुगा नगरपालिका, उदयपुर

(८०१११४०३३००)

त्रियुगा नगरपालिका , उदयपुर

परिचय

१ **सम्परीक्षण तथा अधावधिक बेरुजु**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।यस पालिकामा १६वडा रहेको छ भने क्षेत्रफल ५४७.४३ वर्ग किलोमिटर तथा २०७८ सालको राष्ट्रिय जनगणना अनुसार यहाँको जनसंख्या १०२,७२५ रहेको छ भने यहाँ २५,६२३ घरधुरी रहेका छन् ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।२२ देखि २०८२।९।७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय र व्ययतर्फ गरी जम्मा रु २ अर्व ९७ करोड १८ लाख ४५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत वित्तीय विवरण** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरिएको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्छ।पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०)प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.३६५७३२१६०.२, स्थानीय तह प्रसासकीय भवन पुर्वाधार बिकासको रु. ४००००००००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ५४३७०६९ एवं घरेलु तथा साना उद्योग प्रवर्ध्दन केन्द्रको रु.२५०००००० सुत्रमा लेखाङ्कन गरेको देखिदैन । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ :-

आर्थिककारोबारको एकीकृत विवरण			
प्राप्ति		**भुक्तानी**	
विवरण	रकम	**विवरण**	रकम
सुरु मौज्दात		**चालुखर्च**	
१.संचित कोष	७३९८४०६०.७७	१.पालिका तर्फ	३६७९२०३७७.२८
२.धरौटी	२४०४८४७४	२.संघीय सशर्त	४८५१२२७४४.१२
३.कार्यसञ्चालन कोष	६११८३२४.५८	३.संघीय विशेष	
४. अन्य कोष	१३५६८१३५.७१	४.प्रदेश सशर्त	८५८९२४९
यस वर्षको आय		५.प्रदेश विशेष	
१.आन्तरिक आय		**पुँजीगतखर्च**	
आन्तरिक आय	६०९७५९७१.२६		
मालपोत रजिष्ट्रेशन शुल्क	५६९३४०६६.६६		
दहत्तर बहत्तरको विक्रिबाट प्राप्त आय	१३७९६३५५.२३		
२. वित्तीय हस्तान्तरण (संघ)		१.पालिका तर्फ	१५४९७६४१८
क) समानीकरण अनुदान	१८७६७४०००	२.संघीय सशर्त	३२६४३७२९४
ख) राजस्व बाँडफाँट	१८३१९५८३२.४६	३.संघीय विशेष	२१०५१७९०
ग) सशर्त अनुदान	१०११४१८७९१.२	४.संघीय समपुरक	१००००००
घ) समपुरक अनुदान	१००००००	५.प्रदेश सशर्त	२६९२११८०
ङ) विशेष अनुदान	३००००००	६.प्रदेश विशेष	
च) रोयल्टी		७.प्रदेश समपुरक	९४६२३००
छ) अन्य		**अन्तरसरकारी अख्तियारी (संघ)**	
३. वित्तीय हस्तान्तरण (प्रदेश)		क)सामाजिक सुरक्षा	३६५७३२१६०.२
क) समानीकरण अनुदान	१३४९८०००	ख)स्थानिय तह प्रसासकीय भवन पुर्वाधार बिकास	४००००००
ख) राजस्व बाँडफाँट	२०९१०६४२.६९	ग)विद्यालय शिक्षा क्षेत्र योजना	
ग) सशर्त अनुदान	४०६५६०००	घ)स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम	५४३७०६९
घ) समपुरक अनुदान	९९९००००	ङ) घरेलु तथा साना उद्योगप्रवर्द्धन केन्द्र	२५०००००
ङ) विशेष अनुदान		**अन्तरसरकारी अख्तियारी (प्रदेश)**	
च) रोयल्टी		ऋणफिर्ता(साँवा)	
छ) अन्य		ऋणकोब्याज भुक्तानी	
४. अन्तर सरकारी अख्तियारी (संघ)		धरौटीफिर्ता तथा सदर स्याहा	१०३४३९४५
क) सामाजिक सुरक्षा	३६५७३२१६०.२	कार्यसञ्चालनकोषबाट भएको खर्च	४२७८८४५६

ख) स्थानिय तह प्रसासकीय भवन पुर्वाधार बिकास	४०००००००	अन्यकोषबाट भएको खर्च	
ग) विद्यालय शिक्षा क्षेत्र योजना		गैरसरकारीसंस्थाबाट सञ्चालित योजना	
घ)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५४३७०६९	अन्यसहयोगमा सञ्चालित योजना	
ङ) घरेलु तथा साना उद्योगप्रवर्द्धन केन्द्र	२५०००००	अन्यखर्च भएमा	
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)		**अनुदानफिर्ता**	
६. ऋण/ वित्तीय व्यवस्था		**१.संघ तर्फ**	
७. धरौटी आय	२७७६९०३९	क)सशर्त अनुदान	१९९८५८७५३.०८
८. कार्यसञ्चालन कोष आय	५५८५५३०१.४५	ख)विशेष अनुदान	८९४८२१०
९. अन्य कोषको आय		ग)समपुरक अनुदान	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना		**२.प्रदेश तर्फ**	
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना		क)सशर्त अनुदान	५१४५५७१
१२. अन्य आय भएमा		ख)विशेष अनुदान	
		ग)समपुरक अनुदान	५२७७००
		अन्तिममौज्दात	
		१.संचित कोषको मौज्दात	८९७७५७४०.२४
		२. आन्तरिक राजश्व खाता	३५२९८२.२२
		३.धरौटी	४१४७३५६८
		४.कार्यसञ्चालनकोष	६१८०१६५.४१
		५.अन्यकोष	२४५१६५५१.७१
जम्मा	**२२५४०६२२२४.२६**	**जम्मा**	**२२५४०६२२२४.२६**

३ **बैङ्क हिसाब विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ।पालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिम यो वर्षको अन्त्यमा स्रेस्ता अनुसार रू. १६ करोड १९ लाख ४६ हजार २५ र बैङ्क अनुसार मौज्दात रू. १७ करोड ५२ लाख ६६ हजार २६१ मौज्दात देखियो। पालिकाले तोकिए बमोजिम बैङ्क हिसाव मिलान विवरण तयार गरी पेश गरेको छैन। पेश भएको विवरणमा बैंक र श्रेस्ताको अवस्था निम्न बमोजिम रहेको देखिन्छ :-

सि.न	खाताको नाम	श्रेस्ता अनुसार २०८२ असार मसान्तको बाँकी	बैंक स्टेटमेण्ट अनुसार २०८२असार मसान्तको बाँकी	फरक
१	आन्तरिक राजस्व खाता	०	०	
२	बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०	
३	आन्तरिक अनुदान खाता	०	०	
४	स्थानीय तह विभाज्य कोष खाता	०	४२६१४३६.७१	-४२६१४३६.७१
५	स्थानीय तह सञ्चित कोष खाता	८९७७५७४०.२४	९४१५८५३७.८७	-४३८२७९७.६३
६	स्थानीय तह धरौटी खाता	४१४७३५६८	४२८८६८४९	-१४१३२८१.
७	चालू खर्च खाता- विजोर वर्ष	०	०	०.
८	चालू खर्च खाता- जोर वर्ष	०	०	०.
९	पूँजिगत खर्च खाता- विजोर वर्ष	०	०	०.
१०	पुँजीगत खर्च खाता- जोर वर्ष	०	०	०.
११	विविध खर्च खाता	६१८०१६५.४१	६५५७६१६.४१	-३७७४५१.
१२	स्थानीय तह विविध कोष खाता	२४५१२२७४.२५	२७३९७५४३.७५	-२८८५२६९.५
१३	स्थानीय तह आकस्मिक कोष खाता	०	०	०.
१४	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	४२७७.४६	४२७७.४६	०.
जम्मा		१६१९४६०२५	१७५२६६२६१	१३३२०२३५.८४

बैकमा बढी मौज्दात भएको रू. १ करोड ३३ हजार २० हजार २३५.८४ मध्ये विभाज्यकोष खातामा रहेको रु.४२६१४३६.७१ बाहेक रु.९० लाख ५८ हजार ७९९.१३ सम्वन्धमा यथार्थ अवस्था यकिन गरी हिसाव मिलान गर्नुपर्दछ।

४ **नगद बाँकी** -

आन्तरिक राजस्व खाता (ग १.१) मा जम्मा गर्न बांकी नगद मौज्दात रकम रू.३४४३३७ वित्तिय प्रतिवेदनमा देखिएकोले उक्त रकम बैंक दाखिला गरी हिसाब मिलान गर्नुपर्दछ ।

प्रमाण पेश नगरेको	३,४४,३३७

५ **त्रैमासिक पुँजीगत खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ :-

क.स	बजेट उपशीर्षक	कुल खर्च		चौमासिक खर्च			
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ
१	पुँजिगत खर्चतर्फ	५४८८४८९८२	१३६९५६५६२	९९९८५०९६	११७१३६३०३	१९४७७१०२१	१२२६
	प्रतिशत	१००	१३.६९	९.९९	११.७१	१९.४७	१२.२

जस अनुसार यो वर्ष पुँजीगततर्फ रू. १ अर्व ४० करोड ४८ हजार ९८२ खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.१३करोड ६९ लाख ५६ हजार अर्थात १३.६९ प्रतिशत, दोस्रो त्रैमासिकमा रू. ९ करोड ९९ लाख ८५ हजार अर्थात ९.९९ प्रतिशत, तेस्रो त्रैमासिकमा रू.११ करोड ७१ लाख ३६ हजार अर्थात ११.७१ प्रतिशत र चौथो त्रैमासिकमा रू.१९ करोड ४७ लाख ७१ हजार अर्थात १९.४७ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रू.१२ करोड २६ लाख २१ हजार अर्थात १२.२६ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

६ **क्षेत्रगत बजेट र खर्चको स्थिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो।

क.सं.	क्षेत्र/ उपक्षेत्र	विनियोजन	खर्च	खर्च (%)	मौज्दात
१	आर्थिकविकास	५५८६८५४८	३९४७७५४८.७	२.८२	१६३९०९९.३
२	सामाजिकविकास	६०१७३०९००	५४४६०२०६५	३८.८९	५७१२८८३४.९
३	पूर्वाधारविकास	८८०४४७४००	४७३०९२८५२	३३.७८	४०७३५४५४८
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२५३४८०००	२१००११३९	१.५०	४३४६८६१
५	कार्यालयसञ्चालन तथा प्रशासनिक	३६३१८७१५२	३२२३०७७४८	२३.०१	४०८७९४०४.३
कुलजम्मा		१९२६५८२०००	१४००४८१३५२	१००.००	५२६१००६४८

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकास खर्चमा सबैभन्दा बढी ३८.८९ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी १.५० प्रतिशत खर्च रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्घकालिन लक्ष्य तय गरी स्वीकृत बजेट शिर्षकमा पर्ने गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

७ **त्रैमासिक खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

क्र= सं	बजेट शिर्षक उपशिर्षक	कुल खर्च	प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
१	आन्तरिक स्रोत	९६८३५०७६	१८८०७४७६	२५१५७५३०	१६१०१०५६	३६७६९०१४	२६०६१५३८
२	राजश्व बाँडफाँड	२३४७६७३२३	४५१३१३४१	५३००२८१०	६२७१४७०८	७३९१८४६४	३६२४४०९१
३	समानीकरण अनुदान	१६०६९६५६३	३४४७९६०७	३४१७८४७५	३८३६२१४०	५३६७६३४१.७	२४८६९३२७
४	सघीय शसर्त अनुदान	८११५६००३८	२०४५९८०६४.१	१६३९३५३३८.६	२०५३६६०८५	२३७६६०५५०.४	१७३९९४१९७
५	सघीय समपुरक	१००००००००	०	०	०	१००००००००	१००००००००
६	विशेस अनुदान	२१०५११७९०	९७५४३५७	०	०	११२९७४३३	११२९७४३३
कोशी प्रदेश							
७	राजश्व बाडफाड	१४५३७११७	०	२९३६०५०	१५७५८५३	१००२५२१४.८२	५८६५५२६
८	समानीकरण अनुदान	७७४६८४७	०	०	१३८०२४९	६३६६५९८	५०४१२८३
९	प्रदेश शसर्त अनुदान	३५५१०४२९	५०००००	१७१८३८०	२९०३७५	३३००१६७४	२२५९४६२६
१०	प्रदेश समपुरक	९४६२३००	०	०	९९२५८२	८४६९७१८	८४४१२४२
	जम्मा	१४०२१६७४८३	३१३२७०८४५	२८०९२८५८४	३२६७८३०४८	४८११८५००८	३२४४०९२६३
	प्रतिशत	१००.००	२२.३४	२०.०४	२३.३१	३४.३२	२३.१४

८ **अनुदान फिर्ता -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ मा क्रमस सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन।

क्र.सं.	स्रोत	आम्दानी	खर्च	अनुदान फिर्ता
	संघिय तर्फ			
२	शसर्त अनुदान चालु	७३८६८३३६३	६७५२५३७२७	६३४२९६३६.०८
३	शसर्त अनुदान पुँजीगत	५१४४२८६२८	३२६२४९५११	१८८१७९११७
४	विषेश अनुदान पुँजीगत	३००००००००	२१०५१७९०	८९४८२१०
५	समपुरक अनुदान पुँजीगत	१००००००००	१००००००००	०
	कोशी प्रदेश तर्फ			
७	शसर्त अनुदान चालु	९६३१०००	९२८९२४९	३४१७५१
८	शसर्त अनुदान पुँजीगत	३१०२५०००	२६२२११८०	४८०३८२०
९	समपुरक अनुदान पुँजीगत	९९९००००	९४६२३००	५२७७००
	जम्मा	**१३४३७५७९९१**	**१०७७५२७७५७**	२६६२३०२३४.१

९ **नीति, कार्यक्रम तथा बजेट -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वियन तालिका र अनुगमन मूल्याँकन योजनासमेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको आर्थिक बर्ष २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रममा समावेस भएका तर सो नीति तथा कार्यक्रम अनुसार विनियोजन ऐन (बजेट) मा समाबेश नभएको र बजेटमा समाबेश भएका सबै योजना/कार्यक्रम कार्यान्वियन भएको देखिएन । नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर बजेटमा समावेश गरी कार्यान्वियन गरिनुपर्दछ ।

१० **योजना तर्जुमा तथा कार्यान्वयन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ।योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष रू.१ लाखभन्दा साना ५२१ योजना र ५० लाख भन्दा माथिका ७७ योजना गरी जम्मा १२३७ योजना संचालन तथा कार्यान्वियन भएको देखिन्छ । पालिकाबाट यो वर्ष संचालन/कार्यान्वियन भएका १२३७ योजनाको विवरण देहाय बमोजिम छ ।

क्र.स.	विवरण	योजनाको संख्या					
		१ लाख भन्दा कम	१ लाख देखि ५ लाख सम्म	५ लाख देखि २० लाख सम्म	२० लाख देखि ५० लाख सम्म	५० लाख भन्दा माथि	जम्मा योजना संख्या
१	भौतिक पूर्वाधार निर्माण अन्तर्गतका योजनाहरु	१२३	१७८	७१	१६	५८	४४६
२	अन्य कार्यक्रम अन्तर्गतका चालु कार्यक्रम	३९८	२४६	८८	४०	१९	७९१
	जम्मा	५२१	४२४	१५९	५६	७७	१२३७

स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७८ बमोजिम आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र

सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था विपरीत साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धि नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।

११ **आवधिक योजना** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आवधिक योजना तयार गरेको देखिएन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१२ **बजेट तथा कार्यक्रम तर्जुमा** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यबस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१३ **बजेट सीमा निर्धारण समिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, स्रोत साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषय, क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ। साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्न सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

१४ **बजेट पेश, पारित र अख्तियारी** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असारमसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको नगर उप-प्रमुख महेश्वर राईले मिति २०८१।३।१० मा रु.१ अर्ब ९३ करोड ६५ लाख ८२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति मिति २०८१।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो।

१५ **बजेट तथा कार्यक्रम कार्यान्वयन** -

नगरपालिकाले प्रत्येक आर्थिक वर्षका लागि उप प्रमुखबाट बजेट प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेको छ ।निर्धारित समयमा नै बजेट तथा कार्यक्रम स्वीकृत भएको देखिए तापनि पालिकाबाट यस बर्ष रु.३९ करोड ११ लाख ६४ हजारका बजेट बराबरका ४३ वटा योजना तथा कार्यक्रम कार्यान्वयन भएको देखिएन ।

सि.नं.	कार्यक्रम/ आयोजना/ क्रियाकलापकोनाम	विनियोजन	मौज्दात
१	नयाँ प्रशासनिक भवन फर्निचर फर्निसिङ बिउटिफिकेशन	५०००००	५०००००
२	सडक कालोपत्रे भुक्तानी गत विगत आ.व.को	२००००००	२००००००
३	हरि अधिकारीको घर छेउमा स्लाब तथा पुरानो बाटो मर्मत	५०००००	५०००००
४	विद्युतीकरण (स्मार्ट स्ट्रिट लाईट)	१५०००००	१५०००००
५	खानेपानी तथा सरसफाइ	५०००००	५०००००
६	विपद व्यवस्थापन	१२०००००	१२०००००
७	शान्ति टोलमा पाइप खरिद तथा नाला निर्माण	२०००००	२०००००
८	सडक कालोपत्रे भुक्तानी गत विगत आ.व.को	६७०००००	६७०००००
९	DGPS जडान कार्य	५०००००	५०००००
१०	नयाँ प्रशासनिक भवन फर्निचर फर्निसिङ बिउटी फिकेशन	३००००००	३००००००
१२	नव सृजना टोल कुलो सिँचाई योजना	५१६०००	५१६०००
१३	मैत बहादुर खेत हुँदै मुहान भइ उत्तराई टोल आउने	१२५८०००	१२५८०००
१४	अधुरो सोर्काहोली कल्भर्ट निर्माण	२५००००	२५००००
१५	परेवा पार्क सिढी निर्माण	५००००	५००००
१६	कच्ची सडक खाल्डा खुल्डी पुर्ने	५००००	५००००
१७	तालेमुल ईस्लाम मदर्सा भुल्के शौचालय मर्मत	१००००	१००००
१८	पुष्पबाटिका खेल मैदानमा माटो मिलाउने तथा शौचालयको ढोका पल्ला निर्माण	७००००	७००००
१९	वडाका सडकहरुमा खाल्डा पुर्ने ग्राभेल कार्य	२५००००	२५००००
२०	दनुवार बेसी घर निर्माण	५००००	५००००
२१	सुकलाहाी पूर्व खोरिया मान ब.राई गाउ जाने बाटो मर्मत तथा ग्राभेल	५००००	५००००
२२	चार घरे टोल जाने बाटो ग्राभेल नाली	१०००००	१०००००
२४	मालती टोल विकास संस्था बाटो ट्र्याक खोल्ने	२५०००	२५०००
२५	ढेडु खहरे खानेपानी पाइप खरिद	१००००	१००००
२६	रौतेनी डाँडामा सुक्खा नाली निर्माण	४००००	४००००
२७	शान्ति सुरक्षा टोल विकास अन्तर्गतका परमेश्वर घिमिरेको घरदेखि घमानसिंह खत्रीको घर सम्म बाटो ढलान	२५००००	२५००००

२८	ब्लकको ठाउँमा प्रिमिक्स गर्ने	४०००००	४०००००
२९	संगम टोल कमलेश्वर राज भण्डारीको घर जाने सडक लालिगुराँस टोल विकासको सडकहरु ग्राभेल	१५००००	१५००००
३०	विशालनगर टोल अनमिका थापाको घरदेखि कुमार खड्काको घर जाने बाटो ढलान तथा ग्राभेल	१५००००	१५००००
३१	उदय कार्कीको घर देखि शोभा राउतको घर सम्मको सडक छेउमा पर्खाल र मंगल तयार गर्ने	५००००	५००००
३२	सोनापुर टो.वि. अधुरो शौचालय निर्माण	५००००	५००००
३३	हरित पार्क निर्माण	२०००००	२०००००
३४	लक्ष्मीपुरमा अधुरो नाली निर्माण	१०००००	१०००००
३५	अल्ट्रासाउण्ड खरिद	४०००००	४०००००
३६	Urban Development Grant दिने	१००००	१००००
३७	बगर टोल सिंचाइ कुलो	१००००००	१००००००
३८	मैत बहादुर खेत हुँदै मुहान भई उत्तराइ टोल आउने	१५०००००	१५०००००
३९	मैत बहादुर खेत हुदै मुहान भई उत्तराइ टोल आउने	१००००००	१००००००
४०	नव सृजना टोल कुलो सिंचाइ योजना	५०००००	५०००००
४१	नव सृजना टोल कुलो सिंचाइ योजना	२९२०००	२९२०००
४२	बगर टोल सिंचाइ कुलो	५८३०००	५८३०००
४३	श्री कृष्ण जन्मअष्टमी रथ निर्माण तथा रथ यात्रा त्रिनपा	७०००००	७०००००
जम्मा		३११६४०००	३११६४०००

तोकिएका कार्यक्रमहरु हुन नसक्दा पालिकाको बजेट तथा कार्यक्रमको छनौटको कार्यदक्षतामा प्रश्न उठ्न सक्ने र सेवालिनबाट लाभग्राही बञ्चित हुने हँदा वार्षिक कार्यक्रममा तोकिएका कार्य समयमानै सम्पन्न गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१६ **बजेट अबण्डा** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. १ करोड ७० लाखको अबण्डा बजेटबाट समय समयमा छुट्टै निर्णय तथा तोकआदेशबाट२२९ योजना तथा क्रियाकलापमा रु.१ करोड ५८ लाख ३४ हजार खर्च गरेको छ । बजेट अबण्डामा राखी पटक पटकको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ, बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । अबण्डा राखी पछि कार्यपालिका र वडा समितिबाट निर्णयका आधारमा खर्च गरेका योजनाका उदाहरण अनुसूचीमा संलग्न गरिएको छ ।

सि.न.	कार्यक्रम	रकम	खर्च	संचालित क्रियाकलाप
१	जनता सँग मेयर कार्यक्रम	८०००००	७६७८९४५	१२७
२	जनतासँग उपमेयर कार्यक्रम	५००००००	४७४३४४६	८१
३	अभरमा नगर	२००००००	१९३१५१६	१८
४	विपद व्यवस्थापन	२००००००	१४८०५५६	३
जम्मा		१७००००००	१५८३४४६३	२२९

१७ **गत वर्षको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।त्यस्तै सोही नियमावलीको नियम ३९(१२) मा उल्लेख भएका दायित्वहरुमात्र भुक्तानी दिन प्रमाणित गरी आगामी वर्ष भुक्त्तानी दिन सकिने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको विवरण संलग्न गरी देहायका १६ योजना/कार्यक्रमा बजेट व्यवस्थापन गरी रु.५० लाख ३० हजार रकम भुक्तानी दिएको छ। भुक्तानी हेर्दा बैठक भत्ता, मसलन्द सामाग्री, पत्रपत्रिका तथा अनुगमन मुल्याङ्कन जस्ता चालु प्रकृतिको खर्चलाई समेत भुक्तानी देखियो ।

क्र.सं.	कार्यक्रम/ आयोजना/ क्रियाकलापकोनाम	स्रोत	विनियोजन	खर्च	खर्च (%)
१	कर्मचारीतह वृद्धि सिफारिस समिति बैठक भत्ता	आन्तरिकश्रोत	३००००	३००००	१००.००
२	जेसिबिमर्मत	आन्तरिकश्रोत	२३६५००	२१९६५९	९२.८८
३	मसलन्दसामाग्रीहरु खरिद	आन्तरिकश्रोत	११७०००	१०९९५४	९३.९८
४	त्रियुगाज्ञानमाला पुस्तक छपाई	राजस्वबाँडफाँड - संघीय सरकार	२४१२५००	२४१२४१३	१००.००
५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	आन्तरिकश्रोत	३५०००	३००००	८५.७१
६	ज्यालादारीकर्मचारीहरुको तलव	आन्तरिकश्रोत	६५६०००	६५१८१३	९९.३६
७	कार्यक्रमखर्च हुरेण्डेक	आन्तरिकश्रोत	३०००००	३०००००	१००.००
८	वडाकाविभिन्न कार्यक्रमहरु	आन्तरिकश्रोत	७००००	७००००	१००.००
९	मालपोतकार्यालयको कार्यालय व्यवस्थापन	आन्तरिकश्रोत	३०००००	३०००००	१००.००
१०	अनुगमन, मूल्यांकन खर्च	आन्तरिकश्रोत	४००००	३९३५०	९८.३८
११	विविधखर्च	आन्तरिकश्रोत	३१२७००	३०४०७५	९७.२४
१२	शिक्षणसहयोग अनुदान	आन्तरिकश्रोत	४२३००	४२३००	१००.००
१३	सवारी साधनभाडा	आन्तरिकश्रोत	२८०००	२८०००	१००.००
१४	खानेपानीपाईप खरिद वडा नं. १५	नेपालसरकार - समानिकरण अनुदान	१९७६००	१९२४९३	९७.४२
१५	बि.पि.चोकमाशालिक निर्माण	नेपालसरकार - समानिकरण अनुदान	३०००००	३०००००	१००.००
	कुल जम्मा		५२५४८००	५०३००५७	९५.७२

पालिकाले अनुगमन, मुल्याङ्कन, विविध, सवारी साधन भाडा जस्ता दायित्वहरु समेत भुक्तानी दिन बाँकीमा राखी आगामी वर्षमा भुक्तानी दिने गरेकोमा यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१८ **रकमान्तर** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रहि कुनै शीर्षकबाट पुँजिगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ।उल्लिखित व्यवस्था अनुसार चालु शीर्षकमा रकमान्तर गर्न सक्ने कानूनी व्यवस्था देखिदैन। पालिकाले पेश गरेको विवरण अनुसार यो वर्ष विभिन्न खर्च शीर्षकबाट अर्को शीर्षकमा कुल रू.७ करोड ८२ लाख १२ हजार बजेट रकमान्तर भएको देखियो। रकमान्तर गर्ने परिपाटीमा पालिकाले सुधार गरेको देखिएन।उल्लिखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वियनलाई विश्वसनीय र प्रभावकारी बनाउनुपर्दछ।

घट कायम भएको		थप कायम भएको	
योजना संख्या	रकम	योजना संख्या	रकम
११०	७८२,१२०००	१६३	७८२,१२०००

१९ **कोषको अवस्था-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६९ मा सञ्चित कोष र दफा ७० मा आकस्मिक कोषको व्यवस्था रहेको छ ।पालिकाले बजेट विनियोजन गरी विभिन्न कोषहरु स्थापना गरी रकम जम्मा गर्ने गरेको देखिन्छ।ति कोषहरुमा यस वर्ष थप गरेको, खर्च गरेको र मौज्जाद रहेको अवस्था देहाय बमोजिम रहेको छ । पालिकाले वार्षिक सो कोषबाट हुने खर्च तथा आवश्यकतालाई ध्यान नदिई यस्ता कोषमा रकम दाखिला गरी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

संकेत	कोष हिसाबको नाम	शुरु मौज्दात	प्राप्ति	भुक्तानी	बाँकी
१	२	३	४	५	६
ग ३.१	स्थानीयतह धरौटी खाता	२४०४८४७४	२७७२३०३९	१०२९७९४५	४१४७३५६८
ग २.७	विविधखर्च खाता	६११८३२४.५८	३८३४७१३२.८३	३८२८५२९२	६१८०१६५.४१
ग ५.१	स्थानीयतह विविध कोष खाता	१२२६९३६१.२५	१२९३८९१३	६९६०००	२४५१२२७४.२५
ग ७.२	स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता	१२९८७७४.४६	२५१२६६७	३८०७१६४	४२७७.४६
जम्मा		३२६९४९३४.४३	८१५२१७५१.८३	२३०८६४०१	७२१७०२८५.१२

२० आन्तरिक नियन्त्रण प्रणाली -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वियन गर्न परिपत्र गरेकोमा हालसम्म यस नगरपालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको देखिएन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्दन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिन्छ । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वियन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन ।
- पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण क्षेत्र/विषय प्रविष्टी नगरेकोले शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले यथार्थ अवस्थाको चित्रण गर्न सकेको छैन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।

- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरिएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था छैन ।
- पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।
- कतिपय गोश्वारा भौचर तोकिएको अधिकारीबाट प्रमाणित समेत भएको छैन ।
- खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको छैन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण भएको छैन ।
- वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको छैन ।
- पालिकाको कार्य प्रकृति अनुसार पालिका र वडास्तरमा सार्वजनिक निकायको प्रमुखले मातहत कर्मचारीलाई कार्यविवरण/कार्यादिश दिई कार्यसम्पादनमा गराउनुपर्नेमा सो भएको छैन ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको छैन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

२१ **कानुन निर्माण तथा कार्यान्वयन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म २७ वटा ऐन, ५ वटा नियमावली ४४ कार्यविधि सहित ८३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

विवरण	ऐन	नियमावली	कार्यविधि	निर्देशिका	नर्म्स	जम्मा
लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वयनमा भएको कानून कार्यविधि निर्देशिका एवं नम्सको संख्या	२७	५	४४	२	५	८३

तर्जुमा भएका कानून परिपालना गर्नुपर्दछ ।

२२ **न्यायिक समितिको कार्यसम्पादन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ११ र यो वर्ष थप भएको १० गरी कुल २१ विवाद दर्ता भएकोमा ३ वटा फर्स्यौट भई १८ बाँकी देखिन्छ। जम्मा मुद्दाको संख्याको आधारमा १४.३० प्रतिशतमात्र मुद्दाको फर्स्यौट भएको देखिएकोले ३ महिना म्याद पुगेका मुद्दा फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सि.नं.	उजुरीको प्रकार	गत वर्षको बाँकी	यसवर्ष थप	जम्मा	यो वर्षको फछ्यौंट	फछ्यौंट हुनबाँकी	समयमै फछ्यौंट नहुनुको कारण
१	लेनदेन सम्बन्धी	३	४	७	१	६	१. आ. व. को अन्तिम समयमा दर्ता भएकाले अल्या. भई आएको ।
२	वाटो सम्बन्धी	१	२	३	१	२	२. मिति २०८२ भाद्र २४ गतेको आगजनी तथा तोडफोड क्रममा सम्पूर्ण अभिलेख तथा संरचनाहरु नष्ट भएको ।
३	जग्गा सम्बन्धी	३	०	३	०	३	३. कार्यालयको नयाँ भवनमा स्थानान्तरणको लागि नियमित कार्यहरु केही समय स्थगित गर्नु परेकोले ।
४	विविध	४	४	८	१	७	
जम्मा		११	१०	२१	३	१८	

२३ **राजश्व व्यवस्थापन -**

२३.१ **विगत तिन वर्षको राजश्व संकलनको अवस्था -** पालिकाको विगत तीन आ.व.को आन्तरिक राजश्व संकलनको तुलनात्मक विवरण देहायको चार्टमा प्रस्तुत गरिएको छ । आन्तरिक श्रोतका थप क्षेत्र पहिचान गरी आम्दानी स्तर वृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

आ.व.	राजश्व आम्दानि	गत आ.व. भन्दा फरक	गत भन्दा घटेको / बढेको	कारण
२०७९।८०	१०३९६८७४०	४०९७५५८१.७		
२०८०।८१	११७०६१०८३	१३०९२३४३	12.59	
०८१/०८२	६०९७५९७१	-५६०८५१११	-47.91	घर जग्गा रजिष्ट्रेशन र विभाज्य कोष फरक आम्दानी हुने

२३.२ **आयको प्रक्षेपण र संकलन -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाले विभिन्न शिर्षकमा राजश्वको वार्षिक अनुमान गरी राजश्व शुल्क उठाउने गरेको छ। कुनै शिर्षकमा अनुमानित रकम भन्दा धरै र कुनै शिर्षकमा शुन्य राजश्व संकलन भएको अवस्था छ। राजस्वका विभिन्न शिर्षकमा अनुमानित आयलाई व्यवस्थित गरी राजस्वलाई अनुमानयोग्य बनाउनुपर्दछ। साथै, राजश्वको यथार्थ अनुमान गरी पालिकाको आम्दानी वृद्धि गर्न तर्फ ध्यान दिनु पर्दछ । पालिकाले आ.ब.२०८१/८२ को लागि अनुमान गरेको र असुली गरेको आयगत शिर्षक देहाय बमोजिम रहेको देखिन्छ ।

सि.न.	शिर्षक नम्बर	आय शिर्षक नाम	आ व २०८१/८२ को अनुमानित	जम्मा संकलित रकम २०८१/०८२	प्रतिशत
१	११३१३	सम्पत्ति कर	१००००००००	९६१३६८१	९६.१४%
२	११३१४	भुमीकर/ मालपोत	०	१७६६	१००.००%
३	११३१७	वहाल कर	१००००००००	१०११९९४४.२१	१०१.२०%
४	११३१८	वहाल विटौरी कर	०	६८४०४.४	१००.००%
५	११४५१	सवारी साधन कर	२००००	५००	२.५०%
६	११४५२	पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	३०००००	८४२५	२.८१%
७	११३१८	अन्य मनोरन्जन कर	०	१५०	१००.००%
८	११६१३	व्यवसाय रजिष्ट्रेशन दस्तुर	१५००००००	८३०४८४३	५५.३७%
९		अन्य कर	०	२४९००	१००.००%
१०	१४१५१	सरकारी सम्पत्ति वहालवाट प्राप्त आय	१००००००	७९१०००	७९.१०%
११	१४२१३	अन्य विक्राबाट प्राप्त रकम	०	७७४१	१००.००%
१२	१४२१९	अन्य सेवा सुल्क	१००००००	२४५०२०६	२४५.०२%
१३	१४२२४	परीक्षा शुल्क	१०००००	२३०००	२३.००%
१४	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	०	२३७०००	१००.००%
१५	१४२४२	नक्सापास दस्तुर	१००००००००	७३२९५२२.६	७३.३०%
१६	१४२४३	सिफारिश दस्तुर	५००००००	८१११६५८	१६२.२३%
१७	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	५०००००	१३०९५००	२६१.९०%
	१४२४५	नाता प्रमाणित दस्तुर	१०००००	९७६००	९७.६०%
१७	१४२४९	अन्य दस्तुर	३००००००	८०७९९२४	२६९.३३%
१८	१४२६५	अन्य क्षेत्रको आय (प्राकृतिक श्रोत संकलन तथा विक्री शुल्क)	२४००००००		०.००%
१९		अन्य क्षेत्रको आय	०	४३२२०	१००.००%
२०	१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत	५०००००	११३१७४९	२२६.३५%
२१	१४३१३	धरौटी सदरस्याहा	२०००००	६४९२१५	३२४.६१%
	१४५२१	प्रदुषण नियन्त्रण शुल्क	१००००००	३१९६६५.५	३१.९७%

२३	१४५२९	अन्य राजश्व	१००००००	१३९७५५५.५५	१३९.७६%
२४	१५१११	बेरुजु	१६०००००	६६१२६१	४१.३३%
२५	१४१५९	अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी		१३८०७८९१.२३	१००.००%
२६	१४१७१	वन रोयल्टी	१००००००००		०.००%
२७	१४१७७	घरजग्गा रजिष्ट्रिशन	५०००००००	५६९३४०६६.६६	११३.८७%
२८	११४७२	बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	५०००००		०.००%
२९		विद्युत सेवा शुल्क	५०००००	०	०.००%
३०		बैक मौज्दात	०	१९३५४०	१००.००%
जम्मा			**१४५३२००००**	**१३१७१७९२९.२**	९०.६४%

२३.३ **राजस्व लेखा अधावधिक** - आर्थिक कार्यविधि तथा वित्तय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५९ बमोजिम कार्यालयले राजस्वको आम्दानी जनाउंदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भए तापनि त्यस्तो राजस्व स्वीकृत राजस्व वर्गीकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हस्बली राजस्व आम्दानी दाखिला गरि गोश्वारा भौचर तयार गरि दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अधवाधिक गर्नु पर्ने छ भनी व्यवस्था रहेको छ ।पालिकाबाट आन्तरिक आय संकलनका लागि विभिन्न आय शीर्षकहरुमा वार्षिक राजस्व संकलन गरिएको छ तर ठेक्काको अद्यावाधिक विवरण तयार गरि राखिएको छैन ।यसरी अद्यावधिक विवरण नहुँदा श्रेस्ता परिक्षणको क्रममा कुनै राजस्व ठेक्का सम्बन्धी कागजात परीक्षण गर्न छुट तथा अन्य निकाय पठाएको हुन सक्ने भएकोले अनिवार्य रुपमा आन्तरिक राजस्व ठेक्काको शीर्षकगत विवरण तयार गरी अधवाधिक लगत राख्नुपर्ने देखिन्छ ।

२३.४ **राजश्व संकलनमा एकरुपता**- स्थानीय तहलाई आफ्ना क्षेत्रभित्र राजस्व संकलन गर्ने, लेखापरीक्षण गराउने र आर्थिक कारोबार पारदर्शी बनाउने अधिकार रहेको छ।चालु आर्थिक वर्ष पालिकाले साग्रीला सफ्टवेयर प्रणाली र शुत्र मोडल दुवैबाट राजश्व संकलन गरेको देखिन्छ, यसबाट राजश्व संकलन गर्ने जस्तो कुरामा एकरुपता नहुने तथा आम्दानी प्रतिवेदनमा मेल नखाने,दाखिलामा नियमित्ता नहुने,ढिलो गरी दाखिला हुने लगायतका विषय लेखापरीक्षणबाट यकिन हु सक्ने अवस्था छैन । महालेखा नियन्त्रक कार्यालयले शुत्र मोडलबाट अनिवार्य रुपमा राजश्व संकलन गर्ने परिपत्र समेत जारी गरेको छ, यसलाई कार्यान्वयन गर्नको लागी एकद्धार प्रणाली अपनाई अनिवार्य रुपमा शुत्र मोडलको मात्र प्रयोग गरी राजश्व संकलन गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

२३.५ **बन पैदावार विक्रि आय** - वन नियमावली २०७९ को नियम २५ (१) अनुसार डिभिजन वन कार्यालय अन्य सरकारी निकाय, सरकारी स्वामित्वमा रहेका यस पालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले बार्षिक वन पैदावरको विक्रीमा संकलन गरेको आम्दानीको १० प्रतिशत सम्बन्धित पालिकामा पठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामुदायिक बन उपभोक्ता समितिले लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेको बनपैदावर बिक्रीलाई आधार मानी रकम संकलन गर्नुपर्ने देखिन्छ । पालिकाभित्र ४६ वटा सामुदायिक वन उपभोक्ता समिति रहेकोमा सो लाई पालिकाले नियमन गर्न सकेको देखिदैन । यस बर्ष पालिकालाई डिभिजन बन कार्यालय उदयपुर(त्रिवेणी) मार्फत रु.२ लाख ४५ हजार ५०७ राजश्व प्राप्त भएको छ ।वन पैदावार विक्री आयको रकम कति प्राप्त हुनुपर्नेमा कति प्राप्त भयो र कति बाँकी छ एकिन गरी भन्न सकिएन । पालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले बार्षिक वन पैदावरको विक्रीमा संकलन गरेको आम्दानीको आधारमा पालिकाको आय संकलन गर्नुपर्दछ ।

२३.६ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.८०६३०३५

कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२४ **सेवा प्रवाहको स्थिति** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११(२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध हुन सकेन।

सि.नं	**विवरण**	**जम्मा**
१	स्वीकृत घरनक्सा दर्ता पास	२५१
२	निर्माण सम्पन्न संख्या	२७२
	पञ्जिकरणतर्फ	
१	जन्मदर्ता	१८०५
२	मृत्युदर्ता	६७७
३	बसाईसराई दर्ता	१००४
४	विवाह दर्ता	८८६
५	सम्बन्धविच्छेद दर्ता	१५७
	पूर्वाधार विकास सडक निर्माण	
१	कालोपत्रे सडक निर्माण	३ कि.मि.
२	कालोपत्रे सडक मर्मत	५ कि.मि.
३	ग्राभेल सडक निर्माण	१३ कि.मि.
४	ग्राभेल सडक मर्मत	
	जम्मा	

पालिका कार्यालय तथा वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउने र सोको अद्याबधिक अभिलेख समेत तयार गरी राख्नुपर्दछ।

२५ **वार्षिक खरिद योजना/गुरुयोजना** -

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत यस आवमा रु. ४७ करोड ८९ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना

नबनाई खरिद कार्य गरेको छ । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२६ **जिन्सी निरीक्षण** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने र लिलाम गर्नुपर्ने सामान कानून बमोजिम मर्मत तथा लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा गत आव भौतिक परीक्षण गरि नपुग भएका सामाग्री यस आवमा पनि सोही अवस्थामा नै रहेको, गत आवमा भौतिक परिक्षण हुँदा नपुग भएका मालसामान सम्बन्धमा कार्यपालिका बैठकबाट उपसमिति गठन गरेतापनि जिन्सी सामाग्रीको यथार्थ अवस्था यकिन हुन नसकेको, त्रियुगा र बरुवा बसपार्कमा रहेका टुटेफुटेका सामाग्री लिलाम कार्यवाही हुन नसकेको, जिन्सी खातामा आम्दानी जनाईएका सामाग्री वा मालसामान गिन्ति गर्दा नपुग भएकोले सो विषयमा गत वर्षको जिन्सी निरीक्षण प्रतिवेदनमा समेत उल्लेख भएको व्यहोरा समेत उल्लेख गरी असुल उपर गराउनुपर्ने गरी प्रतिवेदन गरेको छ । अत: जिन्सी बरबुझारथ र जिम्मेवारी व्यवस्था सहित खरिद भएका जिन्सी सामाग्री सम्बन्धमा आवश्यक छानविन र खोजतलास गरी जिन्सी अद्यावधिक गर्नुपर्ने देखिएको छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित रुजु नभएका सामाग्री, यथार्थ मौज्दात र कैफियतमा जनाईएका व्यहोरा समेतलाई ध्यान दिई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२७ **मसलन्द तथा कार्यालय सामग्री** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने यकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी रू.५९ लाख ९० हजार ७६३ को कार्यालय मालसमान र वडातर्फ प्रत्येक वडाले ५ लाख भित्र रहेर खर्च गर्ने गरेको देखियो।विगत आ.ब.को ठेक्का कार्तिक मसान्तसम्म रहेकोमा सो पश्चात कुनै ठेक्का नलगार सोझै खरिद गरेको देखियो।अत खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता कायम गर्न अधिक प्रतिस्पर्धाको लागि खुल्ला बोलपत्र मार्फत खरिद गर्नेतर्फ पालिकाले धयान दिनुपर्दछ।

२८ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण र बर्गिकरण-**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन:

- पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको एवं अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु एवं अभिलेख राख्नु पर्दछ।

- पालिकाले सार्वजनिक स्थलमा सामुदायिक भवन निर्माण गर्दा वा अन्य भौतिक संरचना निर्माण गर्दा संरचना निर्माण गर्ने स्थलको जग्गा सरकारी वा सार्वजनिक के हो सो को बारेमा नापी र मालपोत कार्यालयवाट एकिन गरेर मात्र त्यस्तो संरचना निर्माण गर्नुपर्दछ ।

- पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक जग्गामा उक्त जग्गा सार्वजनिक जग्गा भएको उल्लेख गरी सूचना पार्टी टाँस गर्नुपर्दछ ।

भू उपयोग ऐन, २०७६ को दफा १८ मा प्रत्येक स्थानीय तहमा स्थानीय भु उपयोग परिषद गठन गर्नुपर्ने र उक्त परिषदले स्थानीय भु उपयोग योजना तर्जुमा गर्ने, भूमि सम्वन्धी लगत संकलन, बिशलेषण र प्रयोग गर्ने, आफ्नो तहको भु उपयोग सम्वन्धी नक्सा तयार गर्ने र आवश्यकता अनुसार भु उपयोग उप क्षेत्रको वर्गिकरण गर्ने लगायतका काम कर्तव्य रहने उल्लेख गरेको छ । नगरपालिकामा भु-उपयोग ऐन र नियममा भएको व्यवस्था बमोजिम स्थानीय भु उपयोग परिषद गठन गरी ऐन र नियममा उल्लेख भए बमोजिमको कार्य गरी भु उपयोग क्षेत्र बर्गिकरण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्नुपर्दछ ।

२९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ ।

३० **सरकारी सम्पत्ती अभिलेख-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७(४) मा पालिकाले आफ्नो चल तथा अचल सम्पत्तिको उपयोग सम्बन्धमा अभिलेख अध्यावधिक राख्नु पर्दछ । पालिकाले आफ्नो मातहतको सार्वजनिक जग्गा, भवन लगाएतका सार्वजनिक सम्पत्तिको विवरण (PAMS) प्रणालिमा अध्यावधिक गरेको देखिएन । पालिका अन्तर्गतका सम्पुर्ण भवन तथा सरकारी जग्गाको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा पुर्ण रुपमा विवरण अध्यावधिक गर्नु पर्दछ ।म्यानुअल रुपमा तयार गरेको विवरण अनुसार पालिकाको स्वामित्वमा निम्न जग्गाहरु रहेकोमा कुन जग्गामा पालिकाको कुन भवन रहेको छ सो को विवरण समेत रहेको नदेखिएकोले यसको विवरण अद्यावधिक गरी सम्पती अभिलेखलाई चुस्त दुरुस्त बनाउनु पदर्छ ।

सि.न.	जिल्ला	साविक गाविस	साविक वडा नं.	नक्सा सिट नं.	कित्ता नम्बर	क्षेत्रफल	वर्ग मिटर
१	उदयपुर	भुमरसुवा	५	५ क	३७२	०-५-०-० (विघा)	१६९२.९२
२	उदयपुर	देउरी	८	८ क	१७९१	०-१-१०-० (विघा)	५०७.९३
३	उदयपुर	गार्ँइघाट	२	२ ख	११४२	०-३-१०-० (विघा)	११८५.२४
४	उदयपुर	गार्ँइघाट	२	२ ख	१४३३	०-२-१३-० (विघा)	८९७.३९
५	उदयपुर	गार्ँइघाट	२	२ ख	१७९२	०-१-४-० (विघा)	४०६.३७
६	उदयपुर	गार्ँइघाट	२	२ ख	१७९३	०-०-१७-० (विघा)	२८७.८४
७	उदयपुर	गार्ँइघाट	२	२ ख	८६२	०-२-४-० (विघा)	७४४.८८
८	उदयपुर	गार्ँइघाट	२	२ ख	८६७	०-०-१३.२५-० (विघा)	२२४.३२
९	उदयपुर	भुमरसुवा	९	९ भ	१६०	०-१-०-० (विघा)	३३८.६३
१०	उदयपुर	भुमरसुवा	८	८ ख	२३७९	०-१-०-० (विघा)	३३८.६३
११	उदयपुर	भुमरसुवा	८	८ ख	२५७५	०-०-६-० (विघा)	१०१.५८
१२	उदयपुर	देउरी	१	१ क	१००२	०-१-१०-० (विघा)	५०७.९६
१३	उदयपुर	भुमरसुवा	१	१ ख	३३	०-२-५-० (विघा)	७६१.९४
१४	उदयपुर	देउरी	१	१ ख	१३६६	०-३-१५-० (विघा)	१२६९.५
१५	उदयपुर	साउने	१	१ क	२६१	२-०-०-० (रोपनी)	१०१७.४८
		जम्मा					**१०२८२.६१**

३१ **कर्मचारी व्यवस्थापन -**

पालिकाले आफ्नो नियमित कार्य संचालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गर्नु पर्दछ । पालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी संरचना अनुसारको ७४ जना पालिकातर्फ दरबन्दी रहेको छ।जसमा नगरपालिका लागि ४२ र वडाका लागि ३२ जना रहेको देखिन्छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित स्थायीतर्फ १०६ जना र करारतर्फ २६८ जना र ६५ जना रिक्त पद गरी ४३९ जना कार्यरत पद रहेको देखिन्छ । पालिकाले यस आ.ब.मा मात्र व्यवस्थापन सर्वेक्षण गरी विभिन्न सेवा/समुहमा गरी कुल ४३९ पद मात्र कायम गरेको र सो पद दर्ताको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कोशी प्रदेशमा दर्ताको प्रक्रियामा रहेको पालिकाले जनाएको छ । अत पालिकामा हाल ४३९ पदमा ३७४ जना कर्मचारी कार्यरत रहेको र ६५ जना रिक्त रहेको देखिएपनि दरवन्दी संख्या र कार्यरत संख्या मिलेको देखिएन । मिति २०८२/०३/१० गतेको नगरसभाबाट कर्मचारी व्यवस्थापन सर्वेक्षण स्वीकृत समेत भएको देखिएकोले पालिकाले कर्मचारीको संख्या र पद मिलान गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३२ **तलवी प्रतिवेदन -**

निजामती सेवा ऐन, २०४९ , स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ तथा कोशी प्रदेश निजामती सेवा (दोस्रो संसोधन) ऐन,२०८१ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष शिक्षातर्फ रु.३२ करोड ३१ लाख २६ हजारको तलवी प्रतिवेदन शिक्षा कितावखानाबाट पास गराएर रकम भुक्तानी गरेको देखिन्छ भने तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फको रु.२ करोड ६५ लाख ९८ हजार र पालिकातर्फका कर्मचारीको रु.४ करोड ८९ लाख २८ हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने

भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३३ **करार सेवा** –

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिठ्ठीपत्र ओसारपसार,सरसफाई,टेलिफोन, विद्युत र धाराको सञ्चालन तथा रेखदेख,पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैचाको सम्भार र रेखदेख टाइपिङ वा क्प्युटरटाईप जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपर्नेमा सार्वजनिक निकायको व्यक्ति फर्म संस्था वा कम्पनिसँग करार गरी सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिँदा त्यस्तो सेवाको आवश्यकता किसिम समयावधि गुणस्तर सेवा सञ्चालन विधि लाग्ने मोटामोटी खर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । सेवा प्रदायकले गरेको सेवाको अनुगमन गर्नुपर्ने व्यवस्था समेत छ । तर पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गरेको देखिएन । त्यस्तै पालिकाले कार्य परिमाण तथा कार्य बोझ समेतको आधारमा आफैले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा आवश्यक दरवन्दी कायम गरी पालिकाले यो वर्ष चिकित्सक, ईन्जिनियर सातौ, अधिकृत लगाएतका पदमा कर्मचारी करारमा नियुक्ति गरी करार सेवा शुल्कमा रु. ५ करोड ६० लाख २६ हजार खर्च गरेको छ । पालिकाका लागि आवश्यक जनशक्ति सम्बन्धमा प्रदेश लोक सेवा आयोगमा माग पठाएको जानकारी दिएतापनि करार नियुक्ती गर्ने तथा भैरहेकालाई म्याद थप्दै जाने प्रवृतिले पालिका कोषमा व्ययभार बढ्दै जाने देखिन्छ । ऐनले तोकेको पद बाहेक र दरवन्दी नभएको देहायका कर्मचारीलाई करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी राखि खर्च गरेको रकम नियम सम्मत नदेखिएको रु.

क्र.सं.	**करार दरबन्दी पद**	**करार**			बढी संख्या	तलव	बार्षिक भुक्तानी
		तह	**दरबन्दीसंख्या**	**कार्यरतसंख्या**			
५	अधिकृत	छैटौं	०	५	५	४३६८९	५६७९५७
६	कार्यक्रम संयोजक	छैटौं	०	१	१	४३६८९	५६७९५७
१३	कम्प्युटर अपरेटर	पाँचौ	२	४	२	३४७३०	९०२९८०
१७	ह.स.चा.		१४	१६	२	२७६१२	६६२६८८
३४	सहायकस्तर	पाँचौं/ सर्भेक्षक	०	१	१	३४७३०	४१६७६०
३५	सहायकस्तर	चौथो/ अ.स.ई.	०	१	१	३२९०२	३९४८२४
३६	सहायकस्तर	पाँचौ	०	३	३	३४७३०	१२५०२८०
३७	सहायकस्तर	चौथो	०	१६	१६	३२९०२	६३१७१८४
३८	ईन्जिनियर अधिकृत	सातौं	०	१	१	४५८५१	५५०२१२
कुल जम्मा			**१६**	**४८**	३२		११६३०८४२

अनियमित भएको	१,१६,३०,८४२

३४ **डोर हाजिरी -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले यस आर्थिक वर्षमा निम्नानुसारको विवरण अनुसार करार तथा डोर हजिरमा विभिन्न व्यक्तिलाई ज्यालादारीमा कामकाज गराएको विवरण पेश भएको छ । जसका लागि कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु. ५६०२६१७१ र डोर हाजिरमा रु ९०३७८१४ भुक्तानी गरेको छ । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको तथा दैनिक ज्यालादारीमा शनिवार तथा सार्वजनिक विदा लगायतको अवधिमा समेत कामकाजमा खटाएको वा खटेको उल्लेख गरी स्वास्थ्य सेवा, सरसफाई, कृषि शिक्षक लगायतका व्यक्तिलाई डोर हाजिरमा परिचालन गरेको कारण के कति संख्या र भुक्तानि वास्तविक हो यकिन हुन सक्ने अवस्था रहेन । पालिकाको जनशक्ति व्यवस्थापनमा रहेको यसप्रकारको अन्यौलता निरुपण गर्न दरवन्दी बमोजिम कर्मचारी पदपूर्ति तथा अभिलेख व्यवस्थित गरी आवश्यकता र औचित्यताका आधारमा मात्रै

करार शुल्कमा खर्च लेख्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । मिति २०८१।५।९ को बैठक संख्या ३७ ले डोर हाजिरीमा काम गर्ने कर्मचारीको नामनामेसी विवरण उल्लेख गरी म्याद थप समेत गरेको देखिएकोले डोर हाजिरीको कर्मचारीलाई भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

क्र.सं.	महिना	करार कर्मचारीसंख्या	सम्झौता गरी भएकोकरार शुल्क भुक्तानी	डोर हाजिरमाकार्यरत व्यक्ति संख्या	डोर हाजिरमा भएकोखर्च	जम्मा खर्च
१	श्रावण	१६४	३९४३२५३	५४	६००३६०	४५४३६१३
२	भाद्र	१६९	४०३९२६२	५४	६९६०६६	४७३५३२८
३	आश्विन	१७३	७४८४९०४	५१	६७१९६६	८१५६८७०
४	कार्तिक	१७५	४१९०५८३	४०	५२१९००	४७१२४८३
५	मंसीर	१८२	४३३६३१०	४४	८९९६९१	५२३६००१
६	पौष	१८१	४३३७४३४	५१	७१०२२४	५०४७६५८
७	माघ	१८१	५२३३५२६	४६	७८७२२४	६०२०७५०
८	फागुन	१८१	४३९३१६९	४९	८२९९२२	५२२३०९१
९	चैत्र	१८३	४४९५७०५	४७	८८३०४४	५३७८७४९
१०	वैशाख	१८५	४५२५३६२	४७	८३९४०२	५३६४७६४
११	ज्येष्ठ	१८६	४५४६०६२	५६	९७४४०२	५५२०४६४
१२	असार	१८६	४५००६०१	७३	६२३६१३	५१२४२१४
जम्मा			५६०२६१७१		९०३७८१४	६५०६३९८५

(विस्तृत विवरण बेरूजु दफा ३४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	९०,३७,८१४

३५ **अवकाश कोष -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आन्तरिक श्रोतबाट कर्मचारी अवकास कोषमा रु १ करोड ट्रान्सफर गरेको छ। कोषबाट कर्मचारीले घरसपाटी समेत लिएको देखियो ।कर्मचारीको मासिक तलवको १० प्रतिशतले हुने रकम बमोजिम हुने रकममात्र कोषमा जम्मा गर्नुपर्दछ । बार्षिक कट्टी गर्नुपर्ने रकम हिसाव नगरी एकमुष्ट बजेट विनीयोजन गरी रकम दाखिला गर्ने कार्यमा सुधार हुनुपर्दछ ।

३६ **विगत तिन बर्षको खर्चको स्थिति -**

नेपाल सरकारको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्मको विभिन्न चालु प्रकृतिका खर्चमा गरेको खर्च विवरणलाई देहायको चार्टमा प्रस्तुत गरिएको छ :



क्र स	खर्च शिर्षक	२०८१।८२		२०८०।८१		२०७९।८०	
		विनियोजन	खर्च	विनियोजन	खर्च	विनियोजन	खर्च
१	विविध खर्च	४५०००००	४४८६०००	४५०००००	४४३९०००	४००००००	३७४७०००
२	ईन्धन खर्च	१२००००००	१२००००००	१३५०००००	१३१८५०००	१२५०००००	१२१५३६९०
३	सवारी साधनमर्मतखर्च	३५०००००	३४९९०००	३३०००००	३२७१०००	२००००००	२००००००
४	बैठक भत्ता	१३०००००	११४४०००	१४०००००	१२६३०००	७०००००	३४८०००
५	पत्रपत्रिकाछपाई सूचना प्रकाशन खर्च	४००००००	३९८४०००	३५०००००	३५९२०००	३००००००	२७०१०००
६	भ्रमण खर्च	४५०००००	४२८७०००	३००००००	२९८९०००	४००००००	२९५४०००
७	मसलन्द तथाकार्यालय सामाग्री खर्च	६००००००	५९९००००	६००००००	६००००००	४५०००००	४५०००००
जम्मा		३५८०००००	३५३९००००	३५२०००००	३४७३९०००	३०७०००००	२८४०३६९०

पालिकामा मुख्य रुपमा उल्लेख भएका उपरोक्तबमोजिमका खर्च शीर्षकमा पालिकाले खुल्ला प्रतिस्पर्धात्मक खरिद व्यवहार गर्नुपर्नेमा सो नगरेको तथा तत् तत् शीर्षक बाहेक अन्य कार्यक्रम र योजनाबाट कार्यपालिकाका विभिन्न बैठकबाट पूँजीगत खर्च शिर्षकबाट रकमान्तर गरी चालु प्रकृतिका खर्च गरेको छ । त्यसप्रकारका रकमान्तरलाई बजेट संशोधन नाम दिईएतापनि सोही शिर्षकमा खर्च लेखेकोले चालु एवं प्रशासनिक खर्चको रकम यकिन गर्न सक्ने अवस्था छैन । पालिकाले प्रशासनिक एवं चालु खर्च नियन्त्रण सम्बन्धमा मापदण्ड तयार

गरी लागु गरेको नदेखिएकोले इन्धन, औषधी खरिद, अनुगमन मूल्यांकन र करार सेवा शुल्क लगायतका खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको छ ।

(विस्तृत विवरण बेरूजु दफा ३६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३७ **जिन्सी/सम्पत्ति व्यवस्थापन -**

३७.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४. को उपनियम (३) मा जिन्सी मालसामान तथा तत् सम्बन्धी श्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने, नियम ९५.(२) मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी मालसामान कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमुखले जिम्मा लिनुपर्ने उल्लेख छ। यस पालिकाले साविक नगरपालिका र गाउँ विकास समितिबाट प्राप्त भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । पालिका अन्तर्गत PAMS मा प्रविष्ट भएका सामाग्रीहरु हेर्दा यस आ.ब.मा खर्च भएर जानेतर्फ गत वर्षको मौज्दात नरहेकोमा यस बर्ष रु.३ करोड ४९ लाख ३ हजार ४ सय ९८ बराबरका सामाग्री खरिद भएकोमा रु. ३ करोड ४८ लाख ५३ हजार ३१८ खर्च भएको देखिन्छ भने खर्च भएर नजानेतर्फ गत आ.ब.को अल्या रु.५ करोड ६३ लाख ५९ हजार २९० रहेकोमा यस बर्ष २ करोड १४ लाख १७ हजार रहेकोमा रु.४२ लाख ४६ हजार ३१२ को सामग्री हस्तान्तरण भएको देखिएको छ । खप्ने जिन्सी मालसामानतर्फ सिलाई मेसिन ३५ थान रु.५२१२५१,सेनेटरी प्याड डिस्पोजल मेशिन २२ थान रु.९६३६००मा र डेस्टप २१ थान १००६१६३ र ल्यापटप १४ वटाको १३८९६९७ मा खरिद भएको देखिएको छ ।

३७.२ **ल्यापटप :** पालिका अन्तर्गत वडा कार्यालयहरुले समेत ल्यापटप, प्रिन्टर, सफ्टवेयर लगायतका सामाग्री खरिद गर्ने गरेको तथापि त्यसप्रकारका खर्च भएर नजाने जिन्सी अभिलेख पालिकामा अद्यावधिक नभै एकिकृत रुपमा अभिलेख व्यवस्थित हुने गरेको छैन । साथै, लेखापरीक्षणमा पेश भएको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार ल्यापटप संख्या २०० वटा रहेकोमा PAMS मा जम्मा ७९ वटा मात्र ल्यापटप देखिएकोमा बाँकी १२१ ल्यापटपको अवस्था हाल सम्म पनि यकिन गर्न सकिएन ।विगत वर्षको लेखापरीक्षणमा समेत यस सम्बन्धमा यकिन गर्नुपर्ने भनी उल्लेख भएकोमा हालसम्म कुनै पनि प्रगति भएको देखिएन। अत पालिकाले आ.ब.२०७८/०७९ मा जिन्सी अभिलेख बरबुझराथ नगरेको कारणले फरक पर्न गएको जनाएकोले सो समयमा जिन्सी बुझ्ने कर्मचारीमार्फत पालिकाले सहायक जिन्सी खाता माग गरी सो ल्यापटप के को सँग रहेको छ यकिन गरी अद्यावधिक गर्नुपर्दछ ।

मोबाईल : यस आर्थिक वर्षमा खरिद भएका मोबाईल १ वटा खरिद भएकोमा हालसम्म मौज्जाद ११ वटा रहेकोमा ७ वटा पालिकाको जिन्सी शाखासँग अद्याविधिक विवरण रहेकोमा बाँकी ४ थानको अवस्था यकिन भएको देखिएन। विगत वर्षको लेखापरीक्षणमा समेत यस सम्बन्धमा यकिन गर्नुपर्ने भनी उल्लेख भएकोमा हालसम्म कुनै पनि प्रगति भएको देखिएन।अत सो मोवाइल कस्को नाममा रहेको छ यकिन गरी प्रयोगकर्ता विवरण सहित जिन्सी अध्यावधिक गर्नुपर्दछ ।

रिभल्विङ्ग चेयर - यस आर्थिक वर्षमा खरिद भएका १९ वटा कुर्सी सहित हालसम्म मौज्जाद २२९ वटा रहेकोमा ८६ वटा पालिकाको जिन्सी शाखासँग अद्याविधिक विवरण रहेकोमा बाँकी १४३ थानको अवस्था यकिन भएको देखिएन । पालिकाले सो चेयर के को सँग रहेको छ यकिन गरी अद्यावधिक गर्नुपर्दछ ।

३८ **खेलकुद प्रशिक्षक -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायत ऐनमा तोकिएका पदमा बाहेक अन्य पदमा करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ। त्यसै गरी ऐनको दफा ८३ मा स्थानीय तहले आफ्नो कार्यवोझ राजस्व क्षमता खर्चको आकार स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहको संगठन संरचना कायम गर्नुपर्ने र सोही संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कर्मचारीको लागि चाहिने तलव भत्ता जस्ता सेवा सुविधाको लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने स्थायी र करार सेवाबाट पुर्ति गरिने दरवन्दी प्रस्ताव तयारी गरी स्वीकृत दरवन्दीमा तोकिएको प्रक्रिया पुरा गरी

पदपुर्ति गर्नुपर्ने तथा स्थानीय तहको सेवा संचालनको लागि अस्थाई दरवन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ।पालिकाले भलिवल र बक्सिङ्गका लागि १/१ जना खेलकुद प्रशिक्षक नियुक्ति गरी मासिक रु.२०००० को दरले रू.५२०००० भुक्तानी गरेको छ। पालिकाले आफ्नो संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी स्पष्ट दरवन्दी समेत स्वीकृत नभएको अवस्थामा स्थायी रुपमा तलव भत्ता भुक्तानी हुने गरी खेलकुद प्रशिक्षक नियुक्ति गर्नु मनासिव देखिदैन। पालिकाले खेलकुद कार्यको कार्यबोझ र सोको लागि आवश्यक सम्भावित आयस्रोत समेत विश्लेषण नगरी पालिकामा खेलकुद प्रशिक्षणका नियमित काम समेत हुने स्पष्ठ नगरी उल्लिखित प्रशिक्षकहरुले कार्यालयमा नियमित हाजिर समेत नगरी रकम भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

सि. नं.	नाम	विधा	प्रति महिना	भुक्तानीमा भएको रकम
१.	आसन खत्री	भलिवल प्रशिक्षक	२००००	२६००००
२	धन बहादुर मगर	बक्सिङ्ग प्रशिक्षक	२००००	२६००००
३	खेलकुद पदाधिकारीहरु विजय कुमार सिंह लगायत ५ जना	खेलकुद पदाधिकारी		४५६०००

अनियमित भएको	९,७६,०००

३९ **प्रेस संयोजक –**

गाँउ तथा नगरसभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा नगरपालिकामा पदाधिकारीहरूको लागि १ जना स्वकीय सचिव राख्न सकिने व्यवस्था छ भने कानूनी सल्लाहकार/प्रेस संयोजक राख्ने व्यवस्था भएको देखिदैन ।पालिकाले स्वकीय सचिव एक जना राखेकोमा सो पश्चात प्रेस सल्लाहकारमा खेमराज दाहालसँग सम्झौता गरी बार्षिक रु.४५१४९० भुक्तानी गरेको देखिन्छ ।पदाधिकारीको सुविधा सम्वन्धी ऐनमा व्यवस्था नै नभएको प्रेस सल्लाहकार पद उल्लेख गरी करार सम्झौता बमोजिम भुक्तानी भएको रकमलाई नियमसम्मत मान्न नसकिएको रु .

अनियमित भएको	४,५१,४९०

४० **आर्थिक सहायता -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्तिलाई रू.१६८६००० आर्थिक सहायता वितरण गरेको देखियो।अधिकांश आर्थिक सहायता गरिवीको अवस्था देखाएर उपचार खर्च माग गरेको देखियो । सामान्य ज्वरो आएको देखी खुट्टामा सामान्य चोटपटक लागेको व्यक्तिले समेत आर्थिक सहायता वितरण गरेको देखिन्छ । आर्थिक सहायतामा रु.१० हजारसम्म मेयरको तोकआदेशबाट भुक्तानी हुने गरेको र सो भन्दा माथीको रकमको लागि कार्यपालिकाले निर्णय तथा अनुमोदन गर्ने गरेको देखियो । वितरण भएका अधिकांश रकम रु.१०००० भन्दा कम देखिएकोले अधिकांश आर्थिक सहायता तोक आदेशको आधारमा मात्र वितरण हुने गरेको देखिन्छ ।पालिका आफैले तयार गरेको त्रियुगा नगरपालिका अति विपन्न नागरिक औषधोपचार सहयाोग सम्वन्धि मापदण्ड २०७४ मा नेपाल सरकारले निशुल्क उपचार गर्ने रोग बाहेका रोगको उपचारमा अधिकतम रु.५००० उपलब्ध गराउन सकिने व्यवस्था रहेकोमा सो भन्दा बढी रकम समेत तोकआदेशको भरमा दिएको देखिएकोले पालिकाले आफैले तयार गरेको मापदण्डको पालना गरी यस्ता सहायता रकमलाई न्यूनिकरण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

कूल आन्तरिक आय	आर्थिक सहायता शिर्षकबाट	आर्थिक सहायता प्राप्त गर्नेको	
		संख्या	रकम
६०९७५९७१.२६	१६८६०००	१५१	१६८६०००

४१ **अतिथी सत्कार तथा विविध खर्च -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष विविध खर्च अन्तर्गत विविध खर्च शिर्षकबाट रु. ४४ लाख ८६हजार र विशिष्ट व्यक्ति तथा प्रतिनिधी मण्डलको भ्रमण खर्च शिर्षकमा रु.८ लाख गरी कुल रु. ५२ लाख ८६ हजार खर्च गरेको छ।जुन आन्तरिक आयको ७.०८ प्रतिशत हुन जान्छ।पालिकाले पेश गरेको श्रेस्ता अनुसार विविधबाट तपसिल अनुसारको खर्च शीर्षकमा खर्च गरेको देखिएकोले चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

खर्चको विवरण	रकम रु
कार्यालय प्रयोजनको लागि खाएको खाना तथा खाजा वापत	२९०९००९
नगर प्रमुख र अन्य व्यक्तिहरु विभिन्न मितिमा काठमाडौं जाँदा खाएको खाना खाजा तथा होटल वास	९६१३९७
बिशिष्ट व्यक्तिहरुको आगमनमा भएको खर्च वापत	१५४५०
राजश्व संकलनमा खटिएका कर्मचारीहले खाएको खाना र खाजा वापत	२६१३४५
शव ओसार पसार वापत	१५००
कार्यालयको विविध खर्चहरु वापत	१५६१८५
मौला पूजा तथा विश्वकर्मा पूजा वापत	२५५४५०
जारको पानी वापत	१६२७२०
कार्यक्रममा भएको खाजा खर्च	४५६८८
मुद्धाहरुको अदालती शुल्क	१६९३०

४२ **ईन्धन खर्च** -

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०८१ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त १४ थान विभिन्न सवारी साधन रहेकोमा पदाधिकारी इन्धनमा रु.६० लाख, इन्धन कार्यालय प्रयोजन शिर्षकमा रू.५० लाख र इन्धन अन्य शिर्षकमा रू.१० लाख गरी जम्मा रू.१ करोड २० लाख इन्धनमा खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र दमकल, ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्णरुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

सवारीसाधनको विवरण			
सि.नं.	साधनको नाम	संख्या	सवारी साधन नंम्बर
१	टिपर	१	स१ग३७
२	नेङ्कसन (रातो गाडी)	१	स.१ग५३१
३	सव-बहान बोलेरो सेतो	१	प्र.२-०१-००१फ००१
४	बोलेरो सिल्भरकलर	१	स.१फ४९३
५	हेक्सा ब्लाक ह्वावाइट	१	प्र.१-०५-००१फ
६	न्यू होल्याण्डट्र्याक्टर	१	स.१त३८८९
७	न्यू होल्याण्डट्र्याक्टर	१	स.१त३८९०
८	न्यू होल्याण्डट्र्याक्टर	१	स.१त३८९१
९	ट्र्याक्टर	२	स१त ४८६ स१त १००२
१०	व्याकोलोडर JCB	१	प्र१-०२-००१ग०२२५
११	दमकल	१	स १क १२५
१२	सुमो (सेतो)	१	स.१झ३३३
१३	निसान (निलो गाडी)	१	बा.१झ४२२८
१४	व्याकोलोडर	१	(प्र-०१-०५-००१-क-००५०
१५	पानी ट्याङ्कर	१	(प्र-०१-०५-००१-ग-०००६)
१६	अटो	२	प्र-०१-०५-००१-क्ष-००१ & २
१७	टिपर	१	(प्र-०१-०५-००१-ग-०००५)
१८	ट्र्याक्टर	२	प्र-०१-०५-००१-द-०००२र ३

४३ **मर्मत सम्भार खर्च** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रिया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत उल्लिखित सवारी साधनहरुको मर्मतमा सवारी साधन मर्मत शिर्षकबाट रु. ३४ लाख ९९ हजार ४२८, जेसिभी मर्मत शिर्षकबाट रु. ८ लाख ८५ हजार ४६७ र अन्य सवारी साधन मर्मतमा रु.५७५१३२ खर्च लेखेको पाइयो।मर्मतलाई मितव्ययी बनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सि.न.	सवारीको नम्बर	भुक्तानी भएको रकम	कैफियत
१	स १ झ ५३१	२४११००.७२	जिप
२	प्र१०२००१ग०२२५	३५७७५५.६६	जे.सि.वि.
३	प्र-०१-०५-००१ झ ०००१	२३१२११.७२	नगर प्रमुख जिप
४	स १ झ ४९३	५२२०७२.१७	नगर उप-प्रमुख जिप
६	स १ ब १२८२	१४९००.००	मोटरसाइकल
७	प्र-०२-००१-झ-०००१	१०२७८३.११	सव वहान
८	स १ त ३८८९	१४०८८७.५२	ट्र्याक्टर
१०	बा १ झ ४२२८	४५७९४६.०६	जिप
१४	स १ ग ३७	५७७८५२.०१	टिपर
१५	स१व९०३	२५०५२.१०	मोटरसाइकल
१६	को ७ प ७४५४	१९२६४.२९	मोटरसाइकल
१७	प्र-०१-०५-००१-क-००५०	७०२६६५.९८	जे.सि.वि.
१९	स १ ब ९०१	१७१६१.००	मोटरसाइकल
२१	प्र. ०१-०-००१ प ७१५०	३२१४९.८२	मोटरसाइकल
२२	प्र-०१-०५-००१ ब ००८०	२५००.००	मोटरसाइकल
२३	स१ब १२५२	७९००.००	मोटरसाइकल
२४	स १ क १२५	२०८९८०.२७	दमकल
२५	प्र-०१-०५-००१-द-०००३	८१२९३.२०	ट्र्याक्टर
२७	स १ त ३८९१	५१९१२७.२४	ट्र्याक्टर
२८	प्र-०१-०५-००१-ग-०००६	१४०९८०.७९	पानी ट्र्यांकर
२९	जेनेरेटर	८०६२७.७६	जेनेरेटर
३०	स १ ब १२५७	१४०५०.००	मोटरसाइकल
३१	प्र-०१-०५-००१-क्ष-००२	२७७७०.१७	अटो
३४	प्र-०१-०५००२प-०७१४	३४०९.९९	स्कुटर
३५	स १ व ८८३	७०३८.३४	मोटरसाइकल
३६	प्र-०१-०५-००२ ब ०२३०	१४२५४.३०	स्कुटर
३७	प्र-०१-०५-००१-ग-०००५	१२७५९४.९९	टिपर
३८	स १ व ३२०	१७३६०.००	मोटरसाइकल
३९	प्र-०१-०५-००१ ब ००५५	१९५५०.००	मोटरसाइकल
४०	स१ब ९०५	२९७१२.३२	मोटरसाइकल
४१	प्र-०१-०५-००१-ग-०००६	१४०९८०.७९	पानी ट्र्यांकर
४२	टोटल स्टेशन	६१०९५.००	मोटरसाइकल
४३	प्र-०२-०५-००१ ब ०१५३	८०००.००	स्कुटर

४५	स १० प ५१३०	५०००.००	मोटरसाइकल
जम्मा		४९६००२७.३०	

४४ **अतिरिक्त समय र फिल्ड भत्ताः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। त्यस्तै अर्थ मन्त्रालय कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र विदाको दिनमा काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई मात्र खाजा खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कानून नबनाई यो बर्ष विहान वेलुका र सार्वजनिक विदाको दिन खट्ने कर्मचारीहरुको लागि नगर कार्यपालिकाको निर्णय अनुसार सेवा सुविधा वापतको रकम रु.३४९२९६ र १७ जना प्राविधिक कर्मचारीहरुलाई मासिक अधिकृत स्तरको कर्मचारीको लागि रु.१० हजार,सव इन्जिनियर ८०००,असिसटेन्ट सब इन्जिनियर रु.७००० गरी फिल्ड भत्ता वापत १२ महिनाको २२६२००० गरी जम्मा रु.२६११२९६ खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको देखिन्छ । यसरी कानुन नबनाई खर्च गर्ने परिपाटीमा नियन्त्रण गरी आन्तरिक आयलाई समेत ध्यानमा राखी खर्च गर्नुपर्दछ ।

४५ **फोहरमैला व्यवस्थापन** -

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन।

त्रियुगा नगरपालिकाको वडा नं. ३ देखी १३ वडाका विभिन्न बजारबाट साप्ताहिकरुपमा बिहान र दिउसोको सिफ्टमा पालिकाले आफेले फोहोर संकलन गर्ने गरेको देखियो । पालिकाले फोहोरमैला व्यवस्थापन कार्यविधी,२०७७ जारी गरेको र सो को परिच्छेद ५ मा फोहोरमैला शुल्क उठाउन सकिने व्यवस्था रहेकोमा पालिकाले अहिलेसम्म कुनै पनि न्यूनतम दररेट तोकिएको देखिएन । फोहोरमैला व्यवस्थापनको लागि वडा १२ मा रहेको सार्वजनिक जग्गा प्रयोग गर्ने गरिएकोमा हाल वन जंगल भएको खाली क्षेत्रमा फोहोर मैला फाल्ने गरेको देखिएको छ ।

४६ **पेश्की कायम नगरी खर्च** - (८३१/2082-03-20):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१९९,४४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४७ **धरौटी सदरस्याहा** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ र ६८ को व्यवस्था अनुसार फिर्ता लिन नआएको, नाम नामेसि नखुलेको धरौटीलाई प्रयोजन समाप्त भएको वा शर्त बमोजिमको अवधि समाप्त भएपश्चात राजश्व आम्दानी बाध्नुपर्ने व्यवस्था छ ।सुत्र प्रणालीको विवरण अनुसार रु.४ करोड १४ लाख ७३ हजार ५६८ बाँकी रहेकोमा रु. ९१ लाख ३३ हजार ४४६ हजारको धरौटी प्रयोजन समाप्त भएको देखिन्छ । पालिकाले आवश्यक प्रक्रिया पुरा गरी धरौटी सदरस्याहा तथा फिर्ता गर्नुपर्ने यकिन गरी धरौटीलाई व्यवस्थित गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ४७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४८ **पेश्की बाँकी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ ।साथै, खरिद सम्झौता अनुसार आपूर्तक, सेवा प्रदायक वा निर्माण व्यवसायीलाई पेश्की भुक्तानी गर्दाको बैंक जमानत, सम्झौतामा तोकिएको शर्त, तरीका र अवधीमा पेश्की फछ्र्योट अवस्था, ढिलो फछ्र्योटमा नियम ५१ बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्षसम्म निम्न कार्यक्रम/ योजनामा विभिन्न निर्माण व्यवसायी/निकाय/व्यक्ति तथा संस्थालाई रु. ४२ लाख ५२ हजार ७७५ पेश्की दिएकोमा म्याद नाघेको पेश्की रु. ५ लाख ३१ हजार ७३३ रहेको छ । अत समयमानै म्याद नाघेको पेश्की फछ्र्योट गर्नुपर्ने रु.

क्र.सं.	पेश्कीको विवरण	पद/ प्रयोजन	कर्मचारी/संगठनको नाम थर	चालु आ. व.	
				म्याद ननाघेको	म्याद नाघेको
१	आर्थिक सहायता	अधिकृत छैठौं	अन्जना कार्की	०	१४००००
२	वडा नं. १४ र १५ को बिचमा पर्ने लटाङ्ग खोलामा कल्भर्ट निर्माण (क्रमागत)	वडा नं. १४ र १५ को बिचमा पर्ने लटाङ्ग खोलामा कल्भर्ट निर्माण (क्रमागत)	जनज्योती निर्माण सेवा	२९५०००	०
३	हेफर साझेदारी	हेफर साझेदारी	हेफर प्रोजेक्ट नेपाल	०	४४९०८
४	सडक बत्ति सम्बन्धी खर्च	सडक बत्ति सम्बन्धी खर्च	नेपाल विधुत प्राधिकरण	१८४४७४	०
५	हेफर साझेदारी	हेफर साझेदारी	हेफर प्रोजेक्ट नेपाल	१४६८२३२	०
६	आ.व. २०८०/८१ मा छनोट भइ प्रशिक्षणरत कार्यगत अभ्याससहितको तालिम संचालन निरन्तरता	आ.व. २०८०/८१ मा छनोट भइ प्रशिक्षणरत कार्यगत अभ्याससहितको तालिम संचालन निरन्तरता	अर्ल इलेक्ट्रोनिक्स एण्ड टेक्निकल इन्स्टिच्यूट प्रा.लि.	५४३५००	०
७	आ.व. २०८०/८१ मा छनोट भइ प्रशिक्षणरत कार्यगत अभ्याससहितको तालिम संचालन निरन्तरता	आ.व. २०८०/८१ मा छनोट भइ प्रशिक्षणरत कार्यगत अभ्याससहितको तालिम संचालन निरन्तरता	जयन टेक्नीकल कलेज अफ टेक्नोलोजी प्रा.लि.	५०००००	०
८	आ.व. २०८०/८१ मा छनोट भइ प्रशिक्षणरत कार्यगत अभ्याससहितको तालिम संचालन निरन्तरता	आ.व. २०८०/८१ मा छनोट भइ प्रशिक्षणरत कार्यगत अभ्याससहितको तालिम संचालन निरन्तरता	जिभ क्यारियर इन्ष्टिच्यूट प्रा.लि.	४३२३३६	०
९	जनता संग मेयर कार्यक्रम	जनता संग मेयर कार्यक्रम	सन्जा कुमारी दनुवार	०	१००००
जम्मा				३७३६०४२	१९४९०८

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **६८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	१,९४,९०८

४९ **कर्मचारीको म्याद थप** -

पालिकाले आवश्यक कर्मचारीको व्यवस्थापनको लागि प्रदेश निजामती सेवा नियमावली २०८१ को नियम ९ बमोजिम पद दर्ता गरेरमात्र सो पदमा कर्मचारी नियुक्ती गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ ।पालिकाले विगत वर्षमा कार्यरत रहेका ज्यालादारी कर्मचारीहरुलाई मिति २०८१।५।९ को बैठक संख्या ३७ ले कर्मचारीहरुको म्याद थप सम्बन्धी निर्णय गरेको देखिन्छ । जसमा कार्यपालिकाले निर्णय गरेका देहायका नाम पद भएका कर्मचारीको ज्यालादारी भनी उल्लेख गरेकोमा सो लाई केरमेट गरी करार सेवा बनाएर तलव भत्ता भुक्तानी गरेको देखिन्छ ।यस सम्बन्धमा यथार्थमा यथर्थता एकिन गर्नुपर्दछ । यसरी पालिकामा हुने पदहरु दर्ता नगरी ज्यालादारीलाई करार सेवामा नियुक्ति गरेको देखिएको र कार्यपालिकाको निर्णय विपरित ज्यालादारीलाई करार र साविकको तलवको स्केल नै परिवर्तन गरी भएको भुक्तानी भएको देखिएकोले यसरी केरमेट गरी सम्झौता भएको बारेमा नगरसभा जवाफदेही हुनुपर्दछ ।

५० **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारी तथा कर्मचारीको बैठक भत्ता वापत रू.२८ लाख ६ हजार र कर्मचारीको बैठक भत्ता वापत रू.११ लाख ४४ हजार ८०० समेत जम्मा रू.३९ लाख ५० हजार ८ सय खर्च गरेको देखियो, जुन आन्तरिक आयको तुलनामा ५.२९ प्रतिशत देखियो। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

५१ **चाडवाड खर्च** - (१७-2081-06-21):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सग्लन गरी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। करार सम्झौता गर्दा कर्मचारीलाई करार सम्झौता गरेको ६ महिना नपुगी चाडवाड खर्च भुक्तानी गर्न नमिल्ने भनी उल्लेख भएकोमा करारको अवधि ६ महिना नपुगी उक्त रकम भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको रु.

सि.न.	नाम थर	पद	नियुक्ती मिति	चाडवाड खर्च
१	बिक्रम कुमार शर्मा	इलेक्ट्रेसियन	२०८१ श्रावण १ देखी नियुक्ती	२०७००

असुल गर्नुपर्ने	२०,७००

५२ **दोहोरो सुविधा** -

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा ३ को अनुसुची १(ख) अनुसार यातायात खर्च वापत वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई रु.४५०० मासिक सुविधा पाउने व्यवस्था छ। तर पालिकाले मासिक सुविधा यातायात वापत रु.४५०० भुक्तानी गरेको अवस्थामा पुन आ.व. २०७९।८० को नगर कार्यपालिकाको निर्णय नं. २० बमोजिम वडा अध्यक्ष तथा पालिका सदस्यहरुलाई प्रति महिना १० लि पेट्रोल तथा वडा नं १४, १५ र १६ का वडाध्यक्षलाई १५ लिटर दिने निर्णय

अनुसार सवारी साधन नबुझी यातायत खर्च लिएर पुन इन्धन खर्च लिन मिल्ने दिएन ऐनमा भएको व्यवस्था विपरित निर्णय गरी दोहोरो खर्च गरेको रकम सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने रु.

सि.न.	नाम	पद	वडानम्बर	जम्मा	दर औषत	जम्मा
१	राज कुमारराउत	वडाअध्यक्ष	८	१५०	१५६.५०	२३४७५.००
२	किरणपाण्डे	वडाअध्यक्ष	१०	१५०	१५६.५०	२३४७५.००
कुल						४६९५०

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **१५,१८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **६,२६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२५,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१२,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **३१,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **२५,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **३७,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **१४,०८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१५,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	४६,९५०

५३ **पदाधिकारी सुविधा** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.१ करोड २४ लाख ४२ हजार खर्च गरेको देखिन्छ जुन पालिकाको आन्तरिक आय रू.७ करोड ४५ लाख ५७ हजारको १६.६८ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

सि.नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक्ष १६ जना	कार्यपालिका सदस्य ८जना	सभाका सदस्य ५७ जना	जम्मा ८५ जना
१	बैठक/ अनुगमन भत्ता	१३२०००	१३२०००	८६४०००	१९२०००	०	१३२००००
२	यातायात खर्च	०	०	५४००००	२४००००	१७१००००	२४९००००
३	टेलिफोन,मोबाइल	४८०००	४८०००	४८०००	१४४०००	१०२६०००	१३१४०००
४	पुस्तक,पत्रीका,ईन्टरनेट	२४०००	२४०००	२४०००	९६०००	६८४०००	८५२०००
५	समन्वय तथा सहजीकरण/ खाजा खर्च	६६०००	६६०००	६७२०००	१४४०००	१०२६०००	१९७४०००
६	अतिथि सत्कार	१२००००	७२०००	९६००००	२४००००	१७१००००	२२३८०००
७	खानेपानी/ बिजुली	४२०००	३००००	१९२०००	९६०००	६८४०००	१०४४०००
८	सरसफाई	३६०००	३६०००	१९२०००	९६०००	०	३६००००
९	चाडपर्व खर्च	१००००	१००००	१६००००	८००००	५७००००	८५००००
	जम्मा	४७८०००	४१८०००	४०८४०००	१३२८०००	७४१००००	१२४४२०००

५४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका १६ वटा वडामा १८ वटा योजना सञ्चालन गरी यस वर्ष ७४ जनालाई औसत ९८.७२ दिनले ६२६६ दिन रोजगारी उपलव्ध गराई रु.५४६५८१२ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

५५ **बढी तलबभत्ता** –

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **२८०,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५६ **दोहोरो सुविधा** – (८५-2081-09-22):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **४,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५७ **परामर्श सेवाको करकट्टी** - (९१-2081-07-14):

आयकर ऐन २०५८ को दफा ८८ बमोजिम परामर्श सेवा खरिद वापत १५ प्रतिशत कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । पालिकाले मिति २०८१।४।३० मा गरेको सम्झौतामा परामर्श सेवा खरिद वापत विना पाण्डेलाई परामर्स सेवा वापत बार्षिक रु.४९७७९९ भुक्तानी गरेकोमा मुल्य अभिवृद्धी कर बिजक जारी नगरेको देखिएकोले बिजक जारी नहुदा १५ प्रतिशत करकट्टी वापत रु.७४६७० कर कट्टी गर्नुपर्नेमा १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टी भएको देखिएकोले बाँकी रु.६९६९२ र मिति २०८१ श्रावण ३० गतेको करार सम्झौताको बुँदा नं. ७ मा २०८१ श्रावण २० गतेबाट मात्र करार सम्झौता लागु भएको र सोहि मितिदेखी मासिक रु.४३६८९।– मासिक तलव भुक्तानी हुने भनी उल्लेख भएको देखिएकोमा तलव भत्ता भुक्तानी गर्दा २०८१ श्रावण २० बाट मात्र भुक्तानी गर्नुपर्नेमा पुरै श्रावण महिनाको रकम भुक्तानी भएको देखिएकोले सम्झौता रकमभन्दा बढी भएको रु.२७६६९ गरी कुल रु.९७३६१ बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी रकम निजबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९७,३६१

५८ **बढी भुक्तानी** - (६६-2081-08-28):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात सग्लन गरी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करार सेवा शुल्कबाट रु.२२२८६८ भुक्तानी लेखेकोमा मिति २०८१।७।२९ को कार्यपालिका निर्णयनुसार निर्मला मगरको सट्टामा सरिता खत्रीलाई कार्यालय सहयोगी पदमा मासिक रु.२४७०२ भुक्तानी गर्ने गरी सम्झौता भएको छ । नयाँ कर्मचारीका सम्बन्धमा मिति २०८१।७।२९ मा निर्णय गरी कार्तिक १ बाट रकम भुक्तानी भएको देखियो । अत कार्तिक २९ गते करारमा राख्ने निर्णय गरेकोमा कार्तिक १ गतेबाट नै तलव भत्ता भुक्तानी गरिएको सम्बन्धमा कुनै विवरण संलग्न नगरी रकम भुक्तानी भएको देखियो । साथै निर्मला मगरको तलब समेत कार्तिक महिनाको मात्र भुक्तानी हुनुपर्नेमा करार सम्झौता हुनुभन्दा अगावै २०८१ मंसिर महिनाको समेत रकम भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको तलव रकम सम्बन्धित कर्मचारीबाट असुल हुनुपर्ने रु.

सि.न.	नाम पद	मासिक तलव	कैफियत
१	सरिता खत्री	२४७०२	कार्तिक महिनाको तलवबढी भुक्तानी
२	निर्मला मगर	२४७०२	मंसिर महिनाको तलव बढीभुक्तानी
जम्मा		४९४०४	

असुल गर्नुपर्ने	४९,४०४

५९ **भ्रमण खर्च** - (२१३-2082-03-04):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले अन्तरपालिका अनुगमन भ्रमण वापत राजु पराजुलीले लिनुभएको रु.८६०००० मध्ये रु.७३०२६५ पेश्की फर्स्यौट गरी बाँकी रकम पालिकामा दाखिला गरेकोमा निम्न व्यहोरा देखिएको छ -

- पालिकाले मिति २०८२।२।१० देखी २।१६ गतेसम्म नगरप्रमुख,उपप्रमुख सहितको टोली सहित कुल २० जना सहभागी रहने गरी सुदुरपश्चिम र लुम्बिनी प्रदेशका विभिन्न स्थानको अवलोकन भ्रमण गर्ने गरी कार्ययोजना स्वीकृत गराएर भ्रमण गरेको देखियो जसका लागि बा.प्र.१-००६ख-६२६२ को सवारी साधनको लागि रु.२२२०० का दरले ६ दिनको रु.१३३२०० नगद नै भुक्तानी भएको छ । पालिकाले भुक्तानी गर्दा बस संचालन गर्ने संस्थाको नाउमा रकम भुक्तानी गर्नुपर्ने देखिन्छ ।
- भ्रमणको अवधि भित्रको मिति २०८२।२।१२ मा Travel aspect गड्डाचौकी कञ्चनपुरबाट ४ दिनको लागि दैनिक रु.१६००० का दरले भारतीय सवारी साधन भाडामा लिने गरी रु.६४००० भुक्तानी गरेको देखिन्छ । यस्ता खर्चमा पालिकाले नियन्त्रण

गर्नुपर्दछ ।

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **५१,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६० **नाफामुलक संस्थामार्फत तालिम** - (१४५-2081-12-25):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लिखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। पालिकाले जनतासँग उपमेयर कार्यक्रमबाट प्रतिभा महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड त्रियुगा नगरपालिका वडा नं. २ लाई रु.१०००००० सहकारी संस्थाका महिलालाई क्रिष्टल, माला तथा चुरा बनाउने तालिम संञ्चालनको लागि भुक्तानी गरेको देखिन्छ ।पालिकाले कार्यक्रम संचालन गर्दा महिला समुहमार्फत संचालन नगरी नाफामुलक संस्थाबाट संचालन गरेको र संस्थाको लागत साझेदारी समेत नदेखिएकोले पालिकामा नै कार्यक्रम संचालनको लागि आवश्यक जनशक्ति हुदाँहुदै अन्य नाफामुलक संस्थालाई तालिम संचालनको जिम्मा दिएको कार्य नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,००,०००

६१ **कार्यक्रम प्रशिक्षण रकम** - (वित्तीय समानीकरण चालु ४१३-2082-01-03):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने व्यवस्था रहेको छ । पालिकाले युवा तथा महिलालाई पञ्चेवाजा तालिम तथा सिप हस्तान्तरण कार्यक्रमको झिगु नेवा पुचलाई रु.४०००००० भुक्तानी भएको छ ।कार्यक्रमको लागत अनुमान तयार नगरी सोझै एउटा फर्मसँग सम्झौता गरी खर्च गरी कार्यक्रम संचालनको लागि दमाहा,सनाई,नरसिंहा, टेप्को,झ्याम्टा,कर्नाल २/२ प्रति खरिद गरेकोमा तालिम कार्यक्रम समापन पश्चात सो समाग्री त्रियुगा युवा महिला पञ्चेवाजा समुह त्रियुगा ११ लाई हस्तान्तरण गरेको देखिन्छ । कार्यक्रम संचालन मिति २०८१।९।२७ देखी १०।२७ गतेसम्म दिनको २ सेसन संचालन भएको र सो कार्यक्रममा प्रशिक्षण गर्नको लागि रामचन्द्र सेवासँग सम्झौता गरी ३० दिनको प्रतिदिन २ सेसनका दरले एक महिनाको ६० कक्षाको रु.२५०० को दरले रु.१५००००० भुक्तानी भएको छ । पालिकाले तालिम कार्यक्रम संचालन गर्दा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी (पहिलो संसोधन) निर्देशिका २०८१ को दफा ६ अनुसार सबैप्रकारका गोष्ठि तालिम कार्यक्रममा बाहिरी श्रोतव्यक्तीको हकमा ३० कार्यदिनभन्दा बढी भएमा मासिक रु.४०००० दिने व्यवस्थाको पालना नगरी कक्षागत दररेट रु.२५०० ले भुक्तानी गरेको देखिन्छ ।यसरी मासिक दररेट बाट भुक्तानी नगर्दा स्वीकृत नर्म्स भन्दा बढी रकम भुक्तानी भएको देखिएकोले सार्वजनिक कोषको प्रयोग गर्दा प्रचलित नर्म्सको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ । प्रशिक्षकलाई भुक्तानी भएको रु.१२७५०० मा करकट्टी बाहेक रु.९३५०० बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित संस्थाबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९३,५००

६२ **तालिम खर्च** - (१८८-2082-02-06):

सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी (पहिलो संसोधन) निर्देशिका २०८१ अनुसार तालिम गोष्ठी लगायतका कार्यक्रम संचालन गर्दा गर्ने खर्चको मापदण्ड तोकेको देखिन्छ ।पालिकाले अमिन तथा सर्वेक्षकहरुको लागि JIS तालिम संचालन वापत रु.२९७५५१ भुक्तानी गरेकोमा कार्यक्रममा प्रशिक्षकको रुपमा सितारा कन्सल्ट प्रा.ली. काठमाडौंलाई ६ दिनको रु.९६००० सम्झौता गरी रकम भुक्तानी दिएको छ । प्रशिक्षकको खाना खाजा लगायतको व्यवस्थापन पालिकाले नै गरी पुन ६ दिनको रु.९६००० व्यवस्था रहेको देखिदैन साथै संलग्न कागजातमा प्रशिक्षक खाना रु.४५० र सहभागी खाना रु.३५० को दररेट बमोजिम रकम भुक्तानी हुदाँ प्रति

व्यक्ति १०० का दरले रु.१४०० बढी रकम भुक्तानी भएको देखिन्छ । यसरी एउटै कार्यक्रममा फरक फरक दररेट राखी गरिने खर्चमा पालिकाले नियन्त्रण गर्नुपर्दछ ।

६३ **जिन्सी सामाग्री दाखिला** - (वित्तीय समानीकरण चालु ८७८-2081-03-23):
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले य्याफ्टिङ्ग कार्यक्रम संचालनको लागि जिल्ला होटल तथा पर्यटन संघ उदयपुरलाई रु.३०००००० भुक्तानी गरेको देखिन्छ ।र्याफ्टिङ्ग संचालनको लागि आवश्यक कायक सेट थान २ ग्रिन होराइजन मल्टीप्रपोज बेलका ८ उदयपुरबाट मु.अ.कर सहित रु.७५००० का दरले रु.१५०००० मा खरिद गरी रकम भुक्तानी भएकोमा सो सामाग्री कार्यक्रम सम्पन्न भएपश्चात पालिकामा दाखिला भएको नदेखिएकोले जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,५०,०००

६४ **प्रमाण कागज** - (वित्तीय समानीकरण चालु ८८७-2082-03-23):
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने व्यवस्था रहेको छ। जिल्ला स्तरीय राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगीता मिति २०८२। २।२० देखी २।२२ गते सम्म संचालन भई नगर युवा तथा खेलकुद विकास समितिलाई रु.४३०००० भुक्तानी भएको देखिन्छ । प्रतियोगितामा कुन कुन विद्यालयबाट के कति विद्यार्थीहरु सहभागी भएका थिए कुनै विवरण पेश गरेको देखिएन । संलग्न कागजातमा खेलाडीको लागि जर्सी खरिद गरेकोमा पुन ट्याक सुट भनी ९० सेटको रु.१०८००० भुक्तानी भएको छ । सो ट्याकसेट व्यवस्थापक तथा खेलाडीको लागि भनी वितरण भएको देखिएपनि खेलाडीलाई जर्सी खरिद गरी वितरण भएको देखिदा दोहोरो पर्ने गरी खर्च गरेको देखियो ।कार्यक्रम अवधिभर खाना खाजामा रु.२७०,०००।-भुक्तानी भएको देखियो ।सो कार्यक्रममा पालिका स्तरीय रनिङ्गशिल्ड प्रतियोगिता रहेकोमा जिल्लाका ताप्ली,लिम्चुङ्गबुङ्ग र रौतामाई गाउपालिकाबाट खेलाडी आएको भनेर यातायात खर्च वापत रु.२५००० भुक्तानी भएको देखियो । अत जर्सी वितरण पश्चात पुन ट्र्याकसुट वितरण गरेको सम्वन्धमा पालिकाले यकिन गरी विभिन्न पालिकाबाट सहभागी आएको भनी भएको भुक्तानी रकमको सम्बन्धमा पुष्टाई हुने कागजात पेश हुनुपर्ने अन्यथा सो भुक्तानी रकम नगर युवा तथा खेलकुद विकास समितिबाट असुल हुनुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	२५,०००

६५ **जरिवाना रकम असुल** – (वित्तीय समानीकरण चालु ६५०-2082-02-26):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **२,६५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६६ **त्रुटीपूर्ण लागत अनुमान** - (२४४ आन्तरिक श्रोत-2082-03-23):
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्मस तथा दर रेटलाई आधार लिई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले लुहारेखोला पक्की पुल निर्माण कार्यका लागि डि.पि.आर. निर्माणको लागत अनुमान रु.१७९०२३५ तयार गरी सिलबन्दी दरभाउपत्र माग गरेकोमा प्राविधिक र आर्थिक प्रस्ताव बमोजिम सिभिकल इन्जिनियरिङ्ग प्रा.ली.सँग रु.१७५१५००।- मा सम्झौता गरी रकम समेत भुक्तानी भएको छ । जसअनुसार डीपीआरको लागत अनुमान तयार गर्दा नेपाल सरकार भौतिक पूर्वाधार मन्त्रालयले तयार गरेको नर्म्स र रेटको आधारमा तयार गरेकोमा नर्म्सको नोट खण्डमा रहेको विशेष पुलको लागि लागत अनुमान तयार गर्दा कुल मानिसको संख्या अनुसार हुने रकमलाई १.६ ले गुणन गरी आउने दररेट बमोजिम लागत अनुमान तयार गर्नुपर्ने भनी उल्लेख भएकोमा पालिकाले लागत अनुमान तयार गर्दा जनशक्ति संख्या बमोजिम हुने रु.४६१५२०।- लाई १.६ ले गुणन गर्दा हुने रु.७३८४३२ र अन्य खर्चको रु.५२८६५४.४ समेत जम्मा मूल्य अभिवृद्धी कर सहित रु.१४३१८०७.६३ को लागत अनुमान तयार गर्नुपर्नेमा रु.१७९०२३५ को लागत अनुमान तयार गर्दा रु.३५८४२७।३७ बढी रकमको लागत अनुमान तयार गरेको देखियो जसबाट

फर्महरु बिचमा हुने प्रतिस्पर्धामा नै फरक पर्ने देखिन्छ । यसरी पालिकाले लागत अनुमान तयार गर्दा ध्यान नदिएको कारणले फर्मलाई निजले कबोल गरेको दररेट भन्दा रु.३५०६२० बढी भुक्तानी भएको छ साथै पेश भएको आर्थिक प्रस्तावमा अक्षरमा तेह्र लाख र अंकमा रु. १५५००००।- उल्लेख भएको अवस्थामा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २३(९) बमोजिम अक्षर र अंक फरक भएको अवस्थामा अक्षरमा लेखिएको रकम मान्य हुनेछ भनी उल्लेख भएको देखिदा सो कानुनी व्यवस्थाको पालना नगरी अंकलाई मान्यता दिएकोमा रु. २५००००।– फरक परेको देखिन्छ । यसरी लागत अनुमानत तयार देखि मूल्याङ्कन सम्म गलत हुदा सिलिकन इन्जिनियरिङ्गलाई रु.६४१६१२ बढी भुक्तानी भई बढी व्ययभार परेको देखिएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

सि.न.	विवरण	नर्म्स अनुसारको दिन	दिएको दिन	दर	फरक	रकम
१	Road/ Highway engineer	८	९	५८५६	१	५८५६
२	Hydrologist	७	१३	५८५६	६	३५१३६
३	लागत अनुमान नर्म्स भन्दा बढी गणना रकम					३५०६२०
४	अक्षर र अंकमा परेको फरक					२५००००
जम्मा						६४१६१२

असुल गर्नुपर्ने	६,४१,६१२

६७ **बैठक संख्या र भत्ता रकम** - (राजश्व वाडफाड ४७६--2082-02-26):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६८ **चालु खर्च भुक्तानी दिन वाँकीः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) मा कार्यलय प्रमुखले सरकारी रकम खर्च गर्दा विनियोजित वजेटले नखाप्ने र वढि खर्च हुँने गरी दायित्व सृजना गर्नु हुदैन भन्ने उल्लेख छ। पालिकले देहाय अनुसार चालु खर्च भुक्तानी दिन वाँकी राखी भुक्तानी दिएको छ ।यस वर्ष पनि चालु खर्च भुक्तानी दिन वाँकी रहेको देखिन्छ।भुक्तानी दिन वाँकी राख्ने कार्यको नियन्त्रण हुनु पर्दछ ।

क्र.सं.	कारोवारकोसंक्षिप्त व्यहोरा	कार्यक्रमको नाम	भुक्तानी दिनबाँकी रकम
१	कर्मचारी तहवृद्धि सिफारिस समिति बैठक भत्ता	बैठक भत्ता	३०,०००
२	संगठनसंरचना र दरबन्दि सिफारिस समिति बैठक भत्ता	बैठक भत्ता	१७७,२००
३	जेसिबिमर्मत	जेसिबिमर्मत	२३६,५००
४	मसलन्दसामाग्रीहरु खरिद	मसलन्द	५९,०००
५	मसलन्दसामाग्रीहरु खरिद	मसलन्द	५८,०००
६	कार्यालयकोसूचना प्रकाशन	सूचनाप्रकाशन	५,०००
७	कार्यालयकोसूचना प्रकाशन	सूचनाप्रकाशन	५,०००
८	कार्यालयकोसूचना प्रकाशन	सूचनाप्रकाशन	५,०००
९	कार्यालयकोसूचना प्रकाशन	सूचनाप्रकाशन	५,०००.००
१०	कार्यालयकोसूचना प्रकाशन	सूचनाप्रकाशन	५,०००.००
११	कार्यालयकोसूचना प्रकाशन	सूचनाप्रकाशन	१०,०००.००
१२	वार्षिकप्रगती प्रतिवेदन छपाई वडा नं.१६	छपाई	५०,०००.००
१३	त्रियुगाज्ञानमाला पुस्तक छपाई	पुस्तकछपाई	२,४१२,५००
१४	ज्यालादारीकर्मचारीहरुको तलव	ज्यालादारीतलव	८५०,०००
१५	झोलुङ्गेपुल हेरालुको तलव	तलव	६,०००
१६	वडामाभएका विभिन्न कार्यक्रमहरु	विभिन्नकार्यक्रमहरु	३००,०००
१७	वडानं. ३ बाट करातेमा जाँदा भएको खर्च	करातेखर्च	१०,०००
१८	अनुगमनभ्रमण खर्च	अनुगमनभ्रमण खर्च	१२०,०००
१९	राजश्वपरामर्श समितिमा खुवाएको खाना खाजा वापत	खानाखाजा	५,६००
२०	खानाखाजा वापत	खाना खाजा	२८,०००
२१	खानाखाजा वापत	खाना खाजा	७५,०००
२२	खानाखाजा वापत	खानाखाजा	१०,०००.००
२३	अख्तियारकोबैठकको खाना खाजा वापत	खानाखाजा	१९,५००.००
२४	विभिन्नबैठक तथा कार्यपालिका मिटिङमा भएको खाना खाजा	खानाखाजा	१७४,६००.००
२५	छुटशिक्षण सहयोग अनुदान	शिक्षणसहयोग अनुदान	४२,३००.००
२६	आर्थिकसहयोग वडा नं. १३	आर्थिकसहयोग	१०,०००
२७	बिनापाण्डे र बिजय कुमार साहको गाडी भाडा	गाडी भाडा	२८,०००
२८	गुरुधामखानेपानी निर्माण एवं मर्मत (खानेपानी पाईप खरिद) वडा नं. १५	खानेपानीपाईप खरिद	१९७,६००
२९	बि.पि.चोकमाशालिक निर्माण	जनतासंग मेयर	३००,०००
३०	विपदकोव्यवस्थापनको लागि जस्ता तथा समाग्री खरिद	जस्ताखरिद	४००,०००

३२	बगरटोल सिँचाई	सिँचाई	३७५,०००
३३	देउरीगुम्बा कुलो सिँचाई योजना	सिँचाई	४७५,०००
जम्मा			६,४८४,८००

भुक्तानी दिन बाँकी राख्ने कार्यको नियन्त्रण हुँनु पर्दछ ।

६९ **घर भाडा -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले देहायका घर धनीसँग सम्झौता गरी पालिकाको वडा कार्यालय प्रयोजन तथा अन्य संस्थाको समेत गरी घर भाडा वापत रु.१५६२४०० भुक्तानी भएको देखियो। अतः पालिकाको आफ्नो पालिकाको कार्यालय प्रयोजन बाहेकको कार्यमा घरभाडा लिएर भाडा भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

सि.न.	प्रयोजन	कोठा	मासिक दर	बार्षिक	घरधनीको नाम
१	वडाकार्यालय वडा नं. १२(ऐलानी)	४ कोठा	१३०००	१५६०००	पम्फा कुमारी तामाङ्ग
२	वडाकार्यालय वडा नं. १२	६ कोठा	२००००	२४००००	पम्फा कुमारी तामाङ्ग
३	जनप्रेमीबाल बिकास केन्द्र वडा नं.११	३ कोठा	६०००	७२०००	विष्णुमाया ढकाल
४	११नं. वडा कार्यालय	५ कोठा	३०२५०	३६३०००	उमेश कुमार बस्नेत
५	९नं. वडा कार्यालय	४ कोठा	१०५००	१२६०००	चन्द्रकुमारी मगर
६	७नं. वडा अस्थायी प्रहरी चौकी	घर	१०४५०	१२५४००	शंकर खड्का
७	कार्यालयकोस्टोर प्रयोजन	१ कोठा	१००००	१२००००	विन्दा कुमारीप्रजापती
८	कार्यालय	१३ कोठा	३००००	३६००००	उमादेवी खतिवडा
जम्मा				१५६२४००	

अनियमित भएको	१,९७,४००

७० **होटल बास खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चको पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।पालिकाको कामको लागि पदाधिकारी तथा कर्मचारीहरु काठमाडौं भ्रमण गर्दाको खर्च भनी होटल विभिन्न भौचरबाट पटक पटक गरी होटल तथा सावरी चालकको नाममा विविध खर्च शिर्षकबाट रु.७८०७२२ रकम भुक्तानी भएको देखिन्छ ।पालिकाबाट भ्रमण गर्ने पदाधिकारीले कानुन बमोजिम भ्रमण आदेश स्वीकृत गराएर भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण बिल भुक्तानी गर्नुपर्नेमा सो नगरी एकमुष्ट खाना,खाजा तथा होटलबास भनी बिल पेश गरेकोमा पालिकाले प्रयोजन खुल्ने कागजात संलग्न नगरी रकम भुक्तानी गर्ने गरेको देखिएकोले पालिकाले यस्ता खर्च रकमको भुक्तानीमा नियन्त्रण गर्नुपर्दछ ।

७१ **सडक बत्ती –**

कोशी प्रदेशको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका,२०७९ को दफा २१(२) बमोजिम रकम विनीयोजन भएको अवस्थामा समयमा नै विजुलीको महशुल भुक्तानी गरी छुट लिनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । पालिकाले पालिका भित्रका

सडकमा जडान भएका सडक बत्तीको रकम समयमा नै भुक्तानी नगर्दा प्रत्येक वर्ष महशुल र सो को जरीवाना रकम समेत बढोत्तरी हुदै गएको भनी पालिकाले कार्यपालिकाबाट निर्णय गरी दुई पटक गरी रु.२३ लाख रकम एकमुष्ट दाखिला गरेको देखिन्छ । पालिकाको बाँकी दायित्व कति रहेको हो लेखापरीक्षणको क्रममा पेश हुन आएन । अत पालिकाले तिर्नुपर्ने रकम यकिन गरी सडक बत्तीको दिर्घकालिन व्यवस्थापनको लागि कार्ययोजना बनाउनुपर्ने देखिन्छ ।पालिकाले निम्न भौचरबाट रु.३०,००,००० को भुक्तानी गर्दा रु.२०४८१४७ को महशुल रकममा जरिवाना वापत ४९२५५९ भुक्तानी गरेको छ । जसबाट पालिकाले ठुलो रकम जरिवानामा खर्च गरिरहेको देखिएकोले यस्ता खर्चमा नियन्त्रण गरी समयमा नै महशुल बुझाउने तथा अनावश्यक बत्तीहरुको व्यवस्थापनमा समेत ध्यान दिनुपर्दछ ।

भौ.न.	सडककोनाम	बिलरकम	जरिवाना	भुक्तानीरकम
४३३-२०८२।१।३०	आदर्श टोलसडक बत्ती	५९७८७	१४९४६	२००००००
	चप्पन सडक वत्ती	५९८१५	१४९५४	
	प्रगती टोल	१४४३१३	३६०७८	
	आदर्श टोल	१२६२९७	३१५७४	
	लालपत्ता	११९४२८	२९८५७	
	बोटेटोल	१६४०३	४१००	
	सुनगाभा	१३३१४४	३३२८६	
	लालपत्ता सडक बत्ती	६०००६	१५००१	
	बोझा	१२६२९०	३१५७२	
	चुहाडे	१३३५९०	३३३९७	
	फारसेट टोल	१२४३४८	३१०८७	
	देउरी थरुहट टोल	१५७०७४	३९२६८	
	ढल्केटोल	८६८६२	२१७१५	
	बेहडवा	७९७१६	१९९२९	
	बुर्जाकाल्ला	८६७२४	२१६८	
४७४-२०८२।२।२५	नमुना टोल	१४१८५२	३५४३६	१००००००
	सडक बत्ती बैरानी टोल	१२५७३५	३१४३३	
	सडक बत्ती (राज बहादुर कार्की)	१२५१८०	३१२९५	
	नमुना टोल	१४१५८३	३५४६३	
जम्मा		२०४८१४७	४९२५५९	३००००००

७२ **कार्यक्षेत्र बाहिरका संस्थालाई अनुदान** - (१७६-2082-02-04):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै पालिकाको रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले भवन निर्माण कार्यका लागि शुशिला विशेश्वर स्मृती प्रतिष्ठान बिराटनगर मोरङ्गलाई रु.२००,००० नगद अनुदान र राजश्व बाडफाँडको भौचर नं. २२९ बाट वि.पी.कोइराला सोसलिष्ट इन्टरनेशनल नेपाल काठमाडौ रु.५००००।- दिएको देखिन्छ ।लागत अनुमान लगायतका कागजात पेश नगरी निवेदन पेश गरेको आधारमा समेत अनुदान दिएको देखियो ।पालिकाले आफ्नो कार्यक्षेत्रभन्दा बाहिर रहेका संस्थालाई लागत अनुमान पेश नगरी अनुदान वितरण गर्ने कार्यलाई नियमसम्मत मान्न नसकिएको रु.

अनियमित भएको	२,५०,०००

७३ **बढी भुक्तानी** - (बित्तीय समानिकरण चालु ४२-2081-06-15):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले वडा नं. ८ को लागि तिज विशेष कार्यक्रम संचालनको लागि रु.८०,००० भुक्तानी गरेकोमा टोल बिकास संस्थाले तिज बिशेष कार्यक्रम संचालन गर्दा खाना खाजाको विल राखी रकम भुक्तानी गरेकोमा सो मा जम्मा उपस्थिती संख्या १२५ जना रहेकोमा कार्यक्रममा खाजा खर्च ३२० जनालाई रु.१०० का दरले ३२००० खर्च भएको छ ।स्वीकृत नर्म्स बमोजिम खर्च गर्दा रु.२५०००।- मात्र भुक्तानी गर्न मिल्ने देखिएकोले नर्म्स भन्दा रु.७००० बढी खर्च गरेको देखिएकोले बडास्तरीय टोल बिकास संस्थाबाट असुल गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	७,०००

७४ **बिल रकम** - (बित्तीय समानिकरण चालु ७६-2081-07-16):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चको पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।पालिकाले त्रियुगा साना शहरी खानेपानी उपभोक्ता समितिको विगतको खानेपानीको महशुल वापतको बक्यौता रु.७०००० भुक्तानी गरेकोमा संलग्न विजक रु.६४५१७ मात्र रहेको देखिएकोले नपुग रु.५४८३ को बिल बिजक पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	५,४८३

७५ **शीर्षक फरक पारी खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नु पर्ने र एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार खर्च लेख्नु पर्नेमा फरक खर्च शीर्षकबाट खर्च लेखेको देहाय खर्च रकमलाई नियमसम्मत नदेखिएको रू.

गौ.भौ./ मिति	खर्च लेखेको	लेख्नुपर्ने	रकम	खर्च प्रयोजन
२३६-२०८२।३।२२	अन्तरपालिका भ्रमण खर्च	भ्रमण खर्च	३००००	कर्मचारीको सरुवा भ्रमण खर्च रकम भुक्तानी
२४२-२०८२।३।२२	भ्रमण अनुगमन	विविध खर्च	२५२००	खाजा खानाको विल रकम भुक्तानी
जम्मा			५५२००	

अनियमित भएको	५५,२००

७६ **बढी भुक्तानी** - (वित्तिय समानिकरण चालु ४७-2081-06-15):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्मस तथा दर रेटलाई आधार लिई लागत अनुमान तयार गर्नुपर्ने र नियम ८५ बमोजिम एक लाख रुपैयाँभन्दा बढीको सोझै खरिदमा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रूपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । त्रियुगा नगरपालिका वडा नं. ७ कार्यालयले कम्प्युटर तालिम संचालनको लागि त्रियुगा कम्प्युटर इस्टिच्युटलाई रु.३१८७०० कार्यक्रम

संचालन वापत भुक्तानी गरेको छ । कार्यक्रम मिति २०८१।५।२ देखी ६।१५ सम्म संचालन भएकोमा कार्यक्रम संचालन पूर्व संचालनको लागि सूचना प्रकाशन गरी दररेट माग नगरी सोझै सम्झौता गरी खरिद गरेको देखिन्छ यसरी सोझै खरिदमा तिनवटा फर्मसँग दररेट माग नगरी मूल्य अभिवृद्धी करमा दर्ता नभएको फर्मसँग सोझै सम्झौता गरी भएको कार्य नियमसम्मत देखिएन ।सो तालिम दैनिक २ घण्टा संचालन भएकोमा सो तालिमका प्रशिक्षक र सहायक प्रशिक्षकको प्रशिक्षण भत्ता वापत दैनिक हिसाबले गणना गरी ४५ दिनको रु.१६०० का दरले रकम भुक्तानी दिएको देखिन्छ । कोशी प्रदेशको सार्वजनिक खर्च मापदण्डमा एक कक्षा कम्तीमा २ घण्टाको हुनुपर्ने व्यवस्था रहेकोमा तालिममा समेत दैनिक २ घण्टा कार्यक्रम संचालन भएकोमा दुई जना प्रशिक्षक राखि दैनिक हिसाव गरी रकम भुक्तानी गर्दा देहायबमोजिमको रकम बढी भुक्तानी भएको देखिएकोले सो रकम सम्बन्धित संस्थाबाट असुल हुनुपर्ने रु.

सि.न.	प्रशिक्षकको नाम	जम्मा रकम	दिनुपर्ने रकम	फरक	करकट्टी	खुद भुक्तानी
१	जुनु दुनुवार	७२०००	४००००	३२०००	४८००	२७२००
२	मनिता राई	५८५००	३००००	२८५००	४२७५	२४२२५
३	प्रतिवेदन खर्च	१००००	३०००	७०००	१०५०	५९५०
जम्मा		१४०५००	७३०००	६७५००	१०१२५	५७३७५

असुल गर्नुपर्ने	५७,३७५

७७ **सुरक्षित नागरिक आवास**

शहरी विकास मन्त्रालयवाट जारी भएको सुरक्षित नागरिक आवास कार्यन्वयन कार्यविधि,२०७५ को परिच्छेद ३ अनुसार लाभग्राही संग सम्झौता भए पछि ६० प्रतिशत रकम पहिलो किस्ता वापत उपलव्ध गराउने र पहिलो किस्ताको रकमवाट जस्तापाता र काठ लगायतको समाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी प्राविधिकवाट अनुसुची ३ वमजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा अन्तिम किस्ता उपलव्ध गराउने व्यवस्था छ ।पालिकाले संघीय शसर्त गो भौ ३१६।२०८२।३।२५ वाट १९ जना वडा नम्वर ३ को लाभग्राहीलाई सम्झौता अनुसार रु ७५००० को दोस्रो किस्ता वापत रु १४२५००० भुक्तानी गर्दा कार्यविधिको पालना नगरेको हुँदा प्राविधिक प्रतिवेदन सहितको सिफारिस र कार्यविधि अनुसार कार्यसम्पन्न भएको प्रमाण पेश गर्नु पर्ने रु

प्रमाण पेश नगरेको	१४,२५,०००

७८ **विपद व्यवस्थापनः २०८१ साल असार २५ गते वडा ११ ढिम्कीमा वरुवा खोलामा रहेको वाध कटान गरेको अवस्थामा पालिकाले विपद कोषको गो भौ १०।२०८१।६।१० वाट रु १२९४४९७ खर्च लेखेको छ ।यस सम्वन्धमा देखिएको व्यहोरा देहाय अनुसार छ ।**

७८.१ **ईन्धन खपतः** नापी तथा कार्यसम्पन्न अनुसार २ वटा हाईड्रोलिक स्काभेटर ले जम्मा ६३.७० घन्टा र २ वटा जेसीभि ले जम्मा २७ घन्टा कार्य गरी जम्मा ८०४ लिटर ईन्धन खपत भएको भनिएको तर ईन्धन वापत १६०० लिटरको विल राखी रु २५१८४३ खर्च गरेको देखिन्छ।खपत भएको भन्दा ७९६ लिटर वढि ईन्धन खर्च लेखेको रु १२५२९१ को प्रमाण पेश गर्नु पर्ने रु

प्रमाण पेश नगरेको	१,२५,२९१

७८.२ **विविध विलः** ग्याभिएनमा ढुङ्गा भर्ने कामको लागि दर विश्लेसण अनुसार हेम वहादुर खड्कालाई रु २३४९५६ भुक्तानी भएको र फाउन्डेसनमा ढुगां भर्ने कामको रु २०८०८ खर्च लेखेको अवस्थामा विल भरपाईमा खाजा खाएको भनि ४ वटा विविध विलको आधारमा रु २५६४९० खर्च लेखेकोमा सो खर्च पुस्टाई हुन नसकेकोले खर्च पुष्टाई गरी नियमित गर्नु पर्ने रु

प्रमाण पेश नगरेको	२,५६,४९०

७८.३ **नर्मसको प्रयोगः** ग्याभिएनमा ढुङ्गा भर्ने कामको लागि सडक विभागको नर्मसको प्रयोग गरी भुक्तानी दिनु पर्नेमा विपदको कार्यमा २७० घनमिटर कार्य गर्दा दर विश्लेसण अनुसार प्रति घन मिटर रु ८०५ दरले भुक्तानी हुनु पर्नेमा डोलिडार नर्मसको आधारमा प्रति घन

मिटर रु ८७० को दरले हेम वहादुर खड्कालाई रु २३४९५६ भुक्तानी भएकोले वढि भुक्तान भएको रु १७५५० असुल गर्नु पर्ने रु

असुल गर्नुपर्ने	१७,५५०

७८.४ **खरिद समाग्रीको सदुपयोग -**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१,०३७,५९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७९ **राजश्व संकलन खर्च –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले विविध खर्च शिर्षकबाट विभिन्न समयमा नगर प्रहरी तथा कर संकलक मार्फत कर संकलन गरेको भनी खाना खर्च वापत रु.२८५१५५ भुक्तानी भएको छ ।खाना खर्च लेख्ने आधार, कार्यविधि र सम्वन्धित खाना खाने कर्मचारीहरुको हाजिरी प्रमाण र खाजा खाएर काम गरेको अवधिको राजश्व संकलन जस्ता खाजा खर्चलाई भुक्तानीलाई स्पष्ट गर्ने प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

भौ.न./ मिति	खर्चशिर्षक	रकम	प्रयोजन
१७५-२०८१।९।५	विविध खर्च	१४८०००	मिति२०८१।७।६ देखी मिति २०८१।८।१८ सम्म नगर प्रहरी तथा कर संकलन वापतको कार्य गर्दाखाना खाजा खाएको भनी विमल खत्रीलाई रकम भुक्तानी भएको ।
५१०-२०८२।२।२९	विवध खर्च	१३७१५५	नगरपालिकाकोघाटगद्दी गर्दा सवारी चालकलाई खाना खुवाएवापत बिमल खत्रीलाई भुक्तानी खानासंख्या ८७० वटा
जम्मा		२८५१५५	

प्रमाण पेश नगरेको	२,८५,१५५

८० **निजी संस्थालाई अनुदान -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहाय बमोजिमका निजी समुदायलाई कार्यक्रम तथा अनुदान दिएको देखिएकोले यस्ता खर्चमा पालिकाले नियन्त्रण गर्नुपर्दछ ।

गौ.भौ./ मिति	क्रियाकलाप	रकम
५५६-२०८२।१।२८	वडानं. ४ बाट खत्तडी बस्नेत सेवा समाज उदयपुर	२००००
६३१-२०८२।२।२०	हारमुनियमखरिद वापत तिनतले उदयपुर संगित केन्द्रलाई सामाग्री हस्तान्तरण वडा नं. १२ ले	९९८९२
६७४-२०८२।२।२८	रायमाझीकुल देउता समिति मन्दिर निर्माण वडा नं.११	१९९२५३
जम्मा		३१९१४५

उपयुक्त संस्थालाई दिएको अनुदानको उपयोगिताका सम्वन्धमा पालिकाबाट विल भरपाई सहित कामको अनुगमन हुनुपर्दछ ।

८१ **सफ्टवेयर खरिद-** (४३२-2082-03-21):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११७(१) बमोजिम आपूर्ति गराएको सेवा तोकिए बमोजिम गुणस्तर भए नभएको यकिन गरी स्वीकार गर्नुपर्दछ भने खरिद गरिएको सेवा प्रयोग भएको हुनुपर्दछ ।पालिकाले eBPS घर नक्सा सफ्टवेयर खरिद बापत रु ४,९०,७०२ खर्च गरेको भएपनी हालसम्म कार्यान्वयनमा आएको छैन। सर्भरको सार्वजनिक खरिद नियमावलीको नियम ११५ (१) बमोजिम परीक्षण प्रतिवेदनको अभावमा तोकिएको स्पेशिफिकेशन बमोजिमको सामग्री आपुर्ती भएको आश्वस्त हुन सकिदैन । अतः उक्त सफ्टवयरको आपूर्ती पश्चातको परीक्षण (PDI) प्रतिवेदन गरी प्रयोग भएको सुनिश्चितमा ध्यान दिनुपर्दछ ।

८२ **संस्थालाई अनुदान** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै पालिकाले स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले अनुदान वितरणको स्पष्ट कार्ययोजना, लक्षित गन्तव्य, अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको निश्चित र वस्तुगत मापदण्ड र प्रभावकारी अनुगमन संयन्त्र मार्फत कार्यक्रमको नियमित प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था गरी बजेट खर्चलाई नतिजामूखी बनाउदै यस्ता खर्च रकममा नियन्त्रण गर्नेतर्फ ध्यान दिएर वितरण भएको रकम वेवसाइटमार्फ सार्वजनिकरण समेत गर्नुपर्दछ ।

गौ.भौ.न./ मिति	कार्यक्रम	रकम	कैफियत
४१-२०८१।८।९	रियालिटी सो कार्यक्रम	२५०००	जनतासँग मेयरकार्यक्रम
४४-२०८१।८।१०	फाइवर डेस्क बेञ्चखरिद २० सेट	९८५८१	ज्योतीजनता बहुमुखी क्याम्पस चौदण्डिगढी न.पा.
८६-२०८१।९।२४	खाद्यान्न लत्ताकपडा	९९१२९	साझा सेवा घर उदयपुर
१३२-२०८१।१२।४	सामाजिक समावेशीकरणसम्बन्धी तालिम	१०००००	दिगो विकासमञ्च उदयपुर
१६७-२०८१।१२।२५	कार्यक्रम खर्च	२५०००	बगाहा युवा समुहको कार्यक्रमको रकम सुरेन्द्र कुमार राईलाईभुक्तानी भएको
२२५-२०८२।३।१५	महिला नेत्रीहरुकोलागि १ दिने अनुशिक्षण कार्यक्रम	१०००००	त्रियुगामहिला शक्ति उदयपुर
जम्मा		४४७७१०	

८३ **खर्चको पुष्टि** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **११,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **१५,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८४ **सूचना प्रकाशन** -

सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका २०८१ मा सार्वजनिक निकायले उपलब्ध स्रोत साधनको परिचालन र उपयोगमा पारदर्शिता, मितव्ययिता र प्रभावकारीता कायम गर्नुपर्ने उल्लेख गरेको देखिन्छ ।पालिकाले ढंगा गिटीको सूचना प्रकाशन गर्दा एउटै सूचनाबाट प्रकाशन नगरी पटक पटक प्याकेज गरी सूचना निकालेर रकम भुक्तानी गरेको देखिएकोले प्राप्त हुने आय समेतलाई ध्यान मितव्ययी तरिकाबाट खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

भौ.न.	विवरण	रकम	भुक्तानी
१३५	ढंगा गिटीको सूचनाप्याकेज १	२३७३००	त्रियुगा मिडियाप्रा.ली.
१५५	ढंगा गिटीको सूचनाप्याकेज २	२३७३००	सोलुसन मिडियाप्रा.ली.
४९०	बरुवानदी र त्रिभुवन नदीको नदिजन्य पदार्थ संकलनका लागि शिलवन्दी दरभाउपत्र आह्वानसूचना	११८६५०	सोलुसन खवर मिडियाप्रा.ली.
जम्मा		५९३२५०	

८५ **मर्मत संम्भार कोष कट्टी**-

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **३२३,५०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

८६ **अनुगमन भत्ता**- (४८४-2082-03-25):

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची- १(क) मा पालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य तथा वडा सदस्यहरुलाई मासिक रुपमा अनुगमन भत्ता बापतको सुविधाको व्यवस्था गरेको छ। पालिकाले मासिक अनुगमन भत्ता प्राप्त गरेको अवस्थामा अनुगमन समितिका सदस्यहरुलाई योजना अनुगमन बापत निम्नलिखित अनुगमन बापतको थप भुक्तानी दिएको पाईयो। ऐनले नियमित सुविधा दिएको अवस्थामा पुन: योजना अनुगमन बापत खर्च भएको रकम असुल हुनुपर्ने रु.

सदस्य नाम	पद	कर कट्टि पश्चातको रकम
नविन कुमार चौधरी	वडा अध्यक्ष	३४००
जम्मा		३४००

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **४,२५०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	३,४००

८७ **कार्यक्रम खर्चको पुष्टाइ -**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई तोकिएको ढाँचामा कर विजक दिनु पर्ने व्यवस्था छ। पालिकाले मानव अधिकार र वातावरण विकास केन्द्र (हुरेण्डेक) सँग विभिन्न कृषि कार्यक्रम सञ्चालन गर्ने सम्झौता भएको छ। पालिकाले केन्द्रलाई कार्यक्रम सञ्चालन बापत रु. ३,००,००० भुक्तानी गर्दा मानव अधिकार र वातावरण विकास केन्द्र (हुरेण्डेक) संस्था मुल्य अभिवृद्धि करमा दर्ता (३०१६०२०३५) भएको देखिएपनि मु.अ. कर विजक जारी नगरी भुक्तानी गरेको पाईयो। साथै पालिकाले कुन कार्यक्रममा के कति खर्च भएको यकिन नगरी रु. ३,००,००० भुक्तानी गरेको देखिन्छ। हुरेण्डेकबाट कार्यक्रम अन्तर्गतका कृयाकलापमा भएको यथार्थ खर्चको विवरणका साथै कार्यक्रम सञ्चालन बापत हुरेण्डेकलाई भुक्तानी भएको रकमको मुअ कर विजक पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,००,०००

८८ **उपभोक्ता समितिको काम निर्माण ब्यावसायीबाट गराएको-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१३क) बमोजिम उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति भविश्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने ब्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत सम्झौता गरेका योजनाहरु पुनः उपभोक्ताले निर्माण व्यवसायी मार्फत कार्य गराएको देखिन्छ । । केही उदाहरणहरु देहायबमोजिम छन्:

गोभौ/ मिति	उपभोक्ता समिति	रकम	निर्माण व्यवसायी	निर्माण व्यवसायीद्धारा पेश भएको विल रकम
४७, २०८१।८।७	माथिल्लो वरुवा सडक मर्मत तथा स्तरउन्नती योजना	१५००००	चन्दन कन्स्ट्रक्सन	१४४०७५
५३, २०८१।८।१२	शिखर स्पोर्ट भ्यू सेन्टर खेल मैदान निर्माण तथा मर्मत	२०००००	टशिदेले कन्स्ट्रक्सन प्रालि	२२८९९४
७२, २०८१।९।५	कौवाई खेलकुद मर्मत सम्भार उस	९०९१७	जय हनुमान आदर्श निर्माण सेवा	९५०१४
७४, २०८१।९।१८	वडा भरिको स्थानीय सडक मर्मत संभार उस	२९९४३२	बिशाल होम निर्माण सेवा	२६४०६४
२९६, २०८२।१।१८	धौरी कर्कले सडक निर्माण उस	४९५५३०	दुर्गा बिष्णु कन्स्ट्रक्सन	३७५६१२

८९ **स्वीकृत कार्यक्रम बाहिर खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। पालिकाले चिलाउने भञ्ज्याङ इनामे सडक स्तरउन्नती प्र.म. रोजगार साझेदारी शिर्षकमा रु. १,००,००० बजेट विनियोजन भएको देखिन्छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमको साझेदारिका लागि विनियोजित रकमलाई साझेदारिमा खर्च नगरी सम्पुर्ण रकम चिलाउने भञ्ज्याङ इनामे सडक स्तरउन्नती उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिले गरेको कार्य बापत भुक्तानी भएको छ। पालिकाले सभाबाट पारित भएको उद्देश्य बमोजिम खर्च नगरी अन्य कार्यमा खर्च गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,००,०००

९० **रोयल्टी रकम बढी भुक्तानी-**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **१९,७७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **१,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **१०,६५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **६,६२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **२,०७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **५,६७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **१,३७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **१,६३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९१ **समपूरक अनुदानको कार्य उपभोक्ता समितिबाट** -

कोशी प्रदेशको प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ९(१) मा समपूरक अनुदानको रकम खर्च गर्दा उपभोक्ता समितिमार्फत खर्च गर्न नपाईएने व्यवस्था छ। प्रदेश सरकारबाट समपूरक अनुदान प्राप्त त्रियुगा पार्क निर्माण कार्यमा रु. २९,८५,२३७ खर्च भएको छ। उक्त निर्माण कार्य त्रियुगा पार्क निर्माण उपभोक्ता समितिबाट भएको देखिन्छ। कार्यविधि बमोजिम समपूरक अनुदानको रकम उपभोक्ता समितिबाट खर्च गर्न नसकिने व्यवस्था भए बिपरीत पालिकाले उपभोक्ता समितिबाट कार्य गराइ भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२९,८५,२३७

९२ **सुरक्षित आवास परियोजना सञ्चालन** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले सुरक्षित नागरिक आवास कार्यक्रममा मिति २०८१।२।१ मा त्रियुगा नगरपालिका, ह्याविट्याट फर ह्युम्यानिटी नेपाल र मानव अधिकार र वातावरण विकास केन्द्र (हुरेण्डेक) बीच भएको सम्झौता बमोजिम वडा नं २,३,५,७,८ र १० का आवसविहीन भुमिहिन दलित/जनजाति र अति विपन्न ३० परिवारहरुको आवास निर्माण गर्ने गरी सम्झौता भएको देखिन्छ। सम्झौता बमोजिम परियोजनाको कुल खर्च रु. १,६२,६९,६६० रहेकोमा त्रियुगा नगरपालिकाबाट ७५,००,००० अर्थात ४४.७१ प्रतिशत, ह्याविट्याट नेपाल र हुरेण्डेकको तर्फबाट रु. ६०,००,००० अर्थात ३६.८८ प्रतिशत र घरधनिको तर्फबाट जनश्रमदान बापत रु.२९,९४,६६० अर्थात १८.४१ प्रतिशत लागत साझेदारी रहने देखिन्छ। उपभोक्ता समितिहरु गठन भई कार्य भएकोमा पालिकाले यस बर्ष यस कार्यक्रम बापत रु. १९,४९,१६२ भुक्तानी भएको छ। पालिकाको भनाई अनुसार यस परियोजनाको कार्य सम्पन्न भएको भनिएपनि कार्य सम्पन्न प्रतिवेदन पेश भएन। कार्य भएको परिमाण, कुल खर्च, सम्झौता वमोजिम सम्बन्धित पक्षहरुको योगदान जस्ता विषयहरु यकिन नभई पालिकाले यो बर्ष रु. १९,४९,१६२ भुक्तानी गरेको देखिन्छ। यस कार्यको कार्य सम्पन्न रकम यकिन गरी सम्बन्धित पक्षहरुको योगदान सहित यस आर्थिक बर्षमा पालिकाले भुक्तानी गरेको रकम सम्झौता बमोजिमको सिमा भित्र नै रहेको सम्बन्धमा प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१९,४९,१६२

९३ **फरक कार्यमा खर्च** - (६६-2082-03-25):

प्रदेश सरकारबाट हस्तारण भएको शर्शत अनुदान कार्यक्रम जुन शीर्षकमा प्राप्त भएको पालिकाले सोहि बोजिम खर्च गर्नुपर्दछ। प्रदेश शर्शत अनुदान अन्तर्गत स्वर्गिक मार्ग संघ नेपाल भवन त्रियुगा १३ असारी जाने बाटो रोड मुनिबाटो दक्षिण पटिको सडक शिर्षकमा पालिकालाई रु. १८,००,००० बजेट प्राप्त भएको छ। पालिकाले प्राप्त बजेट सडक निर्माणमा खर्च गर्नुपर्नेमा भवन निर्माण खर्च गरी रु. १७,७७,५३८ स्वर्गिक मार्ग संघ नेपाललाई भुक्तानी गरेको छ। तोकिएको कार्य गर्नुपर्नेमा फरक कार्य गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१७,७७,५३८

९४ **उपभोक्ता समितिको लागत सहभागिता**-

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट गरिने कार्यमा लागत सहभागिता रकम खुलाउनु पर्ने व्यवस्था छ। मिति २०७९।३।३० को त्रियुगा नगरपालिकाको नगरसभाले उपभोक्ता समितिको लागत सहभागिताको अंश न्यूनतम १५

प्रतिशत निर्धारण गर्ने निर्णय गरेको छ। पालिकाले देहायका उपभोक्ता समितिको कार्यमा न्यूनमत १५ प्रतिशत अंश नपुराई रु. ८०,३८७ बढी भुक्तानी गरेको छ। बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु

गोभौ नं	उपभोक्ता समिति	कार्य सम्पन्न रकम	उपभोक्ता समितिको योगदान	हुनुपर्ने न्यूनतम लागत सहभागिता	अपुग रकम
७६, २०८१।९।१८	चुनिया खोला पुल मुनिको कुलो मर्मत उस	११२८९६	१३१७०	१६९३४	३७६४
९२, २०८१।९।२८	शाहिखोला गौरीटोल सडक मर्मत ग्राभेल	१५७३७४	१७९९६	२३६०६	५६१०
१४९, २०८१।११।५	लाटाङ्ग खोला खोलिटार सिचाई योजना	११३०११	१३०११	१६९५०	३९३९
१७३, २०८१।११।२८	स्वास्थ्य चौकी चिलाउने बर्थिङ्ग सेन्टर भवन मर्मत	२२७४३७	२७४३७	३४११५	६६७८
२१०, २०८१।१२।१०	आधारभुत विद्यालय बेङरी	१६९५१९	२०७७२	२५४२७	४६५५
२६१, २०८२।१।९	माध्यामिक विद्यालय भोर्ले	२२५५८३	२५९२९	३३८३७	७९०८
जम्मा					३२५५४

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **५,३५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **११,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **८,१३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **३,४६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **१९,३३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	३२,५५४

९५ **प्राविधिक विल र कार्यसम्पन्न-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै बिल बिजकको भुक्तानि गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको उपभोक्ता विलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले नापी किताबमा उल्लेख भएबमोजिम वास्तविक काम भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। साथै प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका ईन्जिनियरिङ नर्म्स अनुसार विलमा खुलाउनुपर्ने

सम्पुर्ण विवरण उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले ईन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको विल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउँनु पर्दछ। उपभोक्ता विलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर रकम उल्लेख भएका केही उदाहरणहरु देहायबमोजिम छन्:

क्रसं	उपभोक्ता समिति	लागत अनुमान	कार्यसम्पन्न रकम	फरक रकम
१	त्रिपुरेश्वर मन्दिरको शौचालय निर्माण	७६२७७४	७६१८२४	९५०
२	मोदकल्य ऋषी मन्दिर सभाहल निर्माण	४५४१३१	४५३१५५	९७६
३	फोक्सिङटार फेदिको बरुवा खोला मन्धने दोभान सडक मर्मत	४५६५२०	४५६९९९	४७९
४	वडा भरिको स्थानीय सडक मर्मत संभार उस	३४३३७४	३४२७०४	६७०
५	चुनिया खोला पुल मुनिको कुलो मर्मत उस	११३२१९	११२८९६	३२३

९६ **इन्टरलकिङ टायलको गुणस्तर परीक्षण-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ को उपनियम १ बमोजिम गठित जिल्ला दर रेट समितिले उदयपुर जिल्लाको आव २०८१।८२ लागि स्वीकृत जिल्ला दररेटले समेत इन्टरलकिङ टायलको गुणस्तर निश्चित गरेको छ। पालिकाले निम्नलिखित योजनाको इन्टरलकिङ कार्यको कुल रु. १०,१८,०६१ भुक्तानी गरेकोमा गुणस्तर परीक्षण नगरी इन्टरलकिङ कार्य लागि मात्र रु. १०१८०६१ खर्चको गुणस्तर सम्बन्धमा आश्वस्त हुन सकिएन । उक्त कार्यको गुणस्तर परीक्षण गरी सोको प्रमाण पेश हुनुपर्ने रु.

गोभौ नं	उपभोक्ता समिति	परिमाण	दर	रकम
२१९, २०८१।१२।१७	इन्टरलक ब्लक बहेडवा दक्षिण टोल	२५६.८३	२११७	५४३७०९
२३८, २०८१।१२।२५	अचुत चौधरीको घरदेखि पश्चिम हरि रेग्मीको घर सम्म बाटोमा ब्लक लगाउने	२७६.०८	१७१८	४७४३५२
जम्मा				१०१८०६१

प्रमाण पेश नगरेको	१०,१८,०६१

९७ **मसला प्रशोधन उद्योग संचालन कार्यक्रम-**

कोशी प्रदेशको स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८१ मा कार्यक्रम सञ्चालन गर्दा सहभागि हुन लक्षित बर्गमा माग संकलन गर्नुपर्ने, लाभग्राही छनौट गर्नुपर्ने, छनौट भएका लाभग्राहीले सम्झौता अघि लागत सहभागिता बापतको रकमको जमानत कार्यालयमा पेश गर्नुपर्ने लगायत व्यवस्था गरेको छ। प्रदेश सरकारबाट बहुउद्देश्य सहकारी संस्थामा आवद्ध महिलालाई मसला प्रशोधन उद्योग संचालन (वडा नं ५) शिर्षकमा रु. १५,००,००० बजेट दिएको रु.१४,८७,००६ खर्च भएको छ। पालिकाले कार्यक्रम सञ्चालन गर्दा कार्यविधि बमोजिम माग संकलन गरेको छैन। लाभग्राही छनौट प्रकृया पुरा नगरी श्रद्धा महिला बहुउद्देश्यीय सहकारी संस्थासँग सोझै सम्झौता गरेको छ। लाभग्राहीसँग सम्झौता गर्दा जमानत पेश नभई सम्झौता गरेको

देखिन्छ। पालिकाले यसरी अनुदान दिएको रकमको अनुगमन गर्नुका साथै सम्बन्धित संस्थाको लेखापरीक्षण प्रतिवेदन माग गरी खर्चको सुनिश्चिततामा ध्यान दिनुपर्दछ ।

९८ **खर्चको प्रयोजन** -

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्मस तथा दर रेटलाई आधार लिई लागत अनुमान तयार गरी सोहि अनुसार कार्यसम्पन्न गर्नुपर्ने व्यवस्था छ । वडा नं. १५ को सडक सरसफाई वापत सडक उपभोक्ता सरसफाई उपभोक्ता समितिले वडाभित्रका विभिन्न १६ स्थानको सडक सरसफाई कार्य १९८० मिटर भित्र गर्दा ४७३८ घनमिटर काम भएकोमा प्रतिघनमिटर ८१ को दरले रु.३८३,७७८।- भुक्तानी भएको देखिन्छ । संलग्न निर्माण कार्यको बिल बमोजिम चन्दन कन्स्ट्रक्सनबाट सडक सरसफाई वापत जेसिबिलाई ७० घण्टाको २८२५ को दरले रु.१९७७५० भुक्तानी भएको देखिन्छ । सो पश्चात उपभोक्ता समितिले एस.के. फ्युल सेन्टरको बिजकबाट ९०३ लिटर डिजेलको रु.१३४९९९ बिजक पेश गरी रकम भुक्तानी भएको देखियो ।भएको कामको जिल्ला दररेटले तोकेबमोजिमको रकम चन्दन कन्सट्रक्सन प्रा.ली.लाई भुक्तानी गरेपश्चात पुन ९०३ लिटर इन्धनको बिजक राखी भएको भुक्तानी प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,३४,९९९

९९ **विद्युतीकरण कार्य**-

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली,२०६४ को नियम ८४ मा रु. १० लाख देखि रु.२० लाखसम्म सिलबन्दि दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। पालिकाले हाइमास तथा सडक बत्ती जडानका लागि १० लाख भन्दा कम लागत अनुमान तयार गरी सोझै खरिद विधि मार्फत विभिन्न निर्माण व्यवसायिसँग सम्झौता गरी कार्यसम्पन्न गरेको देखिन्छ। सोझै खरिद गर्दा लागत अनुमान कै हाराहारीमा सम्झौता हुने भएकोले बोलपत्र खरिद प्रकृया भन्दा बढी खर्चिलो रुपमा रहेको देखिन्छ। पालिकाले यसरी निर्माण कार्य गर्दा प्रतिस्पर्धा समिति हुने, निर्माण कार्यमा लागत बढ्ने, गुणस्तरीय निर्माण कार्य नहुने जस्ता जोखिम समेत रहन्छ। पालिकाले प्याकेज बनाई बोलपत्र खरिद प्रकृयाबाट कार्य गर्नुपर्दछ। केहि उदाहरणहरु देहायबमोजिम छन्

गो भौ नं	कार्य भएको स्थान	संख्या	रकम	कैफियत
३७, २०८१।७।१४	वडा नं ८		३९७१२७	पोल बत्ती विस्तार
३८, २०८१।७।१४	वडा नं ९		२८६३३५	सडक बत्ती
५९, २०८१।८।२४	वडा नं २		४०५०८८	विद्युतीय सामाग्री खरिद
११४, २०८१।१०।९		४	९३३६०६	हाईमास लाइट खरिद तथा जडान
१५५, २०८१।११।६		९	९४२५२१	हाइमास पोल पालिकाबाट उपलब्ध गराई अन्य सामाग्री खरिद तथा जडान
३०१, २०८२।१।३०	वडा नं १६		२९४५६२	सडक बत्ति विस्तार तथा व्यवस्थापन
३२१, २०८२।२।७	वडा नं ४		२९८७२२	सडक बत्ति विस्तार
३९७, २०८२।३।१२	वडा नं ६		३७३३७९	सडक बत्ती विस्तार
४२६, २०८२।३।२०		४	९४११७७	हाइमास लाइट खरिद
जम्मा			४८,७२,५१७	

१०० **जिन्सी दाखिला नभएको -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको देखिएकोमा वडा कार्यालयबाट हुने अधिकांश खरिदमा छुट्टै लुज दाखिला प्रतिवेदनमा राख्ने गरेको देखिएकोले पाम्समा दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु.

गौ.भौ.न.	विवरण	सामाग्री	रकम	कैफियत
८९-२०८१। ७।२९	वडानं. ९ को प्रशासनिक खर्च	डेलल्यापटप	६८०००	PAMS दाखिला हुनुपर्ने
१६७-२०८१। ८।२५	वडानं. १ को पञ्जिकरण कार्यक्रम	अफिसदराज १ थान	१४५००	PAMS दाखिला हुनुपर्ने
		खुल्लार्याक १ थान	७६२५	PAMS दाखिला हुनुपर्ने
३२८-२०८१। ११।४	वडानं. १ को कार्यालय सामाग्री	अफिसटेवल १ थान	११८००	PAMS दाखिला हुनुपर्ने
		V-Bon रिवोल्भिङ्ग कुर्सी	१४८००	PAMS दाखिला हुनुपर्ने
५४१-२०८२। १।१६	सिद्कालिमा.वि.शैक्षिक सामाग्री	ल्यापटप१ थान	७०००	विद्यालयकोजिन्सी खातामा अद्यावधिक हुनुपर्ने लुज सिटमा रहेको
		प्रिन्टर १ थान	२७५००	
		प्रोजेक्टर १ थान	४५०००	
५८६-२०८२। २।४	वडानं. ५ को लागि कुर्सी खरिद	प्लाष्टिककोकुर्सी १० थान	६५००	PAMS दाखिला हुनुपर्ने
६०१-२०८२। २।१८	कार्यालयकोप्रशासनिक खर्च वडा नं. २	ब्रोदरप्रिन्टर थान १	२३००८	PAMS दाखिला हुनुपर्ने
७६०-२०८२। ३।१२	वडानं.८ बडा बजेट	ल्यापटपइन्टेल कोर ३	५०८५०	PAMS दाखिला हुनुपर्ने
८४९-२०८२। ३।२१	वडानं.१ को सामाग्री	स्टेण्डपंख्खा ५ थान	१५४८७	PAMS दाखिला हुनुपर्ने
८५७-२०८२। ३।२२	प्रशासनिकखर्च वडा नं. १६	क्याननस्कानर १ थान	११०००	PAMS दाखिला हुनुपर्ने
जम्मा			३०३०७०	

प्रमाण पेश नगरेको	३,०३,०७०

१०१ **वितरणको प्रमाण कागज -**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको पुष्टी हुने बिल भरपाईका आधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पेश गरेका श्रेस्ताहरु मध्ये नमूना छनौटगरी परीक्षण गर्दा देहाय बमोजिम खर्च लेख्दा खरिद गरेको विजकमात्र संलग्न गरी वितरण भरपाई वेगर खर्च लेखेकोले लक्षित समुदायलाई वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

भौ.न./ मिति	क्रियाकलाप	खरिद	वितरण	बाँकी	रकम
३४७-२०८१।११।८	शिक्षा सम्बन्धीकार्यक्रमबाट पोशाक खरिद	२०३ थान	१३५	६८	८८६७२
३७९-२०८१।१२।३	जेष्ठनागरिक सम्मान कार्यक्रम वडा नं. ४ का लागि पानी तताउने जग खरिद	१४० थान	९१	४९	४७६७७
३९२-२०८१।१२।४	वडा नं. ६ मा तारजालीखरिद २*१*१ को जाली	५९ थान		५९	१७१३३६
६६९-२०८२।२।२८	वडा नं. १५ माखानेपानीको निर्माण तथा मिटर जडान कार्य	बास युनियन १०० थान		१००	३२५००
६९१-२०८२।२।३०	वडानं. ३ को खानेपानी पाइप खरिद ११० एम.एम.को	१६० के.जी.पाइप		१६०	५२२५१
७१९-२०८२।३।४	वडानं. ८ को विपद व्यवस्थापनाबाट खर्च ३*१*१ को मेसिन मेड जाली	१९ थान		१९	९१०३२
८३५-२०८२।३।२०	खेलकुदसामाग्री खरिद(फुटवल ५०,भलिवल ३५ लगायत) नगर युवा तथा खेलकुद विकास समितिले खरिदगरेको	खेलकुद सामाग्री			२६८५००
जम्मा					५८०६३२

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१७१,३३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **४६,१४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५५,११७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१४९,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	५,८०,६३२

१०२ **फरक दररेटबाट खरिद** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **३०,३९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०३ **मालसामान खरिद तथा उपयोग** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले निम्नलिखित सामाग्री खरिद गरेको भएपनि प्रयोग भएको प्रमाण पुष्टि हुने कागजात पेश भएको छैन। खरिद भएका मालसामान सम्बन्धित योजना तथा कार्यक्रममा प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु.

गोभौ नं	सामाग्री	परिमाण	रकम	कैफियत
१२५, २०८१।१०।२३	HDEP पाइप	२००mm- ३० मिटर २५mm-२०० मिटर ४०mm- २४३ मिटर	९७२२२	प्रयोगको प्रमाण पेश नभएको
२३०, २०८१।१२।२०	पाइप तथा ट्याङ्की	२०mm- १९७० मिटर २५mm- ५५० मिटर ३२mm- ७३० मिटर पानि ट्याङ्की १	१८४७४३	प्रयोगको तथा वितरणको प्रमाण पेश नभएको
३७१, २०८२।३।५	मोटर पम्प HDEP पाइप	१६ थान ४०mm- ७७ केजी	२७८१७८	प्रयोगको प्रमाण पेश नभएको
३६५, २०८२।३।४	HDEP पाइप	२५mm- १००० मिटर २०mm- ६५० मिटर	९९००४	प्रयोगको प्रमाण पेश नभएको
४११, २०८२।३।१७	HDEP पाइप	६३mm-१०० मिटर	२८९०३	प्रयोगको प्रमाण पेश नभएको
४२८, २०८२।३।२१	HDEP पाइप	३२mm- १५३ केजी	५०२८५	प्रयोगको प्रमाण पेश नभएको
			७३८२८५	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२४,८७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५१,८६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३२,८५९**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१९२,२७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **१९२,४९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	७,३८,२८५

१०४ **रोयल्टी भुक्तानी -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यबस्था छ । नमूना छनौटका रुपमा स्रेस्ता परीक्षण गर्दा नगरपालिकाले देहाय बमोजिमका निर्माण कार्यको लागत अनुमान तयार गर्दा दर बिश्लेषणमानै ढुगां, गिट्टी, बालुवा र माटोमा कर तथा रोयल्टी थप गरी लागत अनुमान तयार गरेको छ र सो अनुसार कार्यसम्पन्न गरी निर्माण व्यवसायिलाई भुक्तानी गरेको छ । निर्माण व्यबसायीलले कर तथा रोयल्टी वापत थप भएको रकम बराबर कर तथा रोयल्टी शुल्क तिरेको प्रमाण संलग्न रहेको नदेखिएको हुदा सम्बन्धित निर्माण व्यबसायी रोयल्टी तिरेको प्रमाण पेश हुनुपर्दछ । अतः पालिकाले दर बिश्लेषण गर्दा वास्तविकता तथा मितव्ययिताको आधारमा गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

गो भौ नं	आयोजना	निर्माण व्यवसायी	भुक्तानी भएको रोयल्टी रकम
४०४, २०८२।३।१७	होक्से खोलामा गेबिन लगाउने कार्य	दुर्गा कन्स्ट्रक्सन	४२६१८
५६, २०८२।२।२	परिवर्तन टोलमा धर्मशाला तथा पार्क निर्माण	उपमन्यु निर्माण सेवा	१०५८८
४२५, २०८२।३।२०	बोक्से रातमाटे नाला मर्मत तथा निर्माण	चिमाला निर्माण सेवा	११०८६
२०, २०८२।२।८	शहिद स्मृति प्रतिष्ठान अधुरो निर्माण	डि सि कन्स्ट्रक्सन	५६४२
४६, २०८२।३।२०	जनता बहुमुखी क्याम्पस त्रि न पा	आर्यन कन्स्ट्रक्सन मल्टिपर्पोज	१४४९७
९, २०८२।०३।२२	खारखोलामा कल्भट निर्माण	यङजोम निर्माण सेवा	१७५१३
जम्मा			१,०१,९४४

१०५ **गाइघाट बोक्से हुँदै रौता पोखरी सडक-**

पालिकाले ठेक्का नं. TM-UDA-NCB-WORKS-2/2081/082 रहेको Gaighat Bokse Karamgachhi Babri Beldoban Ranibash Rauta Pokhari सडक निर्माणको लागि रु. १,३१,४५,७०८ लागत अनुमान स्वीकृत गरी खुला बोलपत्रबाट छनौट भएको सुनकोशी निर्माण सेवासँग मिति २०८१।८।२५ मा रु. १,०१,३९,१३० मा सम्झौता भएको देखिन्छ। निर्माण कार्यको सुरु सम्झौतामा कार्यसम्पन्न मिति २०८२।०३।०६ रहेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नअनुसार छन्:

१०५.१ **अस्फाल्ट कार्यको ल्याब परीक्षण-** सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको General Condition of Contract (GCC) को बुँदा ४१ मा नियमबमोजिम निर्माण कार्यको ल्याब टेष्ट गर्नुपर्ने व्यवस्था छ।

पालिकाले यस निर्माण कार्यको अस्फाल्टको मोटाई ४० एम.एम हुने गरी सम्झौता गरेर सोहि बमोजिम नापजाँच गरि भुक्तानी गरेको छ। Terai Construction Laboratory Ptv. Ltd., लाहानबाट चेनेज ०+००० देखि १+३२७ सम्मको अस्फाल्ट कार्यको ल्याब परीक्षण गरेको प्रतिवेदनमा चेनेज ०+०१८.९ देखि चेनेज ०+१२० सम्म अस्फाल्टको मोटाई अस्फाल्टको मोटाई पुगेको देखिदैन। यस सडक निर्माणको १०१.१ मिटरमा २२.२४ घनमिटर अस्फाल्ट कार्यको प्रति घनमिटर रू. २०५०० दरले रू. ४,५५,९६१ को मूअ कर

सहित रू. ५१५२३५ भुक्तानी गरेको छ। मोटाई नपुगेको अवस्थामा समेत कार्य स्वीकार भएकोले सम्झौता बमोजिम कार्य सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	५,१५,२३५

१०५.२ **प्रोभिजनल सम कार्य-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले Relocation of utilities and Providing Engineer’s facilities and necessary materials and works in BOQ items लाई प्रोभिजनल सम एकाइमा राखि रु. २,४०,००० भुक्तानी गरेको छ। सडकमा पर्ने विद्युतीय पोलहरु सार्नमा भुक्तानी भएको पालिकाको भनाई रहेपनि पुष्टि हुने विल विजक पेश भएको छैन। प्रोभिजनल सममा राखेर भुक्तानी भएको कार्यको विल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,४०,०००

१०५.३ **विद्युतीय पोल सार्ने कार्य-**

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **११६,९९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०६ **नर्म्सको प्रयोग-**

१०६.१ परामर्श सेवाको लागत अनुमान वनाउदा विशिष्टिकृत निकायले तयार गरेको नर्म्स अनुसार तयार गर्नु पर्दछ । वडा नं २ र १३ विच पर्ने त्रियुगा खोलामा मोटरेबल पुल निर्माणको Feasibility study, detailed engineering survey, soil investigation, hydrological survey and detailed design कार्यको लागि पालिका र एलिशा ईन्जिनियरिङ्ग वर्कस एण्ड कन्सल्टेन्सी सर्भिसेज प्रा लि वुद्धनगर नेपाल विच रु रु १३४५६४३।६२ मा मिति २४ डिसेम्वर २०२४ मा सम्झौता भएकोमा सडक विभागको नर्मस भन्दा देहायवमोजिमका विज्ञहरु नर्मस भन्दा वढी राखी वढि भुक्तानी दिएको रु ८९,४२८। सम्वन्धितबाट असुल गर्नु पर्ने रु

विवरण	**नर्मस अनुसारको दिन**	**प्रयोग भएको दिन**	**वढी दिन**	**दर प्रतिदिन**	**वढी रकम**
Team leader	४२	४३	१	५२७६।	५२७६।
Geologist/ Eng.geologist/ Geo technical engineer	१४	२२	८	५२७६।	४२२०८।
Road / highway engineer	८	१४	६	५२७६।	३१६५६।
जम्मा					७९१४०।
मु अ कर					१०२८८।
जम्मा					८९४२८

असुल गर्नुपर्ने	८९,४२८

१०६.२ (३३८-2082-03-26):

परामर्श सेवाको लागत अनुमान वनाउदा विशिष्टिकृत निकायले तयार गरेको नर्मस अनुसार तयार गर्नु पर्दछ । Detailed engineering survey design soil investigation cost estimate and preparation of master plan कार्यको लागि पालिका र ग्रेनाईट

कन्सट्रक्सन एण्ड कन्सल्टेण्ट प्रा लि सप्तकोसी विच १९ चैत्र २०८१ मा रु १४९२३१६।२६ मा सम्झौता भएकोमा स्वीकृत TOR मा आवश्यक जनशक्तिको विवरणमा ५ थरी मुख्य विज्ञ key expert मा environmentalist र sociologist को आवश्यकता उल्लेख छैन । तर विस्तृत लागत अनुमान तयार गर्दा sociologist ३० कार्य दिन को रु १००४७०। र environmentalist ३० कार्यदिनको रु १००४७०। समेत लाग्ने गरी रु १४९८६११।६५ को लागत अनुमान तयार गरेको छ । त्यस्तै प्रस्तावदाताको technical proposal मा समेत ति २ विज्ञको व्यक्तिगत विवरण पेश छैन । अत TOR मा उल्लेख नभएका र परामर्शदाता संग नभएका ति विज्ञ लागत अनुमान तयार गर्दा लागतमा राखी प्रस्ताव माग गरी सम्झौता गरेको कारण वढी सम्झौता रकम र वढी भुक्तानी हुन गएको रु २००९४०। मा मु अ कर समेत रु.२२७०६२ का सम्बन्धमा विज्ञ राख्नु पर्ने स्पष्ट आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	२,२७,०६२

१०७ **गाडी सुविधा-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ। शहरी शासकीय तथा पुर्वधार आयोजना अन्तर्गत निर्माण भईरहेको कालोपत्र सडको परामर्शदाताको रुपमा रहेको BOTEK-GOEC JV सँग रु. ३,५२,४३,०४० को सम्झौता गरेको छ। सझौताको शर्तहरु (BOQ) मध्ये पालिकाले यात्रा तथा अन्य सुविधासहरु समेटेको Reimbursable Expenses मा रु. ७४,५६,००० को सम्झौता गरेकोमा हालसम्म सम्म रु. ५२,५४,९२० भुक्तानी भएको देखिन्छ। पालिकाले पुन: नेपाल शहरी शासकीय तथा पुर्वधार आयोजना प्रोयोजनका लागि मिति २०८१।१२।१८ देखि २०८२।३।३० सम्म गाडि भाडामा लिएबापत Design and Supervision Consultant नियुक्त गर्ने शिर्षकबाट नै गाडी धनीलाई रु. ३,६५,००० भुक्तानी गरेको छ। परामर्शदातासँग भएको सम्झौतामा समेटेको सम्बन्धमा स्पष्ट आधार पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	३,६५,०००

१०८ **कार्यसम्पादन जमानत जफत-**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने एवं उपदफा ८ मा सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पुरै जमानत जफत हुने व्यवस्था छ। पालिकाले ठेक्का नं 43/TM/NCB/UDA/BT/2077/78 रहेको पिपलचोक देखि शिवालय हुँदै गाइघाट दिक्तेल रोड निर्माण कार्य गर्न मिति २०७८।७।३ मा परफेक्ट कन्स्ट्रक्सनसँग रु. ५१,६४,०१० सम्झौता भएकोमा विभिन्न समयमा म्याद थप पश्चात अन्तिम पटक मिति २०७९।४।२२ सम्म थप भएकोमा सो समयमा समेत कार्य सम्पन्न नभएको र सो पश्चात म्याद थप भएको छैन। निर्माण व्यवसायिले कृषि विकास बैंक लिमिटेड शाखा कार्यालय त्रिपुरेश्वरको रकम रु. १४,०२,१७५ भएको मिति २०८२।४।३० सम्म म्याद रहेको कार्यसम्पादन जमानत पेश गरेको देखिन्छ। स्थलगत लेखापरीक्षण समयमा कार्यसम्पादन जमानतको मिति सकिएको र पालिकाले जमानत समेत जफत गरेको पाईएन। कार्यसम्पदान जमानतको म्याद थप भएको वा सो बराबरको रकम पालिकाको खातामा प्राप्त भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१४,०१,२७५

१०९ **लक्ष्मीपुर मावि भवन निर्माण-**

पालिकाले ठेक्का नं. TM-UDA-Works-NCB-2/2079-80 रहेको लक्ष्मीपुर मावि भवन निर्माणको लागी खुला बोलपत्रबाट छनौट भएको कृष्ण लक्ष्मी निर्माण सेवासँग मिति २०७९।११।८ मा रु. ४,३७,५८,५२५ मा सम्झौता गरेको देखिन्छ। निर्माण कार्यको सुरु सम्झौतामा कार्यसम्पन्न मिति २०८२।३।१५ रहेकोमा सोहि मितिभित्र अन्तिम विल तयार भएको देखिन्छ।यस सम्बन्धमा देखिएका व्यहोराहरु-

१०९.१ **मुल्य समायोजन-**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **७०,६७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०९.२ **कार्य सम्पन्न नभएको-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा खरिद सम्झौता अन्त्य गर्न सकिने व्यवस्था छ। खरिद सम्झौता अन्त्य गर्दा खरिद सम्झौता बमोजिमको काम निर्माण व्यवसायीले नगरेको कारणबाट सार्वजनिक निकायले सो काम गर्न वा गराउनका लागि लाग्ने थप खर्च बापत निजले व्यहोर्नु पर्ने दायित्व भराउन लगाउनु पर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा निर्माण कार्यको हकमा कम्तीमा ९० प्रतिशत भौतिक प्रगति भएको अवस्थामा मात्र कार्यस्वीकार गर्ने व्यवस्था रहेको छ।त्यस्तै नियमावलीको नियम १२८ मा सम्झौताबमोजिम कार्य नगरेमा सम्झौता अन्त्य गरी सम्झौता बमोजिमको काम नगर्ने निर्माण व्यवसायिको खर्चबाट त्यस्तो कार्य सम्पन्न गराउने व्यवस्था समेत रहेको छ। यस निर्माण कार्यको सम्झौता रकम रु. ४,३७,५८,५२५ रहेकोमा BOQ मा भएको कार्यहरु सम्पन्न नभई रु. ३,७३,११,३०९ अर्थात ८५.२६ प्रतिशत कार्य भएको अवस्थामा नै पालिकाले अन्तिम ठेक्का विल तयार गरेको छ। निर्माण व्यवसायिले सम्झौता बमोजिम कार्य नगर्दा ऐनको दफा ५९ र नियमावलीको नियम ११७ बमोजिम आवश्यक कारबाही नगरेको तथा नियम ११७ बमोजिम कम्तिमा ९० प्रतिशत कार्य सम्पन्न हुनुपर्ने व्यवस्था विपरित अन्तिम विल तयार गरी भुक्तानी गरेको देखिन्छ। सम्झौता बमोजिम रु. ६४,४७,२१६ बरबारको कार्य बाँकी नै रहेको देखिन्छ। उल्लेखित ८५.२६ प्रतिशतमा नै सम्झौता बमोजिम भौतिक प्रगती भएकाले अन्तिम विलको भुक्तानी गरिएको पालिकाको भनाई रहेको छ। लागत अनुमान तयार गर्दा नै बढी परिमाण राखी तयार गरेको कारण नापजाँचमा बास्तविक परिमाण कम आएको देखिन्छ। लागत अनुमान यथार्थपरक बनाउनु पर्दछ।

१०९.३ **अन्तिम भुक्तानी-** सार्वजनिक खरिद नियमावली, २०६४ को १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले कानून बमोजिम कार्यस्वीकार नगरी ठेक्काको अन्तिम विल तयार गरी रकम भुक्तानी गरेको छ। पालिकाले अन्तिम रनिङ विलबाट रु. १,२६,७८,६०९ भुक्तानी गरेको देखिन्छ। पालिकाले कार्य स्वीकार तयार नगरी भुक्तानी गरेको रकम सम्झौता बमोजिम काम सम्पन्न भएपश्चात नियमबमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्दछ।

११० **सडकपुल-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य खरिद गर्नुअघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, नक्सा, डिजाईन लगायतका विवरण तयार गर्नुपर्ने, दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। लागत अनुमान रु ४६०६४८४१।७९ कायम गरी राजवास भण्टावारी शाही खोलामा ४० मिटर लामो प्रिस्ट्रेस पुल निर्माण कार्यका लागि पालिका र हिम निर्माण सेवा टोखा काठमाडौ विच २०८२।१।१२ मा काम सम्पन्न गर्ने गरी २०७९।११।७ मा रु ४५१२५५७४।६७ मा सम्झौता भएको छ । स्वीकृत डि पि आर अनुसार ठेक्का वन्दोवस्त गरी निर्माण कार्य गर्नु पर्दछ । उक्त निर्माण कार्यका लागि डि पि आर स्वीकृत भएकोमा देहायवमोजिमका क्रियाकलापमा डि पि आरमा उल्लेख भएका परिमाण भन्दा वढी परिमाण राखी ठेक्का सम्झौता भई भुक्तानी समेत भएको पाईयोः

विवरण	डि पि आरमा भएको परिमाण	लातग अनुमान र सम्झौतामा भएको परिमाण	वढी परिमाण	सम्झौता दर	रकम	कैफियत
E/W in excavation for foundation for abutments through all types of soil for foundation	७०५.८९८	८३४	१२८.१०२	१२००	१५३७२२।	डि पि आरमा भन्दा वढी परिमाण राखी सम्झौता भएको
Providing stone soling work in footing	२५।३९२	३०	४.६०८	३०००	१३८२४।	डि पि आरमा भन्दा वढी परिमाण राखी सम्झौता भएको
Cement concrete M15	१६.९२८	३०	१३.०७२	१४०००	१८३००८।	डि पि आरमा भन्दा वढी परिमाण राखी सम्झौता भएको
Machine mixed cement concrete M30 for abutment footing	२५९.२	२७५.४	१६.२	२००००	३२४०००।	डि पि आरमा भन्दा वढी परिमाण राखी सम्झौता भएको
Reinforcement including cutting, bending binding, fixing in position	२२९०३.४ के जि	२३०७४	१७०.६	१४०	२३८८४।	डि पि आरमा भन्दा वढी परिमाण राखी सम्झौता भएको
Machine mixed cement concrete M45/20	२२६.५१५	२४५.७५१	१९.२३६	२००००	३८४७२०।	डि पि आरमा

						भन्दा वढी परिमाण राखी सम्झौता भएको
Reinforcement bars, HYSD, TMT	३०.१३४	३१.५८८	१.४५४	१२००००	१७४४८०।	
जम्मा					१२५७६३८।	

स्वीकृत डि पि आर भन्दा वढी परिमाण उक्त निर्माण कार्यमा आवश्यक नपर्ने हुदा स्वीकृत भएको परिमाण मात्रको काम हुने हुदा वढी परिमाण राखेको कारण वढी परिमाणमा वढी भुक्तानी हुन जाने देखिन्छ । अत माथि उल्लेख भए अनुसार वढी सम्झौत भई रु १२५७६३८। मा मु अ कर समेत रु १४२११३१। भई वढी भुक्तानी भएको छ । पालिकाले डिपिआरमा उल्लेख भएको भन्दा बढी परिमाणमा काम गराउनु परेको आधार प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१४,२१,१३१

१११ **नगरक्षेत्र भित्रको सडक कालोपत्रे (प्याकेज-१)-**

पालिकाले सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत विश्व बैङ्कको ऋण सहयोगमा सञ्चालित ठेक्का नं. NP-DUDBC-401454-CW-RFB रहेको Different Interconnected road within Triyuga Municipality निर्माण कार्यको लागि रु. ५७,४२,८७,३६५ लागत अनुमान स्वीकृत गरी खुला बोलपत्रबाट छनौट भएको आशिष।आशीर्वाद।स्वामिनारायण जे.भी.सँग मिति २०८०।१२।३० (२०२४।४।१२) मा रु. ४५,६१,६२,८६२ मा सम्झौता भएको देखिन्छ। निर्माण कार्यको सुरु सम्झौतामा कार्यसम्पन्न मिति २०८२।३।१८ रहेकोमा मिति २०८२।०९।१६ (२०२५।१२।२१) सम्म म्याद थप भएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन्:

१११.१ **विद्युतीय कार्यको लागि बढी भुक्तानी-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **४,४६१,२३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१११.२ **बेस कोर्स कार्यमा बढी भुक्तानी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै बिल बिजकको भुक्तानि गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। यस सडक निर्माणको टिक ड्रेन (Tick Drain) खण्डमा बेस कोर्सको कार्य नभएकोले बेस कोर्स कार्यको मेजरमेन्ट गर्दा टिक ड्रेन खण्डलाई समावेश गर्न नमिल्ने देखिन्छ। पालिकाले नवौ रनिङ विल (IPC-9) सम्म रोड १, रोड ४ र रोड ९ मा ३११२ मिटर बेस कोर्स (Base course) कार्यमा टिक ड्रेन (Tick Drain) खण्डलाई समेत समावेश गरी नापि तयार गरेको पाईयो। पालिकाले बेस कोर्स कार्य नभएको टिक ड्रेन खण्डमा प्रति मिटर ०.०५९ घनमिटर बढी नापी लिई भुक्तानी गरेको छ। पालिकाले ३११२ मिटरको कार्यमा १८३.६० घनमिटर बेस कार्य बापत प्रति घनमिटर रु. २५०० ले रु. ४५९००० को मुअ कर सहित रु. ५,१८,६७० बढी भुक्तानी गरेको छ। यस सम्बन्धमा यथार्थता यकिन गरी प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,१८,६७०

१११.३ **इम्बाङ्कमेन्ट कार्यको भुक्तानी-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै बिल बिजकको भुक्तानि गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले

यस कार्यको लागत अनुमान तयार गर्दा चेनेज खुलाई कुल कटिङ परिमाण २६,२५१ घनमिटर र इम्बाङ्कमेन्ट फिलिङ ११,१५१ घनमिटर उल्लेख गरेको छ। पालिकाले इम्बाङ्कमेन्ट कार्यको नापी तयार गर्दा चनेज खुलाई नापी तयार गरी इम्बाङ्कमेन्ट कार्यको परिमाण निकाल्नु पर्ने हुन्छ। पालिकाले इम्बाङ्कमेन्ट कार्यको नापी तयार नगरी कुल कटिङ कार्यको ६० प्रतिशत कार्यलाई नै परिमाण मानी भुक्तानी गरेको छ। पालिकाले नवौ रनिङ विल (IPC-9) सम्म कुल कटिङ कार्य १५,८०३ घनमिटरको ६० प्रतिशत अर्थात ९४८२ घनमिटर कार्य इम्बाङ्कमेन्टकको मानेको देखिन्छ। यदि प्रतिशतलाई नै आधार बनाउदा लागत अनुमान अनुसार कटिङको तुलानामा ४२.४८ प्रतिशत मात्र इम्बाङ्कमेन्ट कार्यको परिमाण आउने देखिन्छ। पालिकाले लातग अनुमानको तुलानामा १७.५२ प्रतिशत बढी इम्बाङ्कमेन्ट कार्यको भुक्तानी गरेको छ। प्रतिशत मापन आधारमा लागत अनुमानको तुलानासँग १७.५२ प्रतिशत बढी भएको २७६८.६८ घनमिटरको प्रति घनमिटर रु. ५० ले जम्मा रु. १३८४३४ मा मुअ कर सहित रु. १५६४३० बढी भुक्तानी भएको छ। यस सम्बन्धमा यर्थाथता यकिन गरी प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	१,५६,४३०

१११.४ **प्रोभिजनल सम कार्यको भुक्तानी-**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५,८८३,६७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१११.५ **लागत अनुमान तथा सम्झौता-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा बीमा, गुणस्तर परीक्षण, व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा आदिको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीको क्षेत्र र नियन्त्रणमा नरहने बीमा, ल्याब टेष्टलगायतका खर्चको हकमा बजार दरका आधारमा प्रोभिजन सम प्रकृतिका कार्यहरुमा रकम राखी लागत अनुमान गर्नुपर्दछ। यस्ता रकम भुक्तानी गर्दा सम्बन्धित निर्माण व्यवसायिले पेश भएको विल भरपाईको आधारमा गर्नु पर्ने हुन्छ। पालिकाले निम्नलिखित प्रोभिजन सम प्रकृतिका कार्यहरुलाई लम्प सम तथा अन्य युनिटहरुमा Construction work अन्तर्गत Road work general Item भित्र राखि प्रतिस्पर्धा गरि दर कायम भएको छ। यसरी प्रतिस्पर्धा दर कायम हुँदा पालिकाको दर भन्दा देहायबमोजिम बढी दर कायम भएको देखिन्छ। प्रतिष्पर्धात्मक बजार दरका आधारमा देहायका कार्य विवरणलाई Provisional Sum मा राखेर निर्माण व्यवसायीले तोकिएको शर्तबमोजिम लागेको खर्च सोधभर्ना गर्ने व्यवस्था गर्नुपर्नेमा सो नगरी निर्माण व्यवसायीले दर तोक्ने व्यवस्थाले वास्तविक खर्च भन्दा बढि भुक्तानी हुन गइ थप व्ययभार परेको देखिएको छ। तसर्थ लमसममा राखि भुक्तानी दिएको रकमको हालसम्मको भुक्तानी रु. ५०६२४२८ को यथार्थ खर्चको विल भराई माग गरी बढि देखिए असूल गर्नु पर्दछ। कानुन बमोजिम छुट्टै आइटम बनाई लागत अनुमान तयार गरी प्रोभिजनल सम भित्र राख्नु पर्ने कार्यहरुलाई प्रतिस्पर्धामा गराई पालिकाको मुल्य भन्दा बढी कबोल अंक कायम गर्ने कार्य नियमसम्मत देखिदैन।

कार्य विवरण	एकाई	परिमाण	लागत अनुमानरकम	कबोल अंक	फरक	हालसम्मको भुक्तानी 9th IPC
Providing operating and maintain Quality control Laboratory including equipment,accessories and consumables for both field testing facilities and offsite test with manpower as per specification and instruction of engineer all complete	months	१५	१०७९३१२	१५०००००	४२०६८८	१३०००००
प्रोजेक्ट साइन बोर्ड	Nos	२	१९४९८	५००००	३०५०२	५००००
Traffic diversion and management	KM-Months	१४८.५	२२२७५००	३७१२५००	१४८५०००	२७३००२५
Health and Safety Equipment aid tools and medicine for the engineers and labours	LS	1	४५५०००	५०००००	४५०००	४०००००
जम्मा			३७८१३१०	५७६२५००	१९८११९०	४४८००२५
मुल्य अभिवृद्धी कर			४९१५७०	७४९१२५	२५७५५४	५८२४०३
मुअकर सहित जम्मा			४२७२८८०	६५११६२५	२२३८७४५	५०६२४२८

अनियमित भएको	२२,३८,७४५

११२ **प्रशासकीय भवन निर्माण-**

लागत अनुमान रु १३५६७३६४९।४४ कायम गरी ज्ञान ज्योति बिल्डर्स प्रा लि कातिके देउराली ६ काभ्रे संग २०८२।३।१३ मा काम सम्पन्न गर्ने गरी १५ आषाढ २०७९ मा रु १२२६३९२९३।६५ मा सम्झौता भएको निर्माण कार्यको स्रेता परीक्षण गर्दा देखिएको व्यहोरा देहायवमोजिम छः

ईटाको संख्या- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य खरिद गर्नुअघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, नक्सा, डिजाईन लगायतका विवरण तयार गर्नुपर्ने, दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। शहरी विकास तथा भवन निर्माण विभागले भवन निर्माण सम्बन्धी नर्म्सले ईट्टाको संख्या राख्दा साइज अनुसार इञ्जिनियरले अडकल गर्न सक्ने व्यवस्था गरेको छ। पालिकाले यस निर्माण कार्यमा प्रति घनमिटर ५६० वटा ईट्टा प्रयोग गरी निर्माण कार्यको लागत अनुमान तयार गरेको भएपनी प्रयोग भएको इट्टाको साइज अनुसार प्रति घनमिटर ४७० वटा मात्र इट्टा प्रयोग हुन सक्ने देखिन्छ। पालिकाले इट्टा सम्बन्धी कार्यमा प्रति घनमिटर ९० वटा इट्टाको संख्या बढी राखि लागत अनुमान तयार गरेको र सोहिबमोजिम कार्यको नापी गरी देहायबमोजिम मूअकर सहित रु. १४,९३,६४२ भुक्तानी बढी गरेको छ। पालिकाले यथार्थता छानविन गरी बढी भुक्तानी पाएमा प्रमाण पेश गर्नुपर्ने रू.

विवरण	परिमाण घ मि	भुक्तानी भएको दर	भुक्तानी रकम
जगमा प्रयोग भएको चिम्नी ईटा	५५।५४	१४०००।	७७७५६०।
ग्राउण्ड फ्लोरमा प्रयोग भएको ईट्टा	७५।२५	१४०००।	१०५३५००।
ग्राउण्ड फ्लोर माथि प्रयोग भएको ईट्टा	२३३।७६	१४०००।	३२७२६४०।
फ्लोरमा प्रयोग भएको ईट्टा	२२२।९२	१४०००	३१२०८८०।
जम्मा	५८७।४७	१४०००	८२२४५८०।
	३२८९८३ वटा		प्रति ईटा रु २५
वढी ईटा	५२८७२।३		१३२१८०७।५
मु अ कर समेत			१४९३६४२

प्रमाण पेश नगरेको	१४,९३,६४२

११३ नगरक्षेत्र भित्रको सडक कालोपत्रे (प्याकेज-२)-

पालिकाले सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत विश्व बैङ्कको ऋण सहयोगमा सञ्चालित ठेक्का नं. NP-DUDBC-401455-CW-RFB रहेको Sagarmatha Agriculture Bazar West to South Madan Bhandari Hall to Janpremi tole Bisanpur Ward 12 Road निर्माण कार्यको लागि रु. २४,९५,३२,४२७ लागत अनुमान स्वीकृत गरी प्रतिस्पर्धाबाट छनौट भएको आशिष।आशीर्वाद।स्वामिनारायण जे.भी.सँग मिति २०८०।१२।३० (२०२४।४।१२) मा रु. २०,३८,४८,२७८ मा सम्झौता भएको देखिन्छ। निर्माण कार्यको सुरु सम्झौतामा कार्यसम्पन्न मिति २०८२।३।१८ रहेकोमा मिति २०८२।०९।१६ (२०२५।१२।२१) सम्म म्याद थप भएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन्:

११३.१ **बेस कोर्समा बढी भुक्तानी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै बिल बिजकको भुक्तानि गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। यस सडक निर्माणको टिक ड्रेन (Tick Drain) खण्डमा बेस कोर्सको कार्य नभएकोले बेस कोर्स कार्यको मेजरमेन्ट गर्दा टिक ड्रेन खण्डलाई समावेश गर्न नमिल्ने देखिन्छ। यद्यपी पालिकाले टिक ड्रेन खण्डमा समेत बेस कोर्स प्रयोग भएको नापि लिई भुक्तानी गरेको छ। यस सडकमा ४२२७ मिटर वेस कोर्स कार्य भएकोमा पालिकाले टिक ड्रेन खण्डमा प्रति मिटर ०.०५९ घनमिटरले बेस कोर्सको कुल २४९.३९ घनमिटर कार्य बापत मुअ कर सहित रु. ७,०४,५२७ बढी भुक्तानी गरेको पाइयो। यस सम्बन्धमा यथार्थता यकिन गरी प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	७,०४,५२७

११३.२ **इम्बाङ्कमेन्ट कार्यको भुक्तानी-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै बिल बिजकको भुक्तानि गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले इम्बाङ्कमेन्ट कार्यको नापी तयार नगरी कुल कटिङ कार्यको ६० प्रतिशत कार्यलाई नै इम्बाङ्कमेन्टको परिमाण मानी भुक्तानी गरेको छ। पालिकाले नवौ रनिङ विल (IPC-9) सम्म कुल कटिङ कार्य बि.ओ.क्यु (BOQ) परिमाण ५९५६ रहेको छ। बि.ओ.क्यु (BOQ) बमोजिम पूर्ण कार्य सम्पन्न भएकोमा ५९५६ को ६० प्रतिशत अर्थात ३५७३ घनमिटर मात्र इम्बाङ्कमेन्टकको परिमाण हुनुपर्नेमा पालिकाले ९००१ को ६० प्रतिशतले ५४०१ घनमिटर परिमाणको भुक्तानी गरेको छ। पालिकाले ५४०१ को प्रति घनमिटर रु. ८० ले ४,३२,०८० मा मुअ कर सहित रु. ४,८८,२५० बढी भुक्तानी गरेको देखिन्छ। यस सम्बन्धमा यथार्थता यकिन गरी प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	४,८८,२५०

११३.३ **लागत अनुमान तथा सम्झौता-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा बीमा, गुणस्तर परीक्षण, व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा आदिको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीको क्षेत्र र नियन्त्रणमा नरहने बीमा, ल्याब टेष्टलगायतका खर्चको हकमा बजार दरका आधारमा प्रोभिजन सम प्रकृतिका कार्यहरुमा रकम राखी लागत अनुमान गर्नुपर्दछ। यस्ता रकम भुक्तानी गर्दा सम्बन्धित निर्माण व्यवसायिले पेश भएको विल भरपाईको आधारमा गर्नु पर्ने हुन्छ। पालिकाले निम्नलिखित प्रोभिजन सम प्रकृतिका कार्यहरुलाई लम्प सम तथा अन्य युनिटहरुमा Construction work अन्तर्गत Road work general Item भित्र राखि प्रतिस्पर्धा गरि मुल्य कायम भएको छ। यसरी प्रतिपर्धामा मुल्य कायम हुँदा बीमा कार्य बाहेक पालिकाको मुल्य भन्दा देहायबमोजिम बढी मुल्य कायम भएको देखिन्छ। प्रतिष्पर्धात्मक बजार दरका आधारमा देहायका कार्य विवरणलाई Provisional Sum मा राखेर निर्माण व्यवसायीले तोकिएको शर्तबमोजिम लागेको खर्च सोधभर्ना गर्ने व्यवस्था गर्नुपर्नेमा सो नगरी निर्माण व्यवसायीले दर तोक्ने व्यवस्थाले वास्तविक खर्च भन्दा बढि भुक्तानी हुन गइ थप व्ययभार परेको देखिएको छ। तसर्थ लमसममा राखि भुक्तानी दिएको रकमको हालसम्मको भुक्तानी रु. १९७७५०० को यथार्थ खर्चको विल भराई माग गरी बढि देखिए असूल गर्नु पर्दछ। कानुन बमोजिम छुट्टै आइटम बनाई लागत अनुमान तयार गरी प्रोभिजनल सम भित्र राख्नु पर्ने कार्यहरुलाई प्रतिस्पर्धामा गराई पालिकाको मुल्य भन्दा बढी कबोल अंक भएको नियमसम्मत नदेखिएको रु.

कार्य विवरण	एकाई	परिमाण	लागत अनुमानरकम	कबोल अंक	फरक	हालसम्मको भुक्तानी 9th IPC
Providing operating and maintain Quality control Laboratory including equipment,accessories and consumables for both field testing facilities and offsite test with manpower as per specification and instruction of engineer all complete	months	१५	१०७९३१२	१५०००००	४२०६८८	१३०००००
प्रोजेक्ट साइन बोर्ड	Nos	२	१९४९८	५००००	३०५०२	५००००
Health and Safety Equipment aid tools and medicine for the engineers and labours	LS	1	१९९०००	५०००००	३०१०००	४०००००
जम्मा			१२९७८१०	२०५००००	७५२१९०	१७५००००
मुल्य अभिवृद्धी कर			१६८७१५	२६६५००	९७७८४	२२७५००
मुअकर सहित जम्मा			१४६६५२५	२३१६५००	८४९९७४	१९७७५००

अनियमित भएको	८,४९,९७४

११४ **नगरस्तरीय सडक बत्ती जडान-**

पालिकाले ठेक्का नं. 03-TM/UDA/2081/82 रहेको नगरस्तरीय सडक बत्ति खरिद तथा जडान कार्यको लागि रु. ४८,४१,८९३ लागत अनुमान स्वीकृत गरी धाराबिजुली सर्भिसेज प्रालिसँग मिति २०८१।९।१० (२०२४।१२।२५) मा रु. ३०,५६,९३९ सम्झौता भएको देखिन्छ। निर्माण कार्यको सुरु सम्झौतामा कार्यसम्पन्न मिति २०८२।२।२० (२०२५।६।३) रहेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन्:

११४.१ **लागत अनुमान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ (१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसमानको स्पेशिफिकेशनको अधिनमा रहि तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले नगरस्तरीय सडक बत्ति खरिद तथा जडान कार्यको रु. ४८,४१,८९३ लागत अनुमान तयार गरेको छ। यसरी लागत अनुमान तयार गर्दा कुनै निश्चित नर्म्स तथा स्पेशिफिकेशनलाई आधार लिएको पाईएन। साथै पालिकाले नेपाल विद्युत प्राधिकरणसँग समेत आवश्यक समन्वय गरेको छैन। नगरस्तरीय सडक बत्ति खरिद तथा जडान कार्यको लागत अनुमान तयार गर्दा कुनै निश्चित नर्म्सलाई आधार नलिनु तथा विशेषज्ञ सेवा दिने सरकारी संस्थाहरुसँग समेत समन्वय नगर्नुले तयार भएको लागत अनुमान रकम बास्तविक रहेको आश्वस्त हुने

अवस्था छैन। पालिकाले बस्तु तथा सामाग्री खरिद गर्दा निश्चित नर्म्स तथा स्पेशिफिकेशन बमोजिम तयार गर्नुपर्दछ।

११४.२ **बोलपत्रदाताको छनौट**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ मा बोलपत्र परीक्षण तथा दफा २५ मा बोलपत्र मुल्याङ्कन सम्बन्धी व्यवस्था छ। ऐनको दफा २७ (१) मा न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृतको लागि छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस सडक बत्ती खरिद तथा जडान कार्यमा बोलपत्र आह्वान गरेकोमा ५ वटा प्रस्तावित वोलपत्रमा रु. ३८,०८,५२० (भ्याट बाहेक) आर्थिक प्रस्ताव पेश गर्ने करुण (Karun) इन्टरप्राइजेज प्रालि मात्र प्राविधिक रुपमा योग्य (Compliance) भएको देखिन्छ। पालिकाले उक्त बोलपत्रदातालाई छनौट नगरी प्राविधिक रुपमा योग्य नभएको तर सबै भन्दा कम अंक रु. ३०,५६,९२९ (भ्याट बाहेक) कबोल गर्ने धाराविजुली सर्भिसेज प्रालिलाई छनौट गरी सम्झौता गरेको छ। धाराविजुली सर्भिसेज प्रालिको अयोग्य भएको पक्ष "सानातिना फरक" भएकाले कम कबोल अंक लाई छनौट गरीएको पालिकाको भनाई रहेको । पालिकाले छनौट गरेको धाराविजुली सर्भिसेज प्रालिको प्राविधिक अयोग्यताको पुन: परीक्षण गरी "सानातिना फरक" रहेको र सारभुत रुपमा प्रभावग्राही रहेको सम्बन्धमा सुनिश्चित हुनुपर्दछ।

११४.३ **ल्याब परीक्षण**- सार्वजनिक खरिद नियमावली, २०६४ को १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले नगरस्तरीय सडक बत्ति खरिद तथा जडान कार्यको १२० वाट एल.इ.डि स्ट्रिट लाईटको मात्र ल्याब परीक्षण गरेको छ। सम्झौता बमोजिम अन्य कार्य तथा सामाग्रीहरुको समेत ल्याब परीक्षण गर्नुपर्नेमा एक सामाग्रीको मात्र परीक्षण गरेको पाईयो। पालिकाले सम्बन्धित आपुर्तिकतालाई जिम्मेवार बनाई सम्झौता बमोजिम अन्य सामाग्री तथा कार्यहरुको आवश्यकता अनुसार ल्याब परीक्षण गर्नुपर्दछ।

११५ **ओभरहेड खानापानी ट्याङ्की**-

भारतीय दुतावासको मूल्य अभिवृद्धी कर वाहेक ८० प्रतिशत र नगरपालिकाको २० प्रतिशत र मूल्य अभिवृद्धी कर समेत व्यहोर्ने गरी वडा नं ५ श्रीपुरमा ओभरहेड ट्याङ्की, पाईपलाईन र अन्य स्यानिटेशनको कामको लागि लागत अनुमान रु ६३१९५८६२।३२ तयार गरी वोलपत्र गरेकोमा निर्माण व्यवसायी श्री गौतम शक्ति दिपेश जनक जे भी विराटनगर संग मिति २०८१।११।३० मा काम सम्पन्न गर्ने गरी मिति २०८०।११।२२ मा रु ४९१४५६०२।२१ मा सम्झौता भएको पाईयो ।यस सम्वन्धमा देखिएका व्यहोराहरु देहायवमोजिम छनः

११५.१ **म्याद थपः** सम्झौतामा तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न गर्नु पर्दछ। शुरु सम्झौतामा २०८१।११।३० सम्ममा काम सम्पन्न गरि सक्नु पर्नेमा सम्झौता अवधिसम्म रु ३९२०८९९२।१५ भुक्तानी भएको पाईयो। हाल सम्मको भुक्तानीको आधारमा करिव ८० प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ भने भौतिक प्रगतिको अवस्था भने प्राप्त हुन सकेन। तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न नभएता पनि म्याद थप भएको छैन। पालिकाले निर्माण व्यवसायीलाई सार्वजनिक खरिद कानुन बमोजिम आवश्यक कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नु पर्दछ ।

११५.२ **कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा निर्माण कार्यको हकमा त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तिमा एक महिना वढी अवधिको हुनुपर्ने व्यवस्था छ । उक्त निर्माण कार्यका लागि प्राईम बैक लिमिटेड बाट जारी भएको रु ३५७१६८०।०४ को जमानत को अवधि १३ अप्रिल २०२६ सम्म अर्थात २०८२ चैत्र ३० सम्म रहेको छ । निर्माण कार्य सम्मपन्न नभएको र म्याद थप समेत नभएको अवस्थामा उक्त जमानतको अवधि दावी नभै समाप्त हुने जोखिम देखिन्छ । पालिकाले कार्यसम्पादन जमानत कायम रहने तर्फ आवश्यक निर्णय गर्नुपर्दछ।

११६ **श्रेस्ता पेश नभएको**-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आफ्नो आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट गराउनु पर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं. 1-TM/UDA/2081/082 रहेको सगमाथा रौदिदास मन्दिरको पश्चिम उत्तर

गेटसम्मको पूर्वधार विकास एवं स्तरउन्नती सडक निर्माणको लागि रु. ४८,१०,२८४ लागत अनुमान स्वीकृत गरी प्रतिस्पर्धाबाट छनौट भएको भिष्म निर्माण सेवासँग मिति २०८१।८।२५ मा रु. ३९,२५,६६३ मा सम्झौता भएको देखिन्छ। निर्माण कार्यको सुरु सम्झौतामा कार्यसम्पन्न मिति २०८२।०१।३० सम्म रहेको छ। पालिकाले पहिलो रनिङ विलको लागि मिति २०८२।१।१६ मा मेजरमेन्ट तयारी गरी रु. १२,१०,६१७ भुक्तानी भएको देखिन्छ। पालिकाले दोस्रो वा अन्तिम रनिङबिलको कागजात लेखापरीक्षणको समयमा पेश गरेको छैन। स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) बाट हेर्दा भिष्म निर्माण सेवालाई यस निर्माण कार्यबापत कुल रु. ३१,२५,६६३ भुक्तानी भएकोमा दोस्रो भुक्तानी गोभौ नं. ८५,२०८२।३।२५ बाट रु.१९,५०,८४५ रहेको छ। गोभौ नं. ८५, २०८२।३।२५ बाट भुक्तानी भएको स्रेता लेखापरीक्षणको क्रममा पेश भएको छैन। निर्माण कार्यको कार्यसम्पन्न गर्नुपर्ने मिति २०८२।०१।३० सम्म रहेकोले ठेक्काको म्याद थप भएमा म्याद थप भएको प्रमाण, अन्तिम ठेक्का विल भएमा कार्य स्वीकार प्रतिवेदन सहित सम्पुर्ण स्रेता पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१९,५०,८४५

११७ **कृषि तथा पशु विकास अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संमलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष कृषि तर्फ ६६७ लाभग्राहिलाई रु ३३४५६६० अनुदान दिएको देखिन्छ ।पशु तर्फ देहायको कृषक तथा कृषक समुहालाई रु ८०४५०० अनुदान खर्च भएको छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

क.स	कृषक समूह/कृर्षि फर्मको नाम	प्रोपाइटरको नाम	ठेगाना	कार्यालयको ७५ प्रतिशत अनुदान रकम रू.	कैफियत
इलेक्ट्रिक च्यापकटर मेशिन वितरण कार्यक्रम					
१	बस्नेत कृषि तथा पशुपंक्षी फर्म	नन्द माया बस्नेत	त्रि.न.पा ७	२२५००	१ वटा
२	हिमालि कृषि तथा बाख्रा भैसी फर्म	लोक बहादुर खड्का	त्रि.न.पा ६	२२५००	१ वटा
३	निरौला बहुउद्देश्य कृषि तथा पशुपक्षी फर्म	सरिता दाहाल निरौला	त्रि.न.पा ८	२२५००	१ वटा
४	पराजुलि कृषि तथा पशुपंक्षी फर्म	पदम बहादुर पराजुलि	त्रि.न.पा १५	२२५००	१ वटा
५	रौतारानी कृषि तथा पशुपंक्षी फर्म	दुर्गा माया कार्की	त्रि.न.पा ३	२२५००	१ वटा
६	जाल्पा भैसीपालन कृषक समूह	गोपाल कार्की (अध्यक्ष)	त्रि.न.पा १६	४५०००	२ वटा
७	दमारपटि पशुपंक्षी तथा कृषि फर्म	सिता कार्की	त्रि.न.पा ९	२२५००	१ वटा
८	कौशिका कृषि तथा पशुपंक्षी फर्म	हरि बहादुर बस्नेत	त्रि.न.पा ७	२२५००	१ वटा
९	बोकेडिक कृषि पशुपालन तथा मत्स्य फर्म	लोक बहादुर राउत	त्रि.न.पा ८	२२५००	१ वटा
अनुदानमा वीउ वोका वितरण तर्फ					
१	सिता कार्की कृषि तथा पशुपंक्षी फर्म	सिता कार्की	त्रि.न.पा ७	२००००	१ वटा
२	बशिष्ट कृषि तथा पशुपंक्षी फर्म	मनोज कुमार भटराई	त्रि.न.पा १५	२००००	१ वटा
३	लाफा फर्माकल्चर पशुपंक्षी तथा कृषि फर्म	पुर्ण बहादुर मगर	त्रि.न.पा १५	१९५००	१ वटा
४	लाङघालि पशुपंक्षी कृषक समूह	भिम बहादुर मगर	त्रि.न.पा१५	२००००	१ वटा
५	यसुका कृषि तथा पशुपक्षी फर्म	सरिता राई	त्रि.न.पा १६	२००००	१ वटा
६	कुशल कृषि तथा पशुपंक्षी फर्म	तिलक बहादुर राई	त्रि.न.पा १५	२००००	१ वटा
७	मगर कृषि तथा पशुपंक्षी फर्म	एक बहादुर मगर	त्रि.न.पा १५	२००००	१ वटा
८	त्रियुगा महिला कृषक समूह	शशिकला चौधरी	त्रि.न.पा १३	२००००	१ वटा
९	राजदेवि कृषि पशुपालन तथा मत्स्य फर्म	रमिला कार्की	त्रि.न.पा ९	२००००	१ वटा
कृषि विकास तर्फ					
क. सं.	कार्यक्रम	कार्यालयकोअनुदान	लागत सहभागिता	जम्मा खर्च	लाभान्भित संख्या
१	व्यावसायिक उन्मुख कृषकको लागि मौसमी तथा	३३,७९६.५०		३३,७९६.५०	२७

	बेमौसमी तरकारी खेतीप्रवर्द्धन बीउ मल्चिङ्ग तथा टनेल वितरण कार्यक्रम (बजेट ४,००,०००/)				
२	कुलो मर्मत तथा मोटर खरिद वितरण कार्यक्रम (बजेट २,००,०००।)	१९७,१८६.७५		१९७,१८६.७५	२७
३	च्याउ स्पम वितरण कार्यक्रम (बजेट १,००,०००।)	९५,०५०.००		९५,०५०.००	३
४	धौरी कुटान पिसन मिल कार्यक्रम (त्रि.न.पा. १६) (बजेट १,००,०००।)	९२,७६८.६२		९२,७६८.६२	२८
५	कृषि उपज संकलन केन्द्र तथा कृषि बजार व्यवस्थापन कार्यक्रम (त्रि.न.पा. १५) (बजेट १,००,०००।)	९१,८११.३५		९१,८११.३५	३५
६	सहकारी संस्थामा आबद्ध महिलालाई बेसार मसला प्रशोधन उद्योग संचालन (वडा नं ३) (बजेट १५,००,०००/)	१,४५५,२७७.३३	५०७,०००.००	१,९६२,२७७.३३	३९
७	कफी खेती प्रर्द्धन कार्यक्रम (बजेट १०,००,०००/)	१,०००,०००.००	८१९,२००.००	१,८१९,२००	११३
८	५० प्रतिशत अनुदानमा धान उन्नत विउ वितरण कार्यक्रम (बजेट४,००,०००/)	३२९,७७०.००	३२९,७७०.००	६५९,५४०.००	२९१
९	महिला मैत्री कौसी खेति कार्यक्रम (बजेट ५०,०००/)	५०,०००.००		५०,०००.००	१०४

११८ **अध्ययन अवलोकन भ्रमण -**

११८.१ **भ्रमण अवधी -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आर्थिक विकास,उत्पादनमुलक गरिवी निवारण गर्ने योजनालाई प्राथमिकता दिनुपर्ने उल्लेख गरेको छ । पलिकाले नगरसभाबाट स्वीकृत बार्षिक कार्यक्रममा पालिका/वडाहरुको लागि अध्ययन अवलोकन भ्रमण कार्यक्रम राखेको देखिन्छ । सो कार्यक्रममा पालिका कर्मचारी, केही जनप्रतिनिधी लगायत विभिन्न मितिमा भ्रमणमा गएको देखिन्छ । भ्रमण अवधिमा भ्रमण गरेको पालिकासँग छलफल गरेको नदेखिदा अध्ययन अवलोकन भ्रमण घुमफिरका लागि मात्र भएको देखिएकोले कार्यक्रम स्वीकृत गर्दा नै ध्यान दिनुपर्ने देखिन्छ ।

भौ.न./ मिति	क्रियाकलाप	रकम	कैफियत
१८२-२०८१।८।२८	वडानं. ४ का जनप्रतिनिधि तथा कर्मचारीको अध्ययन अवलोकन भ्रमण	६००००	
२८९-२०८२।१०।२३	वडानं. १ अवलोकन भ्रमण खर्च	१५००००	२०८१।९।१३र १४ गते जनकपुरधाम
४०३-२०८१।१२।३	वडानं. ३ को अध्ययन अवलोकन भ्रमण	१२५०००	२०८१।११।१६र १७ गते इलाम
४२८-२०८१।११।२७	टोलविकास संस्था/ नगर समन्वय समिति तथ जनप्रतिनिधि एवं कर्मचारीको अवलोकन भ्रमण	३०००००	२०८१।१२।७देखी १२।९ सम्म ३२ जनाको भ्रमण पोखरा नगरपालिका
४६२-२०८१।१२।२५	वडानं. ११ अन्तरपालिका भ्रमण	१०००००	२०८१।९।२६गते चौदण्डीगढी न.पा. वेल्टार
७५१-२०८२।३।११	वडानं.१० अन्तर जिल्ला अवलोकन भ्रमण	१०००००	२०८२।१।१८देखी १।२० सम्म दोलखा जिरी-हलेसी दर्शन १० जना

११८.२(४२८-2081-11-27):

रकम वितरण - टोल विकास संस्थाका सदस्य समेतलाई मिति २०८१।१२।७ देखी १२।९ सम्म पोखरा नगरपालिकाको भ्रमणमा ३२ जना भ्रमण सदस्यमध्ये ३० जनालाई पकेट मनी भनी दैनिक रु. ३०० का दरले ३ दिनको कुल रु.२७००० भुक्तानी दिएको देखियो । कार्यक्रममा खाना,खाजा तथा बासको समेत व्यवस्था भएको कार्यक्रममा पुन पकेट मनि भनी दिएको रकमलाई नियमसम्मत मान्न नसकिएको रु.

अनियमित भएको	२७,०००

११८.३(४६२-2081-12-25):

प्रमाण पेश - वडा नं. ११ का कर्मचारी तथा प्रतिनिधि उदयपुर जिल्लाको चौदणडीगढी गाउपाँलिकामा अन्तरपालिका भ्रमण गएको देखिन्छ । भ्रमण कार्यक्रम मिति २०८१।९।२६ गते रहेको र सो बमोजिम गाडी भाडा रु.४०००० भुक्तानी भएको छ । बिजक नं. नभएको अधिकारी होटल एण्ड लजको मिति २०८१।९।२६ विजकबाट होटलबास भनी रु.३९००० भुक्तानी भएको देखिएकोले बिजक नं. बेगर बिल राखी १ दिने कार्यक्रममा पुगेर फर्किएको भनेकोमा के कस्को प्रयोजनको लागि होटलवास भुक्तानी गर्नुपरेको हो पालिकाले यकिन गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	३९,०००

११९ **पशु वितरण कार्यक्रम** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा अनुदान वितरणको स्पष्ट कार्ययोजना, लक्षित गन्तव्य, अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको निश्चित र वस्तुगत मापदण्ड र प्रभावकारी अनुगमन संयन्त्र मार्फत कार्यक्रमको नियमित प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था गरी बजेट खर्चलाई नतिजामूखी बनाउनु पर्ने व्यवस्था रहेको छ ।विभिन्न वडाले बोयर बोका, वंगुरको पाठा र बाख्रा खरिद गरी रु.३४५९४० भुक्तानी गरेको छ ।जसमा खरिद गरेको पशुको बिमा नगरिएको, वितरण गर्दा सम्झौता तथा शर्त नगरी वितरण गरिएको देखिएकोले वितरित पशुहरु प्राप्त गर्ने कृषकसँग हाल सो पशु रहे नरहेमा सम्बन्धमा सम्बन्धित शाखाबाट अनुगमन गरी वितरणको प्रभावकारिताको लागि वितरण पशु संख्या तथा व्यक्तिको नाम नामेसी विवरण वेवसाईटमा सार्वजनिक गर्नुपर्दछ ।

गो.भौ.न./ मिति	विवरण	संख्या	रकम
५६६-२०८२-३-४	बोयरबोका खरिद वितरण वडा नं. १	२६ के.जी.,२४ के.जी. २थान	५००००
७६८-२०८२।३।१२	वडानं. ६ विपन्न दलित महिलालाई बंगुरको पाठा खरिद १४ थान	१४ थान	९८०००
८७७-२०८२।३।२३	कृषितथा पशु अनुदान कार्यक्रम वडा नं. १४ बाख्रा खरिद	३६ वटा	१९७९४०
जम्मा			३४५९४०

१२० **कार्यपत्रको रकम भुक्तानी** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **५,४४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **२,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१२१ **हेफर कार्यक्रम -**

त्रियुगा नगरपालिकाले हेफर नेपाल नामक गैरसरकारी संस्थासँग "त्रियुगा कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम" संचालनको लागि मिति २०७९।१०।२५ गते सम्झौता भएकोमा पुन मिति २०८१।९।१७ गते दोस्रो संसोधनबाट आ.ब.२०८१/८२ को लागि रु.१०७१४२८६ खर्च गर्ने गरी सम्झौता गरेको देखिन्छ । जसमा हेफर नेपालको तर्फबाट रु.३२,१४,२८६ र पालिकाकोतर्फबाट रु.७५,००,०००।-व्यहोर्नुपर्ने गरी सम्झौता भएको देखिन्छ । आ.ब.२०८१/८२ को लागि पालिकाले प्रोजेक्टको लागि कुल रु.४३,९६,००० पेश्कि दिएकोमा देखिएका व्यहोरा देहाय बमोजिम रहेको देखिन्छ ।

१२१.१ **खर्चको अनुपात** – नगरपालिकाले २०८१।१०।१३ गते ११ वटा तालिम कार्यक्रम संचालनको लागि रु.१३,९६,०००।- पेश्कि हेफर नेपालको नाममा उपलब्ध गराएको देखियो । पुन मिति २०८२।३।९ गते पशु बोका खरिद कार्य,कृषि सामाग्री तथा उपकरण खरिद वापत रु.३०,००,०००।- गरी कुल रु.४३९६००० पेश्की दिएकोमा बर्षान्तमा २०८२।३।३२ गते बोका खरिद गर्ने समय नरहेको भनी रु.१४३३४५४.३० फिर्ता गरेको देखियो । कार्यक्रमा पालिकाले रु.१३,३०,५००।- र हेफर प्रोजेक्टको रु.७१०,४८६।- गरी कुल रु.२०,४०,९८६।- खर्च गर्ने भन्ने सम्झौता भएकोमा पालिकाको मात्र रु.१३५१०९२ खर्च गरेको देखिएकोले खर्चको अनुपात मिलेको देखिएन ।पालिकाले सम्झौताको अनुपातमा रु.८८०६४२ मात्र भुक्तानी गर्नुपर्नेमा सो भन्दा बढी भुक्तानी गरेको सबन्धमा पालिकाले यकिन गरी विवरण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,७०,४५०

१२१.२ **पेश्की फस्र्योंट** – पालिकाले हेफर नेपाललाई विभिन्न समयमा कार्यक्रम संचालन गर्दा दिएको पेश्कि रकम र फस्र्योंट रकम बिच फरक देखिएकोले सो बाँकी रकम पालिकामा दाखिला गरी सो को प्रमाण पेश गर्नुपर्ने रु.

गौ.भौ.न./ मिति	क्रियाकलाप	रकम	फस्यौंट	बाँकी	कैफियत
२८१-२०८१।१०।१३	कार्यक्रम पेश्की	१३९६०००	१३५१०९२	४४९०८	पेश्की फस्यौंट
७५०-२०८२।३।९	कार्यक्रम पेश्की	३००००००	१४३३४५४.३	३४७७७.७	फिर्ता
			१५३१७६८		पेश्की फस्यौंट
जम्मा				७९६८६	

प्रमाण पेश नगरेको	७९,६८६

१२२ **स्वास्थ्यतर्फ**

१२२.१ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ ।यसवर्ष पालिकाले संघीय शसर्तवाट रु १६००००० र पालिकाको रु ६२२७०४ औषधि खरिदको बजेट व्यवस्था भएकोमा ई विडिङ वाट रु २३२२७०४ को औषधी खरिद भएको छ । पालिकाले औषधि खरीद गर्दा आवस्यक्ता यकिन गरी औषधि खरिद गर्नु पर्दछ।मौज्दातम रहेको केहि औधिहरु म्याद

सकिएको छ।जिल्ला स्वास्थ्य कार्यलयवाट अन्तिम समयमा औषधि प्राप्त भएकोले औषधीको मौज्दात रहेको देखिन्छ । १० वटा औषधिको मौज्दातको अवस्था देहाय अनुसार छ ।

क.स.	औषधीको नाम	खरिद संख्या	स्वास्थ्य कार्यालयबाट प्राप्त	अ.ल्या.गत वर्षको
१	Paracetamol 500 mg	१७५७००	२३५००	१३७१००
२	Ferrous sulphate 60mg+Folic Acid 0.4 mg	४९०८०	४८०००	१२६०००
३	Metformin 500 mg	८७९००	६६०००	३०००
४	Amlodipine 5 mg	६३७८६	७३६००	२५९४
५	Calcium 500mg+ Vitamin D3 250 mg	७३५५०	२८०००	१०००
६	Ibuprofen 250 mg	७७७३०	०	०
७	Ranitidine 150 mg	६९०६९	८०००	०
८	Amoxycillin 500 mg	७५३४८	०	०
९	Amoxycillin 250 mg	५९५७७	६५००	१७५०
१०	Metronidazole 400 mg	४१६९१	३८००	०

क्र.स.	म्याद नाघेको औषधीको नाम	परिमाण	रकम	कैफियत
१	Salbutamol 4mg	2500		आ.व.2080/ 81को मौज्दात
२	Insulin Syringe	1700		स्वा.कार्यालय बाट प्राप्त
३	Chlorhexidine Gel 4%	1595		स्वा.कार्यालय बाट प्राप्त
४	Valporic Acid 200 mg	1200		स्वा.कार्यालय बाट प्राप्त
५	Vitamin K 0.5 ml Injection	1105		स्वा.कार्यालय बाट प्राप्त
६	Amitriptilline 25 mg	1000		स्वा.कार्यालय बाट प्राप्त
७	HRZ (CHILd)	872		स्वा.कार्यालय बाट प्राप्त
८	Folic Acid 5 mg	600		स्वा.कार्यालय बाट प्राप्त
९	Determine HIV Test Kit(PMTCT Kit)	450		स्वा.कार्यालय बाट प्राप्त
१०	Ready to use supplementry nutritious food	375		स्वा.कार्यालय बाट प्राप्त

कार्यालयले नगरवासीको आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि ८६ प्रकारका औषधी तथा अन्य सामानहरु टेण्डर खरिद विधी मार्फत खरिद गरी रु.२२,२२,७०४ डालिमा मेडिसिल्स काठमाण्डौलाई भुक्तानी दिएको देखिन्छ । आर्थिक वर्षको शुरुवाटै नगरका अस्पताल र विभिन्न स्वास्थ्य संस्थाहरुमा औषधि सहज रुपमा उपलव्ध गराउनु गर्नुपर्नेमा झण्डै ७ महिना ढिलो गरेर कार्यालयले औषधी खरिद गरेको देखिन्छ । मानव स्वास्थ्यसंग जोएिको संवेदनशील र अतिआवश्यक औषधी समयमा नै खरिद गरी नगरका सवै स्वास्थ्य संस्थाहरुमा उपलव्ध गराउने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । कार्यालयले वार्षिक खरिद योजना र औषधी वितरण कार्यतालिका समयमा नै स्वीकृत गर्ने र कार्यातालिका अनुसार औषधि खरिद तथा वितरण प्रभावकारी रुपमा कार्यान्वियन गर्नुपर्ने देखिएको छ । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ। म्याद नाघेको औषधिलाई नस्ट गर्नु पर्दछ ।

१२२.२ **निःशुल्क उपचार सहायताः**जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागि बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष देहाय अनुसार पालिकावाट मृगौला प्रत्यारोपण र डायलाईसिस , क्यान्सर रोगीलाई र मेरुदण्ड र पक्षघातको विरामीलाई रु १३२७०००० खर्च भएको देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

त्रैमासिक	जना	रकम
पहिलो त्रैमासिक	२१८	३२०००००
दोश्रो त्रैमासिक	२२९	३३०००००
तेश्रो त्रैमासिक	२३९	३३७५०००
चौथो त्रैमासिक	२३४	३३९५०००

१२२.३ **मार्गदर्शन विपरित खर्चः** आर्थिक वर्ष २०८१।०८२ मा स्थानीय तहवाट गरिने स्वास्थ्य तर्फको सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरुको सन्चालन सम्वन्धि मार्गदर्शनमा स्वास्थ्य तर्फको तलव खर्च लेख्दा स्वीकृत दरबन्दिमा रहेको कर्मचारीहरुको तलव, महगीं भत्ता, स्थानीय भत्ता,पोषाक लगायतको अनिवार्य दायित्वमा वाहेक अन्य शिर्षकमा रकम खर्च गर्न नपाईने उल्लेख छ ।पालिकाले देहायको कर्मचारीको संघीय सशर्त तर्फवाट तलव खर्च लेख्दा तलवी पेरोलमा मार्गदर्शन विपरित देहायको कर्मचारीको फिल्ड भत्ता रु २४४५०० भुक्तानी भएको देखिएकोले नियम विपरित देखिएको रु

सि.नं.	पद	तह	कर्मचारीको नाम,थर	फिल्ड भत्ता
				श्रावण
1	सि.अ.हे.व.अ.	छैठौं	तनुक लाल चौधरी	१८०००
2	ज.स्वा.नी	छैठौं	राज कुमार चौधरी	१८०००
3	अ.न.मी.	छैठौं	ईन्द्र कुमारी मगर	१८०००
4	सि.अ.हे.ब.	पाचौं	लक्ष्मी श्रेष्ठ	६०००
5	सि.अ.हे.व.अ.	छैठौं	राम कुमार चौधरी	९०००
6	सि.अ.न.मी.नि.	छैठौं	रामावती चौधरी	१८०००
7	सि.अ.न.मी.नि.	छैठौं	पार्वती कुमारी कटुवाल	१८०००
8	अ.न.मी.	छैठौं	मिश्रा कुमारी सुनुवार	१८०००
9	अ.न.मी.	पाचौं	प्रभा राई	१८०००
10	अ.हे.ब.	पाचौं	राजेन्द्र दनुवार	१८०००
11	अ.हे.ब.	पाचौं	निरुता कुमारी लुंगेली	१८०००
12	अ.हे.ब.	पाँचौ	कुन्दन कुमार चौधरी	१८०००
13	अ.हे.ब.	पाँचौ	सुरेश कुमार अधिकारी	१८०००
14	अ.हे.ब.	पाचौं	राजेश कुमार चौधरी	१८०००
15	अ.हे.ब.	पाचौं	धर्मेन्द्र रेग्मी	१८०००
जम्मा				२४४५००

अनियमित भएको	२,२४,५००

१२२.४ **न्यानो झोलाः** ११६।२०८१।१२।२० पालिकामा संघीय शसर्त स्वास्थ्य तर्फ विनियोजित भएको वजेट खर्च गर्दा वाट स्थानीय तहवाट गरिने स्वास्थ्य तर्फको सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरुको सन्चालन सम्वन्धि मार्गदर्शनमा उल्लेखित कार्यविधि अनुसार खर्च गर्नु पर्दछ ।पालिकाले संघीय शसर्त वाट स्थानीय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम वाट ३२० थान सरकारी स्वास्थ्य चौकी र अस्पतालमा जन्म लिएको शिशुहरुको लागी न्यानो झोला खरिद भै सवै स्वास्थ्य चौकीमा हस्तान्तरण भएको देखिन्छ ।यस आर्थिक वर्षमा पालिकाको स्वास्थ्य चौकी र अस्पतालमा जम्मा ८७ जना शिशुहरुको जन्म भएको देखिन्छ ।पालिकमा तालिम प्राप्त स्वास्थ्य कर्मीको अभावमा र तालिम प्राप्त स्वास्थ्य कर्मी विदामा वसेको कारणले सख्या घटि भई न्यानो झोला मौज्दात रहेको छ । वाकी मौज्दात प्रयोग भए पछि मात्र आवस्यक्ता को आधारमा न्यानो झोला खरिद गर्नु पर्दछ ।

१२२.५ शीर्षक विपरित खर्चः पालिकाले स्थानीय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम वाट खर्च लेख्दा स्थानीय तहवाट गरिने स्वास्थ्य तर्फको सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरुको सन्चालन सम्वन्धि मार्गदर्शनको पालना गर्नु पर्दछ । पालिकाले संघीय शसर्त २६२।२०८२।३।२० वाट स्थानीय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रमवाट स्वास्थ्य कर्मीहरुलाई रात्रीकालिक भत्ता वापत रु २१९९०० भुक्तानी गरेको छ । कार्यविधिमा यस शीर्षकवाट रात्रीकालिक भत्ता दिने व्यवस्था नरहेको र पालिकाले कार्यविधि वनाएर भुक्तानी गर्नु पर्नेमा मार्गनिर्देशन विपरित रु २१९९०० खर्च भएकोले शीर्षक विपरित खर्च भएको रु

अनियमित भएको	२,१९,९००

१२३ **फरक कार्यको भुक्तानी** - (वित्तीय समानीकरण चालु ८९६-2081-03-24):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चको पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।बालमैत्री घोषणा कार्यान्वयन वापत निरु कार्कीको रकम रु.१९९८६० पेश्की फर्स्यौट भएको छ ।जसमा कार्यक्रम स्वीकृत गर्दा कार्ययोजना निर्माण वापत रु.१०००००।– रकम राखेकोमा कार्यसम्पन्न गर्दा बालमैत्री सूचकको व्यानर प्रिन्ट १०० थान गरी रकम खर्च गरेको देखिएकोले तोकिएबमोजिम खर्च नगरी अन्य कार्यक्रममा भएको खर्च रकमलाई नियमसम्मत मान्न नसकिएको रु.

अनियमित भएको	९९,८९२

१२४ **कर्मचारीलाई यातायात खर्च** - (वित्तीय समानीकरण चालु ८९२-2082-03-24):

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१२५ **निजी स्रोतका शिक्षकलाई तलव** –

अर्थ मन्त्रालयको च. नं. १२१ मिति २०७८।३।२७ को पत्र अनुसार वित्तीय समानीकरण अनुदानको रकमबाट मासिक पारिश्रमिक तथा भत्ता भुक्तानी गर्न नमिल्ने व्यवस्था छ।पालिकाले शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक राखी राजश्व वाडफाँड तथा संघीय सशर्त अनुदानबाट रकम भुक्तानी गर्नुपर्नेमा वित्तीय समानीकरणबाट निजी श्रोत शिक्षकको तलव भत्ता वापतको रकम भुक्तानी गरेको देखिएकोले समानीकरणबाट भएको भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.

भौ.न./ मिति	विद्यालयको नाम	शिक्षकको नाम	भुक्तानी रकम
७९-२०८१।७।२६	पद्मावतीआ.वि.दुर्गाकान्ला वडा नं. ५	रमा पौडेल	८४०००
७५४-२०८२।३।११	जाल्पादेवी मा.वि. वडानं. १४	केशर कुमारी मगर	२०७०००
३४१-२०८१।११।६	पन्चकन्याआ.वि.शुक्लाही वडा नं. ५	विष्णुमाया मगर	१०००००
४२०-२०८१।१२।१०	आ.वि.मदन आश्रितदिपुटोल	ध्रुवराज दनुवार	१८००००
	अ.ज.मा.वि.राजावास	प्रमिला दनुवार	१८००००
५५३-२०८२।१।२८	बागचौरी विद्यालय वडा नं. ८	दर्गाराज खड्का	१३७५००
		मिना कुमारी बराल	७३५००
		कुन्ता कुमारी कार्की	४८०००
५८१-२०८२।२।६	माध्यमिक विद्यालय साउने वडा नं. १४	टिका राई	२६५९५२
		रिना राई	३३८४६
जम्मा			१३०९७९८

अनियमित भएको	१३,०९,७९८

१२६ **शिक्षा तर्फ**

१२६.१ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवंम पूर्वाधार व्यवस्थापन**

(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर : कार्यक्रम कार्यान्वियन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

(ख) निजि विद्यालय व्यवस्थापन :राष्ट्रिय शिक्षा नीति,२०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन।अतःपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ।

(घ) अनुगमन : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ। पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन।

१२६.२ **विद्यालय अनुदानः** अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने ब्यबस्था छ । यस स्थानीय तहका लागि स्वीकृत दरवन्दी, शिक्षक अनुदान कोटा (राहत) र प्राविधिक धारतर्फका शिक्षक कर्मचारीका लागि शसर्त अनुदान तर्फ बजेट व्यवस्था भई अनुदान उपलव्ध गराएकोमा स्थानीयतहले शिक्षक दरवन्दी मिलान व्यवस्थापन र विद्यार्थी संख्याको अनुपात र दरवन्दी मिलान नगरी शिक्षक बिद्यार्थि अनुपात घटि भएका बिद्यालयलाइ शसर्त तर्फ र पालिकाले दिएको थप अनुदानका अतिरिक्त वडा कार्यलय तर्फको कार्यक्रममा राखि देहायको विद्यालयलाई शैक्षिक सुधार कार्यक्रम तथा शिक्षकको तलव बापत भनि अनुदानको रुपमा देहायको विद्यालयलाई रु ६५०४६३८ खर्च निकासा भएको छ ।

क्र.सं.	विद्यालयको नाम	तह	शिक्षक संख्या	तलब प्रति महिना	वर्षभरीमा निकासा भएको तलब
१	जाल्पादेवी मा वि धाप्लाङ्ग	मा वि करार	१	१६९३७	२२५१८१
		प्रा वि करार	१	१५०००	२०००००
२	जनक मा वि खैजनपुर	मा वि करार	१	१६९३७	२२५१८१
		निमावि करार	१	१५०००	२०००००
३	जनता मा वि दमौती	मावि करार	१	१६९३७	२२५१८१
		प्रा वि करार	१	१५०००	२०००००
४	मा वि भोर्ले चिलाउने	मावि करार	१	१६८१५	२२३५९५
		प्रा वि करार	१	१५०००	२०००००
५	मा वि कौवाई	निमावि करार	१	११५००	१५४५००
६	कालिका आ वि बेतेनी	निमावि करार	१	११५००	१५४५००
७	पञ्चावती आ वि जाँतेसिद्रे	निमावि करार	१	११५००	१५४५००
८	खाटमन्दिर आ वि बागचौरी	निमावि करार	१	१००००	१३५०००
		प्रा शि करार	१	१५०००	२०००००
९	जनप्रेमी आ वि पुरानो गाईघाट	निमावि करार	१	१००००	१३५०००
१०	पञ्चावती आ वि बुर्जाकान्ला	निमावि करार	१	१००००	१३५०००
११	आ वि रातमाटे	निमावि करार	१	१००००	१३५०००
१२	लक्ष्मीपुर मा वि पोर्ताहा	निमावि करार	१	१५०००	२०००००
१३	राष्ट्रिय मा वि बगाहा	निमावि करार	१	१५०००	२०००००
१४	पञ्चकन्या मा वि पात्लेबास	निमावि करार	१	१५०००	२०००००
१५	रामजानकी मा वि मोतिगडा	निमावि करार	१	१५०००	२०००००
१६	ज रे प आ वि बगाहा	निमावि करार	१	१५०००	२०००००
१७	जनता मा वि श्रीपुर	प्रा शि करार	१	१५०००	२०००००
१८	खाटमन्दिर आ वि शाहिखोला	प्रा शि करार	१	१५०००	२०००००
१९	आ वि जोगिदह	प्रा शि करार	१	१५०००	२०००००
२०	ओम जनता आ वि होक्से	प्रा शि करार	१	१५०००	२०००००
२१	बालहित आ वि भान्टाबारी	प्रा शि करार	१	१५०००	२०००००
२२	मदन आश्रीत आ वि डिपुटोल	प्रा शि करार	१	१५०००	२०००००
२३	राष्ट्रिय आ वि खारखोला	प्रा शि करार	१	१५०००	२०००००
		प्रा शि करार	१	८०००	१०९०००
२४	उदय आ वि साल्थुम्की	प्रा शि करार	१	१५०००	२०००००

२५	मनमोहन आ वि रमाईलो डाँडा	प्रा शि करार	१	१५०००	२०००००
२६	सहकला आ वि धौरी सरस्वत्ति	प्रा शि करार	१	९०००	१२२०००
२७	शिवशक्ति आ वि भिमसेनटोल	प्रा शि करार	१	८०००	१०९०००
२८	साङछोलिङ्ग गुम्बा आ वि बाजगरा	प्रा शि करार	१	८०००	१०९०००
२९	इन्द्रावती आ वि घनचक्रे	प्रा शि करार	१	९०००	१२२०००
३०	जनता आ वि टाँटरीबोटे	प्रा शि करार	१	८०००	१०९०००
३१	आ वि बेङरी	प्रा शि करार	१	९०००	१२२०००
जम्मा			३७		६५०४६३८

पालिकाले विद्यालय एकिकरण गर्ने, शिक्षक व्यवस्थापन गर्ने , पालिकाको शिक्षक दरवन्दि मिलान गर्ने र आवस्यक दरवन्दि प्राप्त गर्ने तर्फ पहल गर्नु पर्ने देखिन्छ ।

१२६.३ **स्थानीय पाठ्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७९ को नियम ३९(५) खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले गत वर्षमा खरिद भएको स्थानीय पुस्तक त्रियुगा ज्ञानमाला खरिद गरि रु २४१४२५० भुक्तानी भएको छ । स्थानीय पुस्तक कक्षा १ देखि कक्षा ५ सम्मको पुस्तक देहाय अनुसार वितरण नभएकोले सो को वितरण गरी आवस्यक्ताको आधारमा मात्र खरिद गर्नु पर्दछ ।

क्र.सं.	विद्यालय	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५	कक्षा ६	कक्षा ७	कक्षा ८	जम्मा
पाठ्य पुस्तक जम्मा वितरित		२०८५	१९४३	१८८६	२०२२	२१२६	२२२१	२२४५	२३१६	१६८४४
	जम्मा खरिद संख्या	३५०४	१९३७	२१५४	१९५१	२३३६	२६८३	२६५१	२८०९	२००२५
	गत वर्षको वाँकी	२६४	५६९	५३४	७२५	४२१	०	०	०	२५१३
	जम्मा वाँकी	१६८३	५६३	८०२	६५४	६३१	४६२	४०६	४९३	५६९४

१२६.४ **विद्यालयमा जिन्सी दाखिलाः** पालिकाले संघीय सशर्त बजेटवाट विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानवाट देहाय वमोजिम विद्यालयमा आईसिटि को लागी गो.भौ.२९६।२०८२।३।२४ वजेट निकासा गएकोमा पेश भएको रु १९०४०९४ विल भरपाईमा विद्यालयमा खरिद भएका समाग्रीको जिन्सी दाखिला प्रतिबेदनमा मुल जिन्सी खाता पाना नम्बर र दाखिला नम्बर उल्लेख नभएको लुज सिटमा दाखिला गरेको, खर्च भएर जाने भनि दाखिला गरेको देखिएकोले खरिद भएका समाग्रीको मुल जिन्सी खाता दाखिला र जिन्सी निरीक्षण प्रतिबेदन प्राप्त गरी विद्यालयको जिन्सी दाखिला नियम अनुसार गर्नु पर्ने देखिन्छ ।

विद्यालयको नाम	विल रकम भ्याट वाहेक
श्री जनप्रेमी रेसमलाल परमानन्द मावि	६३६९४३
श्री जनता मावि देउरी	६३०२५०
श्री सिध्दवति मावि खावु	६३६९०१
	१९०४०९४

१२६.५ (315-2082-03-25):

अग्रिम करः आयकर ऐन, २०५८ को दफा ८९ मा मुल्य अभिवृध्दि करमा दर्ता भएको आपुर्तिकर्तावाट सामान खरिद गर्दा भुक्तानी भएको रकममा १.५ प्रतिशत कर कट्टि गरि भुक्तानी गर्नु पर्ने व्यवस्था छ।पालिकाले संघीय शसर्त विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रमवाट वाल मन्दिर माविलाई रु २३५००० भुक्तानी भएकोमा खरिद भएको विलवाट नियमअनुसार कर कट्टि दाखिला पेश नभएकोले रु ३१२० दाखिला भएको प्रमाण पेश गर्ने र दाखिला नभएको भए अग्रिम कर दाखिला हुनु पर्ने रु

असुल गर्नुपर्ने	३,१२०

१२६.६ **स्यानिटरी प्याड**- स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ देखि कक्षा १२ सम्मको छात्रा विद्यार्थीहरु ४७०५ जना रहेका छन। पालिकाले २९८। २०८२।३।२४ वाट ९४१०० थान स्यानिटरी ई विडिङ वाट रु. १८७२५२४ (मु.अ.कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा अन्तिम समयमा खरिद गरी विद्यालयमा मौज्दात राखेको देखिन्छ। पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा कार्यविधि अनुसार समयमानै खरिद गर्नु पर्दछ । विद्यालयमा मौज्दात वाँकी रहेको स्यानिटरी प्याड सुरक्षित साथ भन्डारण रहेको र सदुपयोग भएको सम्वन्धमा पालिका यकीन हुनु पर्ने देखिन्छ ।

१२६.७ **सामाजिक परीक्षण प्रतिवेदनः** यस नगरपालिकाको सवै सामुदायिक विद्यालयहरुको खातामा विद्यालय सन्चालन तथा व्यवस्थापन अनुदान अन्र्तगत सामाजिक लेखापरीक्षण तथा आर्थिक लेखापरीक्षण, बुलेटिन प्रकाशन लगायतका कृयाकलाप सन्चालनका लागि आधारभूत तह सन्चालित विद्यालयका लागि वार्षिक रु.१० हजारका दरले र मा.वि. तह सन्चालित विद्यालयका लागि वार्षिक रु.१५ हजारका दरले जम्मा रु.७,००,०००।– रकम सम्वन्धित विद्यालयको खातामा एकमुष्ठ निकासा भएको पाइयो । शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालयले जारी गरेको विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८ अनुसार अनिवार्य रुपमा सामाजिक परीक्षण गर्ने व्यवस्था मिलाउने, सामाजिक परीक्षण गर्दा विद्यालयले वाट विद्यालय रिपोर्ट कार्ड प्रिन्ट गरी सो को विवरण अभिभावकलाई जानकारी गराउने, विद्यालयले हासिल गरेका मुख्य मुख्य सूचक सहितका उपलव्धीहरु बुलेटिन मार्फत सार्वजनिक गर्ने, सामाजिक परीक्षणको प्रतिवेदन स्थानीय तहमा पेश गर्दा उक्त विद्यालयको रिपोर्ट कार्ड समेत संलग्न राखी पेश गर्नुपर्ने प्रकृया तथा व्यवस्था गरेको देखिन्छ । लेखापरीक्षणको समयसम्ममा समेत सवै विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण तथा वुलेटिन प्रकाशन स्थानीय तहमा पेश गरेको नदेखिएको हुँदा उक्त कागजात प्रतिवेदन प्राप्त गर्नु पर्ने ।

१२६.८ **दिवा खाजाः** पालिक तर्फ सञ्चलन हुने संघीय शिक्षा कार्यक्रम कार्यान्वन कार्यविधि २०८१।०८२ अनुसार स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेका दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालबालिकाहरुका लागि उपलव्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा प्रति विद्यार्थी दैनिक रु १५ का दरले १८० दिनका लागि विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान मिलाउने व्यवस्था छ । स्थानीय तहले दिवा खाजामा उपलव्ध गराईएकाविद्यार्थीहरुको दैनिक हाजिर पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यास अध्यक्षबाट प्रमाणीत गराईस्थानीय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदानदिने व्यवस्था मिलाउने, तेश्रोत्रैमासिकको निकासा गर्दा पहिलो र दोश्रो त्रैमासिकमा निकासा भएको रकम सदुपयोगको सुनिश्चित गर्ने र सवै विद्यालयका प्रधानाध्यापकहरुको बैठक राखी रहेको दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका, २०७७ जानकारी गराउने र सम्भव भएसम्म स्थानीय तहभित्रका सबै विद्यालयहरुमा एकै किसिमको मेनु व्यवस्थापनमा सहजिकरण गर्नेव्यवस्था रहेको छ। पालिकाले यसवर्ष दिवा खाजा वापत ७१ विद्यालयलाई रु १५९३८८१५ भुक्तानीदिएको छ। पालिकाले दिवा खाजाको मेनुमा एकरुपता तथा खर्चको सदुपयोगको सम्बन्धमा प्रभावकारी रुपमा अनुगमन हुनुपर्दछ ।

१२६.९

शिक्षक विद्यार्थी अनुपातः शिक्षा नियमावली २०५९ को नियम ९२ को शिक्षक विधार्थी अनुपात अनुसार सोहि नियमावलीको अनुसूची १२ वमोजिमको दरबन्दी एकिन गर्नुपर्ने प्रावधान रहेको छ ।नेपाल सरकारवाट तयार गरिएको विद्यालय क्षेत्र सुधार योजनाले शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रमा १:३०,पहाडी क्षेत्रमा १:३५ र तराई तथा उपत्यकामा १:४० रहनु पर्ने उल्लेख छ । नगरपालिका अन्तर्गत पालिका अनुदान प्राप्त सबै विधालयहरुको दरबन्दी र विधार्थी सहितको शिक्षक बिद्यार्थी अनुपात बिबरणः

क्र.सं.	विद्यालयको नाम	विद्यार्थी सख्या	शिक्षक सख्या	विद्यार्थी शिक्षक अनुपात
१	जनता मा.वि जोगिदह	४८१	१७	१:२८
२	जनप्रेमी मा.वि. पूर्वटोल जोगिदह	३४५	१२	१:२९
३	जनज्योती आ.वि. मैनहा जोगिदह (१-५)			
४	आ.बि .जोगीदह (१-५)	२०	२	१:१०
५	जनक मा.वि. खैजनपुर	२३३	१२	१:१९
६	जनता आ.वि. मोतियाही	२०९	८	१:२६
७	राजदेवि मा.वि. सनुवा	३०	२	१:१५
८	सत्यदेवि मा.वि. भुल्के	३७५	१६	१:२३
९	ज.रे.प. बगाहा	२३२	८	१:२९
१०	रामजानकी मा.वि. मोतिगडा	४९५	१७	१:२९
११	रा.मा.वि.बगाहा	४१२	१९	१:२२
१२	शिवशक्ति आ..वि.बगाहा	९४	५	१:१९
१३	मनकामना आ.वि. फर्सेट	२१	२	१:११
१४	जनता मा.वि.दमौति	२३९	९	१:२७
१५	पञ्चकन्या आ.वि शुक्लाही	५९	२	१:३०
१६	राष्टिय आ.वि. खारखोला	३४	२	१:१७
१७	जनज्योति आ.वि. देउरी	६१	४	१:१५
१८	पन्चावति आ.वि. वुर्जाकान्ला	१३७	८	१:१७
१९	जनता मा.वि. श्रीपुर	३४६	१७	१:२०
२०	जनता मा.वि. देउरी	७३३	२३	१:३२
२१	पन्चकन्या मा.वि. पात्लेवास	३१७	१३	१:२४
२२	इन्द्रावति आ.वि. घनचक्रे	४८	३	१:१६
२३	चुरिया आ.वि. मोहनपुर	३६	५	१:७
२४	मा.वि. कालिखोला	२४५	१३	१:१९
२५	जनज्योति मा.वि. चुहाडे	७४७	२३	१:३२
२६	जनता मा.वि कौवाई	१५०	८	१:१९

२७	बालहित आ.वि. भान्टबारी	४२	३	१:१४
२८	ओम आ.वि. होक्से	७	२	१:४
२९	खाटमन्दिर आ.वि. बागचौरी	२५१	१०	१:२५
३०	खाटमन्दिर आ.वि. शाहिखोला	५२	५	१:१०
३१	अम्बेबर मा.वि. राजावास	६२६	२२	१:२८
३२	जनता आ.वि. गैरुन	४५	४	१:११
३३	मदनअश्रित आ.वि. डिपुटोल	१०८	५	१:२२
३४	आ.वि.रातमाटे	८१	५	१:१६
३५	बालमन्दिर बोक्से	८३३	२१	१:३८
३६	मनमोहन आ.वि. रमाइलोडाडाँ	१४९	९	१:४०
३७	त्रियुगा मा.वि. गाईघाट	२३१९	४८	१:४८
३८	मा.वि.लक्ष्मीपुर पोर्ताहा	६८६	२१	१:३३
३९	जनता आ.वि.असारी	११८	९	१:१३
४०	जनप्रेमी पुरानो गाईघाट	२४०	११	१:२२
४१	जनता आ.वि. वहेर्वा	७५	९	१:८
४२	बालकन्या आ.वि. सिम्ले	१३	२	१:७
४३	मा.वि.साउने	१७०	९	१:१९
४४	मत्सेदेवी आ.वि. सिरेटी	३६	६	१:६
४५	सहकला आ.वि. टोड्के	१५	२	१:८
४६	शिवशक्तिआ.वि. भिम्सेनटोल	२०	२	१:१०
४७	जाल्पादेवी मा.वि. धाप्लाङ्ग	१४९	८	१:१९
४८	साङछोलिङ गुम्का	२४	१	१:२४
४९	जनता मा.वि. रानिबास	१४५	१०	१:१५
५०	सिद्धावती मा.वि. खाबु	१५६	१४	१:११
५१	जनता मा.वि. बरुवाडहर	१८४	११	१:१७
५२	संकाली आ.वि. रातमाटे	२८	३	१:९
५३	आ.वि. कुभिन्डे खाबु	३९	३	१:१३

५४	सहकारी आ.वि. गिजिनटार	२४	३	१:८
५५	आ.वि. छाम्लीङ	९८	६	१:१६
५६	उदय आ.वि. सालथुम्की	१८	१	१:१८
५७	कालिका आ.वि. वेतिनी	५१	५	१:१०
५८	आ.वि. टाटरीबोटे	३५	२	१:१८
५९	मा.वि. चिलाउने	१६५	१२	१:१४
६०	मा.वि. भोर्ले चिलाउने	२०२	१३	१:१६
६१	सरस्वति आ.वि. बेल्दोभान	११	२	१:६
६२	सहकला आ.वि. धौरी	१५	२	१:८
६३	आ.वि. बेङरी	३८	३	१:१३
६४	आ.वि. आहाले	१२	२	१:६
६५	आ.वि. धौरी सरस्वती	१५	३	१:५
६६	आ.वि. जातेसिद्रे	४४	६	१:७
६७	त्रियुगा बैदिक गुरुकुलम	५३	१	१:५३
	जम्मा	१३४९३	५७१	

उल्लेखित शिक्षक विद्यार्थी अनुपात विश्लेशण गर्दा अधिकासं विद्यालयमा शिक्षक विद्यार्थी अनुपात न्यून देखिन्छ । केहि ठुला विद्यालयमा वाहेक सवै विद्यालयमा विद्यार्थी अनुपातमा शिक्षक संख्या वढि देखिन्छ ।न्युन विधार्थी भएका विधालयमा कार्यरत शिक्षकलाई बढि विधार्थी भएका विधालयमा दरबन्दी मिलान गर्नु पर्ने देखिन्छ ।तोकिए बमोजिम शिक्षक विधार्थीको अनुपात कायम गरी शिक्षक नपुग हुने अबस्था देखिएमा मात्रै पालिकाले अन्य उपयुक्त विकल्प अवल्मवन गर्नु पर्दछ ।

१२६.१ **शिक्षाप्रशासन सुधारः** पालिकाले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको छैन । कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१ मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने र कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्थाको पूर्ण कार्यान्वियन भएको छैन । शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) र (ञ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको छैन । संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको छैन । संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट गरेतापनि तथ्यांकमा एकरुपता रहेको छैन । शिक्षा प्रसासन सुधार तर्फ पालिकाले पहल गर्नु पर्दछ ।

१२७ **आन्तरिक आय -**

१२७.१ **राजश्व वाडँफाड-** पालिकाले संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम त्रियुगा नदीको २ क्षेत्र सहित र बरुवा नदीको तोकिएको क्षेत्रबाट ४९४२२.९६ घनमिटर उत्खनन लागि कोशी प्रदेशको आर्थिक ऐन,२०८१ बमोजिम ढुंगा र गिट्टीको विक्री दर ८ प्रति क्यूविक फिट र बालुवाको प्रति क्यूविक फिट ७ का दरले रु. १२८१६१०६।३(मु.अ.कर सहित) मा सूचना प्रकाशन भएकोमा निर्माण व्यवसायी सुशान्त कन्सट्रक्सन त्रि न पा ९ संग रु. १२८१६१०६।३ (मु.अ.कर सहित) कबोल गरेको देखिन्छ । सूचनामा तथा प्रदेश आर्थिक ऐन २०८१ बमोजिम कबोल रकम एकमुष्ट दाखिला गरेमा १० प्रतिशत छुट पाउने व्यवस्था वमोजिम उक्त छुट लिई २०८१।९।२ गते रु ५१२६४७५। र २०८१।९।३ गते रु ६५५५४६३। गरी रु. ११६८१९३८। एकमुष्ट विभाज्य कोषमा दाखिला गरी मिति २०८१।९।२ मा सम्झौता भएको छ । दाखिला रकममध्ये ४० प्रतिशत रकम प्रदेश सरकारलाई र मूल्य अभिवृद्धी करको रकम संघीय राजस्वा खातामा जम्मा हुनु पर्नेमा देहायवमोजिम रु ४२६१४३६।७१ वर्षान्त पछि दाखिला भएको पाईयोः

सि नं	विवरण	वापत	रकम	दाखिला मिति
१	बाँडफाँड भई प्राप्त दहत्तरवहत्तरको विक्रीबाट प्राप्त रकम १४१५७	२०८१।८२ को रोयल्टी	२६७४७८२	२०८२।१०।१५
२	मु अ कर – वेदर्तावालाबाट संकलन ३३३१७	ढुंगा गिट्टी ठेक्का मु अ कर	६९६१२८	२०८२।८।१४
३	मु अ कर परामर्श तथा ठेक्का ३३३१४	ढुंगा गिट्टी ठेक्का मु अ कर	१५८२९७.६०	२०८२।१०।१५
४	मु अ कर – वेदर्तावालाबाट संकलन ३३३१७	ढुंगा गिट्टी ठेक्का मु अ कर	७३२२२९.११	२०८२।८।१४
	जम्मा		**४२६१४३६.७१**	

विभाज्य कोषमा जम्मा भएको रकम ऐनमा तोकिएको समयमा सम्वन्धित खातामा जम्मा गर्नु पर्दछ ।

१२७.२ **नदीजन्यपदार्थ ठेक्का** - संक्षिप्त वातावरणीय प्रतिवेदन बमोजिम ६ वटा नदि तथा खोलाको ७ स्थानबाट बार्षिक १८८७०० घनमिटर नदिजन्य पदार्थ संकलन असोज देखी जेष्ठ मसान्तसम्म मात्र गर्नुपर्ने भनी उल्लेख गरेकोमा पालिकाले पटक पटक सुचना प्रकाशन गरेकोमा त्रियुगा नदीको दोश्रो प्याकेजमा दोश्रो सुचनामा सुशान्त कन्सट्रक्सन त्रि न पा ९ संग मिति २०८१ पौष २ गते ४९४२२।९६ घन मिटर रु १२८१६१०६।३ उत्खनन गर्न जेष्ठ मसान्त सम्मको लागि सम्झौता भएको छ । बांकी स्थानमा ३ पटक सुचना प्रकाशन गर्दा समेत सम्झौता हुन सकेको पाईएन । पालिकाले ति खोला तथा नदीहरुबाट अवैध तरिकाले ढुंगा गिट्टी तथा वालुवा उत्खनन गरिरहेको अवस्थामा केहि व्यक्तिहरुलाई नियन्त्रणमा लिएर यस वर्ष जरिवाना वापत रु ११३१७४९। संकलन गरेको पाईयो । एकातिर नियमानुसार ढुंगा गिट्टी वालुवा उत्खनन गर्न आय ठेक्का लाग्न नसकि रहेको अवस्था छ भने अर्को तिर अवैध तवरले उत्खनन गरी चोरी भै रहेको अवस्थामा पालिकाले उपयुक्त माध्यम अपानाई सवै खोला तथा नदीहरुमा आय ठेक्का लाग्ने व्यवस्था गर्नु पर्ने देखिन्छ ।

१२७.३ **वर्षान्तको स्टकः** वरुवा खोलामा गत विगतवर्ष देखि घाट गद्धी गरी राखेको १८३०० घ मि यो वर्ष उत्खनन गरेको १८००० घ मि गरी ३६३०० घ मि ढुंगा गिट्टी वालुवा मध्ये गत विगतको घाट गद्धी गरेको १६४४७ घ मि विक्री गरी रु ५२४९८८२। राजस्व संकलन भएको पाईयो । त्यस्तै त्रियुगा लुहाले दोभान बाट ग्रभेल ४६६३।६ र वालुवा २९३२ घ मि पालिका आफैले उत्खनन गरी घाटगद्धी गरेको छ । वर्षान्तमा घाटगद्धीमा रहेको परिमाण विक्री गरी वांकी रहेको परिमाण एकिन गरी राख्ने गरेको पाईएन ।

१२७.४ **नगदी रसिद नियन्त्रणः** – पालिका आफैले ढुंगा गिटी वालुला उत्खनन र विक्री गरी राजस्व संकलन गर्दा नगदी रसिद प्रयोग गर्ने गरेको छ । नगदी रसिदको प्रयोग गर्दा नियन्त्रणका लागि कार्यालयबाट के कति परिमाण निष्कासन भयो प्रयोग भएको नगदी रसिद र फिर्ता भएको रसिद नियन्त्रण खातामा जनाउनु पर्नेमा पूर्ण अवधिको अभिलेख नराखी केही समयको मात्र निष्कासन भएको परिमाण मात्र उल्लेख गरेको पाईयो । जस्ले गर्दा सम्वन्धित व्यक्तिले वुझेर लगेको प्रयोग गरेको र फिर्ता गरेको रसिदको यथार्थ अवस्था एकिन गर्न सकिएन । साथै सो कारण राजस्व रकममा फरक परेको भए सो समेत एकिन गर्न सकिएन ।

१२७.५ **म.ले.प. फारामको प्रयोग** – पालिका आफैले ढुंगा गिटी वालुला उत्खनन र विक्री गरी राजस्व संकलन गर्दा प्रयोग गर्नु पर्ने म ले प फारामहरु १०१ १०३ १०४ १०५ १०६ लगायतका फारामहरुको प्रयोग गरेको पाईएन ।राजस्व संकलन गर्ने सार्वजनिक निकायहरुले ति फारामहरुको प्रयोग गर्नु पर्दछ ।

१२८ सामाजिक सुरक्षा

१२८.१ **सामाजिक सुरक्षा भत्ताः** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६, बिद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४, सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाबाट सामाजिक सुरक्षा कार्यक्रमको लागि यो बर्ष संघीय सरकारबाट प्राप्त बजेट मध्ये रू. ३६१७१५१२० खर्च देखाई आर्थिक विवरण पेश गरेको छ ।पालिकाको अघिल्लो आर्थिक बर्ष र यस आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको औषत निकाली तुलनात्मक अवस्था निम्न रहेको देखिन्छ।

लक्षितसमुह	आ.व. २०८०/८१ कोचार त्रैमासिकको औसत संख्या	आ.व. २०८१/०८2 को चार त्रैमासिकको औसत संख्या	भत्ता दर
अन्यजेष्ठ नागरिक भत्ता	५०००	५२४४	४०००
जेष्ठनागरिक (दलित)	४७०	४७८	२६६०
जेष्ठनागरिक (एकल महिला)	६३६	२८६	२६६०
विधवा	१२४०	१३४२	२६६०
पुर्णअपाङ्गता	३५४	३९८	३९९०
अतिअशत्त अपाङ्गता	४९४	६०६	२१२८
दलितबालबालिका	८९६	८७८	५३२
लोपोन्मुखजाति	१०	१०	३९९०
जम्मा	९१००	९२४२	

१२८.२ **बैंक प्रमाणीत-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ ।यस पालिकाले सामाजिक सुरक्षा भत्ता बितरण गर्ने सम्बन्धित बैंकबाट एक आर्थिक बर्षसम्म वा सो भन्दा बढी समयमा एक पटक पनि रकम नझिकेका लाभग्राहीहरुको विवरण माग गरी सो लाभग्राहीहरुको सम्बन्धमा पालिकाले सुक्ष्म तरिकाले छानबिन गरी उक्त लाभग्राही निष्कृय रहेको अवस्थामा लगत कट्टा गर्नुपर्ने भए गरी बढी भएको रकम तथा निक्रिय रहेको खाताको रकम सघिँय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।वडा कार्यलयवाट यकीन भए पश्चात सञ्चित कोषमा दाखिला गर्नु पर्ने वा लगत कट्टा गर्नु पर्ने देखिन्छ ।

क्र.सं.	सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंक	वडा नं.	निष्कृय संख्या	रकम
१	हिमालयन बैक लिमिटेड	८	४	७८४५४
		९	६	८६०२४
२	सिटिजन्स बैक गाईघाट	२	७	१८२६३५
३	नेपाल ईन्भेष्टमेण्ट मेगा बैक	५	३	१२१३३३
४	ग्लोबल आईएमई बैक	११,१२	२२	८१८६७
५	एनआईसि एसिया बैक	४	२	१०१८२०
६	मुक्तिनाथ बिकास बैक	७	९	३५६१६
७	कृषि बिकास बैक	१		
८	माछापुच्छ्रे बैक	१४,१५,१६		
९	कुमारी बैक	१०		
१०	लक्ष्मि सनराईज बैक	३,६र१३		
			जम्मा	६८७७५०

१२८.३ **सामाजिक सुरक्षा भत्ता वितरण -** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा बार्षिक प्रतिवेदन अनुसुची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्ने व्यवस्था छ ।यस नियम बमोजिम उक्त अनुसुची अनुसार प्रत्येक त्रैमासिक तथा वडावाईजको सामाजिक सुरक्षा भत्ता वितरण गरेको रकम निम्न अवस्थामा रहेको पाइयो ।

	प्रथम		दोस्रो		तेस्रो		चौथो	
	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम
अन्य जेष्ठ नागरिक भत्ता	५१३६	६१३२३८८०	५१९०	६१९९७३०४	५२५५	६२६०८८१६	५३९५	६४२५५२४७
जेष्ठ नागरिक भत्ता (दलित)	४८२	३८०३८००	४८९	३८७८२८०	४७९	३८०७५७५	४६४	३६६०१६०
जेष्ठ नागरिक एकल महिला	५९९	४७७४७००	५९३	४७२९४८०	५९५	४७२४१६०	५५८	४४५०१८०
विधवा	१२९७	१०२४५३४२	१३२४	१०४९६४५२	१३५७	१०७४३७४०	१३८९	११०२१९०७
पूर्ण अपाङ्गता भत्ता	३९६	४६७६२८०	३९८	४७५२०९०	४००	४७६४०६०	३९९	४७६४३२६
अति अशक्त अपाङ्गता भत्ता	५९५	३७२०८०८	६०८	३८४५२९६	६११	३८५५९३६	६१२	३८८९९८४
दलित बालबालिका	८८०	१३३६८६३	८८२	१३३७१६५	८७४	१३४५०४१	८७६	१३६१९६२
लोपन्मुख जाति	१०	११९७००	१०	११९७००	१०	११९७००	१०	११९७००
जम्मा	९३९५	९०००१३७३	९४९४	९११५५७६७	९५८१	९१९६९०२८	९७०३	९३५२३४६६

वडा	प्रथमत्रैमासिक	दोस्रोत्रैमासिक	तेस्रोत्रैमासिक	चौथोत्रैमासिक	जम्मा खर्च
१	५१६५९७७	५१९८४३८	५१९०४५२	५२३१२०७	२०७८६०७४
२	६२८२६८२	६३६२६१९	६३७२८०८	६४१२०६७	२५४३०१७६
३	८०८६३२६	८१९२१०४	८१६५०८७	८२७९३८७	३२७२२९०४
४	५९०७१४९	५८६८४८८	५८९३९०६	५९४१४७२	२३६११०१५
५	५८२१८४८	५८९६७३६	६०१२४७६	६२११५२०	२३९४२५८०
६	७५८२९६२	७६७४७६८	७७२०६८६	७९६५७२२	३०९४४१३८
७	७३२१३७९	७२९८३५०	७३३८८७७	७५२३६६३	२९४८२२६९
८	५९८४८२८	६१२७७९४	६२२६५७६	६४०६४२४	२४७४५६२२
९	५०७९५०६	५१८९२९३	५१५६८०९	५२१००९८	२०६३५७०६
१०	६६५३७५५	६८६०३६४	७००१८२७	७१६१०२५	२७६७६९७१
११	६७८४९२२	६९५८८६४	७०३९८०२	७२१४६२२	२७९९८२१०
१२	४१८०९३०	४१९५८६९	४३३७०४२	४४९०८३७	१७२०४६७८
१३	५०८५५७७	५१६५३८५	५२९४५७१	५४२२४०२	२०९६७९३५
१४	२३९७०१६	२४५२००५	२४६०४०४	२५६५३८८	९८७४८१३
१५	३८३५८७५	३८५२८१०	३८००६४७	३८१८४९६	१५३०७८२८
१६	३८३०६४१	३८६२६८०	३९३५५९०	४०५५२९०	१५६८४२०१
जम्मा	९०००१३७३	९११५६५६७	९१९४७५६०	९३९०९६२०	३६७०१५१२०

१२८.४ **नागरिकता नम्बर एकै भएका लाभग्राही-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने सम्बन्धि व्यबस्था रहेको छ । नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नं. दोहोरो परेको देखिन्छ ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी दोहोरो परेको भए सम्बन्धितबाट अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

पहिलो त्रैमासिक			
क्रस	**वडा**	**जम्मा संख्या**	**कैफियत**
1	१	३६	
2	२	४१	
3	३	४२	
4	४	३१	
5	५	२४	
6	६	४१	
7	७	३२	
8	८	३१	
9	९	२३	
10	१०	३७	
11	११	५१	
12	१२	२४	
13	१३	४३	
14	१४	२०	
15	१५	१४	
16	१६	१९	
जम्मा		५०८	

दोश्रो त्रैमासिक			
क्रस	**वडा**	**जम्मा संख्या**	**कैफियत**
1	१	३६	
2	२	४०	
3	३	४४	
4	४	२९	
5	५	२५	
6	६	४१	

7	७	३४	
8	८	३१	
9	९	२३	
10	१०	३७	
11	११	५३	
12	१२	२३	
13	१३	४५	
14	१४	२०	
15	१५	१३	
16	१६	१९	
जम्मा		५१३	

तेश्रो त्रैमासिक

क्रस	**वडा**	**जम्मा संख्या**	**कैफियत**
1	१	३८	
2	२	४१	
3	३	४५	
4	४	२९	
5	५	२४	
6	६	४१	
7	७	३४	
8	८	३६	
9	९	२४	
10	१०	३७	
11	११	५४	
12	१२	२५	
13	१३	४५	
14	१४	२०	

15	१५	१२	
16	१६	१९	
जम्मा		५२५	१२०००
चौथो त्रैमासिक			
क्रस	**वडा**	**जम्मा संख्या**	**कैफियत**
1	१	३८	
2	२	३९	
3	३	४६	
4	४	३०	
5	५	२३	
6	६	४३	
7	७	३५	
8	८	३८	
9	९	२४	
10	१०	३७	
11	११	५७	
12	१२	२६	
13	१३	४५	
14	१४	२०	
15	१५	१२	
16	१६	१९	
		५३२	

१२८.५ **परदर्शीता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। कार्यविधिको पालना हुनु पर्दछ ।

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>निर्णय भन्दा बढी तलबभत्ता – पालिकाले करार कर्मचारीको सम्बन्धमा सभाबाट नाम,पद र रकम सहित म्याद थप भएको देखियो ।पालिकाको मिति २०८१।५।९ गतेको बैठक संख्या ३७ ले साविकै तलवमान भनी म्याद थपको निर्णय गरेकोमा सम्झौता गर्दा अ.न.मी. रुविना राना मगरको देहाय बमोजिम सम्झौतामा बढी रकम उल्लेख गरी रकम भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.न.</th><th>नाम थर</th><th>पद</th><th>म्याद थप निर्णयमा भएको रकम</th><th>सम्झौतामा भएको रकम</th><th>मासिक फरक</th><th>बार्षिक फरक</th></tr>
<tr><td>१</td><td>रुविना राना मगर</td><td>अ.न.मी.</td><td>१००००</td><td>२०७००</td><td>१०७००</td><td>१२८४००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२०७००</td><td>१०७००</td><td>१२८४००</td></tr>
</table>
</td><td>१,२८,४००</td></tr>
</table>

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : त्रियुगा नगरपालिका, उदयपुर , त्रियुगा नगरपालिका , उदयपुर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	विष्णु भक्त सिग्देल	२०८०-१-६	२०८१-११-१८
कार्यालय प्रमुख	कुमार प्रसाद कोइराला	२०८१-११-१९	हाल सम्म कार्यरत
लेखा प्रमुख	विनया बस्नेत	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
६,८०४,८३५	३२,५३१,३३०	२५,८६६,१९१	०	०	८४४,२३३
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	६६,०४६,५८९
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१४,४४८,२२९
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	१२८,४००
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	५१,७२६,७६०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		११७७१८९९५.०६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१०३२५५५०२८.१२	चालु खर्च	८६१६३२३७०.४८
प्रदेश सरकारबाट अनुदान	५८४७०७२९	पूँजीगत खर्च	५४८८४८९८२
राजश्व बाँडफाँट	२८८२२३७२२.७४	वित्तीय/अन्य व्यवस्था	५३१५१४७२.२५
आन्तरिक आय	४७३९५६०५.५६		
अन्य आय	८१५६७७५१.८३		
कुल आय	१५०८२१२८३७.२५	कुल खर्च	१४६३६३२८२४.७३
बाँकी मौज्दात		१६२२९९००७.५८	

अनुसूची - २

बेरूजु दफा ३४ सँग सम्बन्धित विवरण - अनुसूची - ३

त्रियुगानगरपालिकाको ज्यालादारी कर्मचारीहरुको विवरण			
सि.नं.	कामगर्ने स्थान	पद	कर्मचारीकोनाम,थर
१	न.पा.	अमिन	दिलिप कुमारयादव
२	न.पा.	करसंकलक	प्रेमकुमार कार्की
३	न.पा.	करसंकलक	श्याममगर
४	न.पा.	करसंकलक	विक्रमकार्की
५	न.पा.	करसंकलक	पवनलामिछाने मगर
६	वडानं. ५	फिल्डवर्कर	इन्द्रबहादुर कार्की
७	वडानं. ४	अ.न.मि.	बुद्धलक्ष्मी श्रेष्ठ
८	न.पा.	जे.सि.वि.चालक	रामगोपाल बस्नेत
९	न.पा.	बा.य.सहयोगी	हेलनकुमार राई
१०	न.पा.	बा.य.सहयोगी	राजकुमार महतरा
११	न.पा.	जे.सि.वि.सहयोगी	सन्तोषरोका
१२	न.पा.	पानीटयाङ्करसहयोगी	सुजनकुमार भुजेल
१३	वडानं. १	इलेक्ट्रिसियन	बिरेन्द्रकुमार चौधरी
१४	वडानं. १३	इलेक्ट्रिसियन	रामकुमार चौधरी
१५	राधाकृष्णमन्दिर	पुजारी	रामकृष्णनिरौला
१६	राधाकृष्णमन्दिर	पुजारी	पदमलाल लम्साल
१७	भगवतीमन्दिर	पुजारी	हरिप्रसाद पराजुली
१८	इन्द्रेश्वरमन्दिर	पुजारी	बद्रीप्रसाद काफ्ले
१९	अरुणापुष्पबाटिका	पुजारी	द्रोणराजखतिवडा
२०	भगवतीमन्दिर	हेरालु	सुमित्रापराजुली
२१	न.पा.	चौकीदार	अनुपराई
२२	वडानं. १३	चौकीदार	श्रीकान्तचौधरी
२३	जिल्लाअस्पताल	चौकीदार	विजयकुमार चौधरी
२४	नगरअस्पताल	चौकीदार	संजिताकुमारी चौधरी
२५	नगरअस्पताल	का.स.	हेमारायमाझी
२६	नगरअस्पताल	का.स.	गिताकुमारी मगर
२७	जिल्लाअस्पताल	सफाइकर्मी	चन्द्रकुमारी चौधरी

२८	न.पा.	का.स.	निजाकार्की
२९	वडानं. ७	का.स.	सुनिताकार्की
३०	वडानं. ८	का.स.	कवितानेपाल
३१	वडानं. ९	चौकीदार	मानबहादुर दनुवार
३२	वडानं. १२	चौकीदार	रामसेवक चौधरी थारु
३३	वडानं. १३	का.स.	चन्द्रिकाकुमारी चौधरी
३४	वडानं. १३	का.स.	मनिसाकोइराला (राउत)
३५	न.पा.	सफाइकर्मी	कोपिलावि.क.
३६	न.पा.	सफाइकर्मी	द्रोपतीबस्नेत
३७	न.पा. (बजार सरसफाई)	सफाइकर्मी	सुकदेव चौधरी
३८	न.पा. (बजार सरसफाई)	सफाइकर्मी	बिरसिंह सिन्तान
३९	न.पा. (बजार सरसफाई)	सफाइकर्मी	मेघबहादुर तामाङ
४०	न.पा. (बजार सरसफाई)	सफाइकर्मी	दिपेनडोम
४१	न.पा. (डिभाइडर)	सफाइकर्मी	लक्ष्मीमायावि.क.
४२	न.पा.	सफाइकर्मी	अनकबहादर मिरिङचिङ मगर
४३	वडानं. २	सफाइकर्मी	सुनिताचौधरी
४४	वडानं. ३	सफाइकर्मी	सरितामलिक
४५	वडानं. ३	सफाइकर्मी	गिताकुमारी डोम
४६	वडानं. ४	सफाइकर्मी	ममतादेवी मरिक
४७	वडानं. ५	सफाइकर्मी	भुटीदेवीमोची
४८	वडानं. ५ र ६	सफाइकर्मी	बिरेन्द्रमरिक डोम
४९	वडानं. ६	सफाइकर्मी	पुष्पाकुमारी भट्टराई
५०	वडानं. ६	सफाइकर्मी	निर्मलाडोम
५१	वडानं. ७	सफाइकर्मी	जलेश्वरमरिक
५२	वडानं. ७	सफाइकर्मी	संजिवकुमार मरिक
५३	वडानं. ८	सफाइकर्मी	रामपडीडोमिन
५४	वडानं. ९	सफाइकर्मी	सुनिलकुमार मरिक
५५	वडानं. ९	सफाइकर्मी	उर्मिलादनुवार
५६	वडानं. १०	सफाइकर्मी	चन्द्रिकादेवी डोमिन

५७	वडानं. १० खसी बजार	सफाइकर्मी	सन्ध्याकार्की (बोहोरा)
५८	वडानं. १० खसी बजार	सफाइकर्मी	तारापरियार
५९	वडानं. ११	सफाइकर्मी	सुनितामरिक
६०	वडानं. ११	सफाइकर्मी	मन्दनडोम मरिक
६१	वडानं. ११	सफाइकर्मी	दिपेनमरिक
६२	वडानं. १२ आर्यघाट	सफाइकर्मी	ललिताकुमारी डोम
६३	वडानं. १२ शान्तिधाम	सफाइकर्मी	छेदिलालपंजियार
६४	वडानं. १३ कृषि बजार	सफाइकर्मी	अल्पनाराई
६५	वडानं. १३ बरुवा बसपार्क	सफाइकर्मी	ममताकुमारी मलिक डोम
६६	वडानं. १३ कृषि बजार	सफाइकर्मी	दिलिपडोम
६७	वडानं. १३ कृषि बजार	सफाइकर्मी	सन्जुकुमारी मलिक
६८	वडानं. १४	सफाइकर्मी	सुखरीदेवी मरिक
६९	वडानं. १४	सफाइकर्मी	मुनाकुमारी मगर
७०	वडानं. १५	सफाइकर्मी	नगेन्द्रमरिक
७१	वडानं. १५	सफाइकर्मी	अनिताकुमारी डोम
७२	वडानं. १५	सफाइकर्मी	पुर्णमायामगर
७३	वडानं. १६	सफाइकर्मी	अनितामरिक डोम
७४	वडानं. १६	सफाइकर्मी	चमेलीतामाङ

बेरूजु दफा ३६ सँग सम्बन्धित विवरण - अनुसूची -४

क स	खर्च शिर्षक	२०८१।८२		२०८०।८१		२०७९।८०	
		विनियोजन	खर्च	विनियोजन	खर्च	विनियोजन	खर्च
१	विविध खर्च	४५०००००	४४८६०००	४५०००००	४४३९०००	४००००००	३७४७०००
२	ईन्धन खर्च	१२००००००	१२००००००	१३५०००००	१३१८५०००	१२५०००००	१२१५३६९०
३	सवारी साधनमर्मतखर्च	३५०००००	३४९९०००	३३०००००	३२७१०००	२००००००	२००००००
४	बैठक भत्ता	१३०००००	११४४०००	१४०००००	१२६३०००	७०००००	३४८०००
५	पत्रपत्रिकाछपाई सूचना प्रकाशन खर्च	४००००००	३९८४०००	३५०००००	३५९२०००	३००००००	२७०१०००
६	भ्रमण खर्च	४५०००००	४२८७०००	३००००००	२९८९०००	४००००००	२९५४०००
७	मसलन्द तथाकार्यालय सामाग्री खर्च	६००००००	५९९००००	६००००००	६००००००	४५०००००	४५०००००
	जम्मा	३५८०००००	३५३९००००	३५२०००००	३४७३९०००	३०७०००००	२८४०३६९०

बेरूजु दफा ४७ सँग सम्बन्धित विवरण - अनुसूची -५

क.सं.	धरौटी जम्मा गर्ने	रकम	प्रयोजन	
१	अमल निर्माण सेवा	६३०००	निर्माण कार्य	
२	अंशुमन - अन्सुबी जे. भी.	४१५७८५	पुल निर्माण	
३	अंशुमन एण्ड एसोसिएट्स प्रा.लि.	११५३०००	झोलुङ्गे पुल निर्माण	
४	आनन्द कन्स्ट्रक्सन	१८५०००	निर्माण कार्य	
५	आर.बि.एल. निर्माण सेवा	१२७५००	निर्माण कार्य	
६	आर्यन कन्स्ट्रक्सन मल्टिपर्पोज	५३०००	निर्माण कार्य	
७	आरोहन ईन्जिनियरिङ्ग कन्सल्टेन्सी	१७४००	सामान आपुर्ति	
८	उपमन्यु निर्माण सेवा	३८५००	निर्माण कार्य	
९	एच.एन. निर्माण सेवा	११००००	एल्मुनियम पार्टेशन	
१०	एस्. के. आर. एस्. कन्सल्टयान्टस प्रा.लि.	२५०००	झोलुङ्गे पुल डिपिआर	
११	के.एन.एस. दाहाल निर्माण सेवा	२०९०००	नाला निर्माण	
१२	कन्काइ निर्माण सेवा	१३९०००	सडक कालोपत्रे	
१३	कृष्ण निर्माण सेवा	२०६००	बाटो मर्मत	
१४	कार्तिक निर्माण सेवा	३६८५७१	नाला निर्माण	
१५	गृजेश कन्सट्रक्सन	६००००	पार्किङ शुल्क	
१६	ग्लोवल कन्स्ट्रक्सन	५५००	नदि नियन्त्रण कार्य	
१७	चन्द्र सुर्य कन्स्ट्रक्सन	१०२५००	इन्टरलक ब्लक तथा पार्टेशन	
१८	चुरिया विल्डर्स	८२००	निर्माण कार्य	
१९	चौधरी कन्स्ट्रक्सन	२६५०००	विविध निर्माण कार्य	
२०	जमीर कन्स्ट्रक्सन	६५०००	सडक मर्मत	
२१	जियो इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.	६५७५०	DGRS जडान	
२२	डि.आर. कन्स्ट्रक्सन	३७८६१	सहकारीको सकलन केन्द्र	
२३	तिम्सिना निर्माण सेवा	४८५००	भवन ट्रस निर्माण	
२४	दियालो निर्माण सेवा	२१५००	निर्माण कार्य	
२५	धार्के कन्स्ट्रक्सन प्रा.लि.	४३०००	सडक कालोपत्रे	
२६	नबिता एण्ड लोप्चन कन्स्ट्रक्सन प्रा.लि.	२१०००	मन्दिर रंगरोगन	
२७	न्यु चुरिया निर्माण सेवा	५०२०००	जोगीदह रिगरोड	
२८	नारायण निर्माण सेवा	९०००	सडक बत्ती	

२९	निरौला एण्ड सन्स सरोवर कन्सट्रक्सन	१७५००	निर्माण कार्य	
३०	प्रियंशी कन्स्ट्रक्सन	१२०००		
३१	पवन कन्स्रक्सन	२१५००	सडक ग्राभेल	
३२	पिपल चोक निर्माण सेवा	१३२४००	सडक ग्राभेल तथा नाला	
३३	बेदिसा निर्माण सेवा	१७८४००	निर्माण कार्य	
३४	बरुवा निर्माण सेवा	०	निर्माण कार्य	
३५	बालकी कन्स्ट्रक्सन सर्भिसेज थल्हा कटहा ९	१४३४०९	निर्माण कार्य	
३६	बि.जी. राष्ट्र निर्माण सेवा	६८००	सुरक्षावास कम्पाउण्ड वाल	
३७	भिष्म निर्माण सेवा	२१२५००	विविध निर्माण कार्य	
३८	ममता निर्माण सेवा	१७६५००	निर्माण कार्य	
३९	मुर्ती कन्सट्रक्सन	१७०००	निर्माण कार्य	
४०	मोनिका निर्माण सेवा	६२५००	९ नं. वडा हल निर्माण	
४१	रुकमणि निर्माण सेवा	१३०००	जिल्ला प्रहरीमा मन्दिर निर्माण	
४२	रेश्मा डिप बोरिङ्ग ट्वेल उद्योग	३४५००	डिपवोरिङ कार्य	
४३	राजु निर्माण सेवा	३८५००	डम्पिङ साइट घेराबेरा	
४४	शिव पार्वती संकल्प कन्स्ट्रक्सन प्रा.लि.	२१३६९	विद्युत पोल निर्माण	
४५	शिव मन्त्र निर्माण सेवा	२६०००	कवर्ड हल वाल निर्माण	
४६	शिवाजी कन्स्ट्रक्सन	१००००	पोल तार विस्तार	
४७	शौभाग्य निर्माण सेवा	१९०५००	निर्माण कार्य	
४८	सगरमाथा कन्स्ट्रक्सन	२५६००	१ नं. वडा तल्ला थप	
४९	सुनकोशी निर्माण सेवा	४७८५००	सडक स्तरोन्नती	
५०	सुप्रिया कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	११५०००	नाली तथा ग्राभेल	
५१	सविना निर्माण सेवा	२४०२१	सडक खाल्टो पुर्ने र मर्मत	
५२	सुसान्त कन्स्ट्रक्सन	१९६५००	विविध निर्माण कार्य	
५३	सोहन कन्ट्रक्सन	५८९२८	विद्युतीय सामान खरिद	
५४	हाउस अफ इन्जिनियरिङ्ग एनलाइसिस एण्ड डिजाइन कन्सल्टेन्सि प्रा. लि.	८६०००	लालपत्ता खोला पक्कि पुल DPR	
५५	ॐ निर्माण सेवा	११७०००	विविध निर्माण कार्य	
५६	अकृति एडभरटाईजिङ्ग	६००५०		
५७	अम्बिका । लक्ष्मी जे.भि.	२१०००		

५८	इन्जिनियरिङ्ग एण्ड एजुकेशनल सर्भिसेज	२१२२५		
५९	इन्फोटेक सप्लायर्स एण्ड ट्रेडर्स	१३३५००	सामान आपुर्ति	
६०	उषा इन्टरप्राईजेज	२९००००	सवारी साधन खरिद	
६१	उषा ट्रेड इन्टरनेसनल	२४५००	सडक बत्ती	
६२	एल एण्ड एस इन्फोसिस	४२६००	विद्युतीय सामान खरिद	
६३	एल.बि.मल्टिप्रपोज कम्पनि प्रा. लि.	१५८०००	ग्याविन बक्स खरिद	
६४	गंगालक्ष्मी निर्माण सेवा	२१५००	निर्माण कार्य	
६५	गुडविल इन्जिनियरिङ्ग सलुसन प्रा.लि.	२१२६०		
६६	जगदिश इलेक्ट्रोनिक्स	१४१४३	सामान आपुर्ति	
६७	जय हनुमान आदर्श निर्माण सेवा	१०१५००	स्वास्थ्य भवन निर्माण	
६८	जि. फोर्स ईन्जिनियरिङ सोलुसन्स प्रा. लि.	२१५००	डिपिआर	
६९	जिनर टेक्नोलोजीज प्रा.लि.	१०१५००	विभिन्न सामान खरिद	
७०	टि.एन. इन्टरनेशनल प्रा.लि.	८३२८२	विभिन्न सामान खरिद	
७१	थ्रेसहोल्ड इन्जिनियरिङ्ग सलुसन प्रा.लि.	२२०२७		
७२	दिसी कन्ट्रक्सन	४३०००	निर्माण कार्य	
७३	दिप्सा हार्डवेयर एण्ड सप्लायर्स	१६६९८	सामान आपुर्ति	
७४	दिव्यन सप्लायर्स एण्ड ट्रेडर्स	९०००	सडक बत्ती विस्तार	
७५	धरान मूर्तिकला घर	११५२२	सामान आपुर्ति	
७६	प्यारागन इन्जिनियरिङ्ग कन्सलटेन्सी एण्ड रिसर्च सेन्टर प्रा.लि.	६७०००	सामान आपुर्ति	
७७	प्रचित कन्स्ट्रक्सन	८६००	निर्माण कार्य	
७८	प्रिशा ईन्टरप्राइजेज प्रा.लि.	६२९६१	सडक बत्ती खरिद	
७९	प्रोडेस्क् इन्जिनियरिङ् इन्क प्रा.लि.	१०१०२५	डम्पिङ साइट DPR	
८०	फेव नेपाल प्रा. ली.	६५०००	सामान आपुर्ति	
८१	भुश्नाम्छा कन्स्ट्रक्सन	७५९९८	विविध निर्माण कार्य	
८२	मझेरी कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	२४५००	सडक बत्ती तार विस्तार	
८३	मनास्लु इनर्जी प्रा.लि.	५६०००		
८४	यु.के.एस. इन्जिनियरिङ्ग कन्सट्रकसन	२४०००	सडक बत्ती विस्तार	
८५	युनिभर्सल हियुमपाइप एण्ड कंक्रिट पोल्स इण्डस्ट्रिज	८६००	ह्युमपाइप खरिद	
८६	राधा ईन्टरप्राइजेज	१०५०००	सामान आपुर्ति	

८७	रोजन आर्ट स्टुडियो प्रा.लि.	४८५००	मुर्ति निर्माण	
८८	लिखु ट्रेड कन्सर्न	१४०००	बाल विकास सामान खरिद	
८९	लिला सप्लायर्स	२०६६४	सडक बत्ती विस्तार	
९०	श्रेष्ठ इलेक्ट्रोनिक सप	६३४१०	सडक बत्ती विस्तार	
९१	शिवशक्ति निर्माण सेवा	२२०००	विद्युत विस्तार कार्य	
९२	सत्य इञ्जिनियरिङ्ग कन्सल्टेन्सी	२२०००	मेयर्स पार्क DPR	
९३	सेन्टर फर सस्टेनेवल डेभलपमेन्ट स्टडिज प्रा. लि.	१९९२०		
९४	सेफ स्टिल्स प्रा.लि.	१०३५००	झो.पु निर्माण कार्य	
९५	साङगसोन इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.	१५०००	झो.पु सर्भे डिजाइन कार्य	
९६	सिद्धबाबा कृर्षि उद्योग	२११८०		
९७	सोहन इलेक्ट्रीकल एण्ड सप्लायर्स	३५३०		
९८	हिम शिखर सप्लायर्स एण्ड ट्रेडर्स	१०५०००	सामान आपुर्ति	
९९	ॐ सप्लायर्स	१८५८८	सडक बत्ती सामाग्री खरिद	
१००	गोपाल नारायण चौधरी	२५२५०	स्थानीय कर	
१०१	ज्ञान बहादुर राउत	९०००	स्थानीय कर	
१०२	ज्ञान वहादुर तामाङ्ग	९०००	स्थानीय कर	
१०३	तारा बहादुर वोगटी	९६०००	रासन ठेक्का	
१०४	पदम खड्का	१००००	स्थानीय कर	
१०५	मदन शाह	२७०००	घरभाडा	
१०६	मनोज राइ	२०५००	विज्ञापन कर	
१०७	महेश प्रसाद रेग्मी	१२३००	घरभाडा	
१०८	रमेश चौधरी	७६१९	देउरी जलजले हटिया	
१०९	विजया कुमारी चौधरी	१२३००	घरभाडा	
११०	सानुराम कार्की	१४६००	स्थानीय कर	
जम्मा		९१३३४४६		

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।